गुराँस गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रानीमत्ता, दैलेख
कर्णाली प्रदेश नेपाल
२०७३

सभाको १८औं अधिवेशनको बैठक संख्या: १

बैठक मिति: २०८१/०३/०२ गते

आज मिति २०८१ साल असार २ गते मंगलवारका दिन ११:०० बजे गुराँस गाउँपालिका गाउँ सभाको १८औं अधिवेशनको पहिलो बैठक गाउँपालिका अध्यक्ष श्री टोप बहादुर वि.सी. ज्यू को अध्यक्षतामा तपसिल बमोजिमका सभा सदस्यहरुको उपस्थितिमा संचालन गरीयो ।

तपसिल

| [illegible] | नाम थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| [illegible] | श्री टोपबहादुर वि.सी. | गाउँपालिका अध्यक्ष | [illegible] | |
| [illegible] | श्री दिपा कुमारी खड्का | गाउँपालिका उपाध्यक्ष | [illegible] | |
| [illegible] | श्री धर्म बहादुर रावल | वडा अध्यक्ष, वडा नं. १ | [illegible] रावल | |
| [illegible] | श्री शेर बहादुर रावल | वडा अध्यक्ष, वडा नं. २ | [illegible] | |
| [illegible] | श्री केशीराम शर्मा | वडा अध्यक्ष, वडा नं. ३ | [illegible] | |
| ६ | श्री खड्क बहादुर शाही | वडा अध्यक्ष, वडा नं. ४ | [illegible] | |
| [illegible] | श्री भुपेन्द्र बहादुर चन्द | वडा अध्यक्ष, वडा नं. ५ | [illegible] | |
| ८ | श्री चन्द्र बहादुर राना | वडा अध्यक्ष, वडा नं. ६ | [illegible] | |
| ९ | श्री नन्द बहादुर वि.वी. | वडा अध्यक्ष, वडा नं. ७, | [illegible] | |
| [illegible] | श्री दिपेन्द्र वली | वडा अध्यक्ष, वडा नं. ८ | [illegible] | |
| [illegible] | श्री अमृता कुमारी वि.सी. | कार्यपालिका सदस्य | [illegible] | |
| [illegible] | श्री विर्मा वि.क. | कार्यपालिका सदस्य | Binmaf | |
| [illegible] | श्री पार्फी वि.क. | कार्यपालिका सदस्य | पर्फा | |
| [illegible] | श्री भुमिसरा वली | कार्यपालिका सदस्य | भुमी | |
| [illegible] | श्री कुलविर वि.क. | कार्यपालिका सदस्य | [illegible] | |
| [illegible] | श्री सम्झना कुमारी कुंवर | कार्यपालिका सदस्य | सम्झना | |
| [illegible] | श्री मन कुमारी रावत | वडा नं. १, गाउसभा सदस्य | मन | |
| [illegible] | श्री हरिकला कामी | वडा नं. १, गाउसभा सदस्य | हरीकला | |
| [illegible] | श्री नरोत्तम खड्का | वडा नं. १, गाउसभा सदस्य | [illegible] | |
| [illegible] | श्री दान बहादुर दर्लामी मगर | वडा नं. १, गाउसभा सदस्य | [illegible] | |
| [illegible] | श्री रामशिला वि.क. | वडा नं. २, गाउसभा सदस्य | [illegible] | |
| [illegible] | श्री टेक बहादुर नेपाली | वडा नं. २, गाउसभा सदस्य | [illegible] | |
| [illegible] | श्री महाविर कुंवर | वडा नं. २, गाउसभा सदस्य | | |
| [illegible] | श्री सोमती कामी | वडा नं. २, गाउसभा सदस्य | सोमती | |

क्रमश...

गुराँस गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रानीमत्ता, दैलेख
कर्णाली प्रदेश नेपाल
२०७३

| क्र.स. | नाम थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| २७ | श्री सुरेन्द्र बहादुर वि.क. | वडा नं.३, गाउँसभा सदस्य | | |
| २८ | श्री गोमा चन्द शाही | वडा नं.४, गाउँसभा सदस्य | | |
| २९ | श्री गौरी वि.क. | वडा नं.४, गाउँसभा सदस्य | | |
| ३०. | श्री नगेन्द्र प्रसाद लामिछाने | वडा नं.४, गाउँसभा सदस्य | | |
| ३१. | श्री सुरेन्द्र बहादुर वली | वडा नं.४, गाउँसभा सदस्य | | |
| ३२. | श्री ललिता वि.क. | वडा नं.५, गाउँसभा सदस्य | | |
| ३३. | श्री डम्बर चन्द | वडा नं.५, गाउँसभा सदस्य | | |
| ३४ | श्री डम्बर थापा मगर | वडा नं.५, गाउँसभा सदस्य | | |
| ३५ | श्री भक्त बहादुर राना | वडा नं.६, गाउँसभा सदस्य | | |
| ३६. | श्री गोपाल बुढा | वडा नं.६, गाउँसभा सदस्य | | |
| ३७ | श्री प्रेम बहादुर बुढा | वडा नं.७, गाउँसभा सदस्य | | |
| ३८ | श्री लक्ष्मण कुमार थापा | वडा नं.७, गाउँसभा सदस्य | | |
| ३९ | श्री मन्दिरा कामी | वडा नं.७, गाउँसभा सदस्य | | |
| ४० | श्री धाम बहादुर खत्री | वडा नं.८, गाउँसभा सदस्य | | |
| ४१ | श्री महेश खत्री | वडा नं.८, गाउँसभा सदस्य | | |
| ४२ | श्री विष्णु बस्नेत | वडा नं.८, गाउँसभा सदस्य | | |
| ४३ | श्री लक्ष्मी वि.क. | वडा नं.८, गाउँसभा सदस्य | | |
| ४४ | श्री ओम प्रकाश देवकोटा | प्रमुख प्रशासकिय अधिकृत | | |

सचिवालय कर्मचारीहरु

१. श्री भुपेन्द्र भण्डारी - अधिकृत आठौं शिक्षा
२. श्री दिपक के.सी. - लेखा अधिकृत सातौं
३. श्री भरत प्रकाश मल्ल - अधिकृत सातौं
४. श्री नमिता कुमारी शर्मा - अधिकृत छैठौं
५. श्री खेमराज उपाध्याय - सहायक पाँचौं
६. श्री पुजा रिजाल - सहायक पाँचौं
७. श्री पूर्ण बहादुर वली - सचिवालय सहायक,

बैठक मिति २०८३ साल असार १० गते बुधवार

आज मिति २०८३ साल असार १० गते बुधवारका दिन ११.०० बजे गुराँस गाउपालिका गाँउसभाको १८औँ अधिवेशनको दोस्रो बैठक गुराँस गाउपालिका अध्यक्ष श्री शेर बहादुर बि.सी.ज्यूको अध्यक्षतामा तपसिल बमोजिमका सभा सदस्यज्यूहरुको उपस्थितिमा संचालन गरियो।

विशेष वक्ता प्रमुख अतिथि यातायात राज जोशी कर्णाली प्रदेश प्रमुख

विशेष वक्ता अतिथि मातातिय मिताल सिंह रावल राष्ट्रिय सभा सदस्य

तपसिल

| क्र.स. | नाम | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | श्री शेर बहादुर बि.सी. | गाउपालिका अध्यक्ष | [signature] | |
| २. | श्री शिला कुमारी खड्का | गाउपालिका उपाध्यक्ष | [signature] | |
| ३. | श्री धर्म बहादुर रावल | वडा अध्यक्ष वडा नं. १. | [signature] | |
| ४. | श्री शेर बहादुर रावल | वडा अध्यक्ष वडा नं. २. | [signature] | |
| ५. | श्री काशीराम शर्मा | वडा अध्यक्ष वडा नं. ३. | [signature] | |
| ६. | श्री खड्क बहादुर शाही | वडा अध्यक्ष वडा नं. ४. | [signature] | |
| ७. | श्री भुपेन्द्र बहादुर चन्द | वडा अध्यक्ष वडा नं. ५. | [signature] | |
| ८. | श्री चन्द्र बहादुर राना | वडा अध्यक्ष वडा नं. ६. | च. रा. | |
| ९. | श्री नन्द बहादुर बि.सी. | वडा अध्यक्ष वडा नं. ७. | [signature] | |
| १० | श्री दिपेन्द्र वली | वडा अध्यक्ष वडा नं. ८. | [signature] | |
| ११. | श्री अमृता कुमारी बि.सी. | कार्यपालिका सदस्य | [signature] | |
| १२. | श्री बिर्मा वि.क. | कार्यपालिका सदस्य | Binmaf | |
| १३. | श्री पम्फा वि.क. | कार्यपालिका सदस्य | पम्फा | |
| १४ | श्री भुमिसरा वली | कार्यपालिका सदस्य | भुमी | |
| १५. | श्री कुलविर वि.क. | कार्यपालिका सदस्य | [signature] | |
| १६. | श्री सम्झना कुमारी बुढा | कार्यपालिका सदस्य | [signature] | |
| १७. | श्री मन कुमारी रावल | वडा नं. १ गाउँसभा सदस्य | मन | |
| १८ | श्री हरिकला कामी | वडा नं. १ गाउँसभा सदस्य | हरीकला | |
| १९. | श्री नरोत्तम खड्का | वडा नं. १ गाउँसभा सदस्य | [signature] | |
| २०. | श्री दान बहादुर दल्लमी मगर | वडा नं. १ गाउँसभा सदस्य | [signature] | |
| २१. | श्री रामशिला वि.क. | वडा नं. २ गाउँसभा सदस्य | [signature] | |
| २२ | श्री टेक बहादुर नेपाली | वडा नं. २ गाउँसभा सदस्य | [signature] | |
| २३. | श्री महाविर बुढा | वडा नं. २ गाउँसभा सदस्य | | |
| २४. | श्री सोमती कामी | वडा नं. २ गाउँसभा सदस्य | सोमती | |
| २५ | श्री पार्वती वि.क. | वडा नं. ३ [illegible] सदस्य | पार्वती | |
| २६ | श्री अम्बर बहादुर सारुमगर | वडा नं. ३ गाउसभा सदस्य | [signature] | |

| क्र.सं | नाम थर | प्रतिनिधित्व पद | दस्तखत |
|---|---|---|---|
| २६ | श्री अमर बहादुर रोका मगर | वडा नं. ३ सभा सदस्य | |
| २७ | श्री सुरेन्द्र बहादुर वि.क | वडा नं ४ सभा सदस्य | |
| २८ | श्री गोमा शाही चन्द | वडा नं. ४ सभा सदस्य | |
| २९ | श्री गोठे वि.क. | वडा नं. ४ सभा सदस्य | |
| ३० | श्री नगेन्द्र प्रसाद लामिछाने | वडा नं. ४ सभा सदस्य | |
| ३१ | श्री सुरेन्द्र बहादुर वली | वडा नं ४ सभा सदस्य | |
| ३२ | श्री ललिता वि.क. | वडा नं. ५ सभा सदस्य | |
| ३३ | श्री डम्बर बहादुर चन्द | वडा नं ५ सभा सदस्य | |
| ३४ | श्री डम्बर बहादुर थापा मगर | वडा नं ५ सभा सदस्य | |
| ३५ | श्री भक्त बहादुर राना | वडा नं ६ सभा सदस्य | |
| ३६ | श्री गोपाल बुढा | वडा नं. ६ सभा सदस्य | |
| ३७ | श्री प्रेम बहादुर कुवर | वडा नं. ६ सभा सदस्य | |
| ३८ | श्री लक्ष्मण कुमार थापा | वडा नं. ७ सभा सदस्य | |
| ३९ | श्री मन्दिरा कामी | वडा नं ७ सभा सदस्य | |
| ४० | श्री श्याम बहादुर खत्री | वडा नं. ८ सभा सदस्य | |
| ४१ | श्री विरेन्द्र बस्नेत | वडा सदस्य ८ सभा सदस्य | |
| ४२ | श्री महेश खत्री | वडा नं ८ सभा सदस्य | |
| ४३ | श्री लक्ष्मी वि.क. | वडा नं. ८ सभा सदस्य | |
| ४४ | ओम प्रकाश देवकोटा | प्र.प्र.अ. | |

सहयोगी कर्मचारीहरु

श्री भुपेन्द्र भण्डारी — सचिवालय सदस्य
श्री मदन प्रकाश मल्ल — ,, —
श्री दिपक के.सी — ,, —
श्री खेमराज उपाध्याय — ,, —

बैठक मिति २०८२ साल असार ३१ गते बुधबार

आज मिति २०८२ साल असार ३१ गतेका दिन ११:०० बजे गुराँस गाउँपालिका गाउँसभाको १२ औं अधिवेशनको तेस्रो बैठक गुराँस गाउँपालिका अध्यक्ष श्री टोप बहादुर वि.सी ज्यू को अध्यक्षतामा तपसिल बमोजिमका सदस्य ज्यूहरुको उपस्थितिमा संचालन गरीयो ।

(आमन्त्रित) विशेष वक्ता प्रमुख अतिथि मा. विनोद शाह कर्णाली प्रदेश भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय सुर्खेत

तपसिल

| क्र.स. | नाम | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १, | श्री टोप बहादुर वि.सी. | गाउँपालिका अध्यक्ष | | |
| २ | श्री शिवा कुमारी खड्का | गाउँपालिका उपाध्यक्ष | | |
| ३, | श्री स्वर्ण बहादुर रावल | वडा अध्यक्ष वडा नं १ | | |
| ४, | श्री शेर बहादुर रावल | वडा अध्यक्ष वडा नं २ | | |
| ५, | श्री काँशीराम शर्मा | वडा अध्यक्ष वडा नं ३ | | |
| ६, | श्री खड्क बहादुर शाही | वडा अध्यक्ष वडा नं ४ | | |
| ७, | श्री भुपेन्द्र बहादुर चन्द | वडा अध्यक्ष वडा नं ५ | | |
| ८, | श्री चन्द्र बहादुर राना | वडा अध्यक्ष वडा नं ६ | | |
| ९, | श्री नन्द बहादुर वि.सी | वडा अध्यक्ष वडा नं ७ | | |
| १०, | श्री जितेन्द्र वली | वडा अध्यक्ष वडा नं ८ | | |
| ११, | श्री अमृता कुमारी वि.सी. | कार्यपालिका सदस्य | | |
| १२, | श्री विर्मा वि.क. | कार्यपालिका सदस्य | Binmal | |
| १३, | श्री पम्फा वि.क | कार्यपालिका सदस्य | पम्फा | |
| १४ | श्री भुमिसरा वली | कार्यपालिका सदस्य | | |
| १५ | श्री कुलविर वि.क. | कार्यपालिका सदस्य | | |
| १६, | श्री सम्झना कुमारी बुढा | कार्यपालिका सदस्य | सम्झना | |
| १७, | श्री मन कुमारी रावत | वडा नं १ गाउँसभा सदस्य | मन | |
| १८, | श्री हरिकला कामी | वडा नं १ गाउँसभा सदस्य | हरिकला | |
| १९, | श्री नरोत्तम खड्का | वडा नं १ गाउँसभा सदस्य | | |
| २०, | श्री दान बहादुर घर्तीमगर | वडा नं १ गाउँसभा सदस्य | | |
| २१, | श्री रामशिला वि.क. | वडा नं २ गाउँसभा सदस्य | Ram | |
| २२, | श्री टेक बहादुर नेपाली | वडा नं २ गाउँसभा सदस्य | | |
| २३, | श्री महाविर बुढा | वडा नं २ गाउँसभा सदस्य | | |
| २४ | श्री खोपती कामी | वडा नं २ गाउँसभा सदस्य | | |
| २५ | श्री पार्वती विश्वकर्मा | वडा नं ३ गाउँसभा सदस्य | | |

| क्र.स | नाम | पद | उपस्थिति हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| २७. | श्री सुरेन्द्र बहादुर वि.क. | वडा नं. ३, गाउँसभा सदस्य | [illegible] | |
| २८. | श्री शोभा चन्द शाही | वडा नं. ४, गाउँसभा सदस्य | [illegible] | |
| २९. | श्री गौरी वि.क. | वडा नं. ४, गाउँसभा सदस्य | [illegible] | |
| ३०. | श्री नगेन्द्र प्रसाद लामिछाने | वडा नं. ४, गाउँसभा सदस्य | [illegible] | |
| ३१ | श्री सुरेन्द्र बहादुर वली | वडा नं. ४, गाउँसभा सदस्य | [illegible] | |
| ३२ | श्री ललिता वि.क. | वडा नं. ५, गाउँसभा सदस्य | [illegible] | |
| ३३ | श्री डम्बर चन्द | वडा नं. ५, गाउँसभा सदस्य | [illegible] | |
| ३४. | श्री डम्बर थापा मगर | वडा नं. ५, गाउँसभा सदस्य | [illegible] | |
| ३५. | श्री भक्त बहादुर राना | वडा नं. ६, गाउँसभा सदस्य | [illegible] | |
| ३६. | श्री गोपाल बुढा | वडा नं. ६, गाउँसभा सदस्य | [illegible] | |
| ३७. | श्री प्रेम बहादुर बुढा | वडा नं. ७, गाउँसभा सदस्य | [illegible] | |
| ३८. | श्री लक्ष्मण कुमार थापा | वडा नं. ७, गाउँसभा सदस्य | [illegible] | |
| ३९. | श्री मल्लिका कामी | वडा नं. ७, गाउँसभा सदस्य | [illegible] | |
| ४०. | श्री श्याम बहादुर खत्री | वडा नं. ८, गाउँसभा सदस्य | [illegible] | |
| ४१. | श्री महेश खत्री | वडा नं. ८, गाउँसभा सदस्य | [illegible] | |
| ४२. | श्री विष्णु बस्नेत | वडा नं. ८, गाउँसभा सदस्य | [illegible] | |
| ४३. | श्री लक्ष्मी वि.क. | वडा नं. ८, गाउँसभा सदस्य | [illegible] | |
| ४४. | श्री ओम प्रकाश देवकोटा | प्रमुख प्रशासकीय अधिकृत | [illegible] | |

सचिवालय कर्मचारीहरू

१. भुपेन्द्र भण्डारी - अधिकृत आठौं शिक्षा
२. दिपक के.सी. - लेखा अधिकृत सातौं
३. मदन प्रकाश मल्ल - अधिकृत सातौं
४. सुदिप अधिकारी - अधिकृत छैटौं
५. खेमराज उपाध्याय - प्रशासन सहायक

## गुराँस गाउँसभा

### गाउँ सभाको १८औं अधिवेशन

बैठक संख्या नं. १ | स्थानः गाउँपालिका भवन | मितिः २०८३/०३/०२ गते

**प्रस्तावहरुः**

१. पूर्व निर्णयहरुको समीक्षा सम्बन्धमा ।
२. आर्थिक वर्ष २०८३।०८४ को नीति तथा कार्यक्रमको स्वीकृत सम्बन्धमा ।
३. राजश्व परामर्श समितिको प्रतिवेदन अनुमोदन सम्बन्धमा ।
४. न्यायिक समितिको प्रतिवेदन अनुमोदन सम्बन्धमा ।
५. अर्थ तथा सार्वजनिक लेखा समितिको प्रतिवेदन अनुमोदन सम्बन्धमा ।
६. विधायन समितिको प्रतिवेदन अनुमोदन सम्बन्धमा ।
७. सुशासन तथा स्थानीय सेवा समितिको प्रतिवेदन अनुमोदन सम्बन्धमा ।
८. सामाजिक समितिको प्रतिवेदन अनुमोदन सम्बन्धमा ।
९. कृषि, पर्यटन, पूर्वाधार तथा प्राकृतिक श्रोत समितिको प्रतिवेदन अनुमोदन सम्बन्धमा ।
१०. गाउँ सभामा रहने समितिहरुको पुर्नगठन सम्बन्धमा ।
११. स्थानीय पूर्वाधार सहयोग कार्यक्रमसंगको साझेदारीमा सञ्चालित योजनाको ठेक्का सम्झौता पश्चात बचत रकमबाट थप योजना निर्माण सम्बन्धमा ।

टोप बहादुर बि.सी.
अध्यक्ष

**निर्णय नं. १**

यस गुराँस गाउँपालिकाको गाउँ सभाको १७औं अधिवेशनमा भएका निर्णयहरुको कार्यान्वयन अवस्थाका बारेमा समीक्षा गरियो ।

**निर्णय नं. २**

गाउँ कार्यपालिकाको ६४ औं बैठकले अनुमोदन गरी गाउँ सभाको १८औं अधिवेशनमा सभाध्यक्ष एवं गाउँपालिका अध्यक्ष श्री टोप बहादुर बि. सी.ले पेश गर्नु भएको अनुसूची १ बमोजिमको आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

यस गाउँपालिकाका उपाध्यक्ष तथा राजश्व परामर्श समितिका संयोजक श्री शिवा कुमारी खड्काले पेश गर्नु भएको अनुसूची २ बमोजिमको आ. व. ०८२/८३ को राजश्व परामर्श समितिको प्रतिवेदन छलफल पश्चात प्राप्त सुझावहरु समावेश गरी स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

यस गाउँपालिकाका उपाध्यक्ष तथा न्यायिक समितिका संयोजक श्री शिवा कुमारी खड्काले पेश गर्नु भएको अनुसूची ३ बमोजिमको आ. व. २०८२/८३ को न्यायिक समितिको प्रतिवेदन छलफल पश्चात प्राप्त सुझावहरु समावेश गरी स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

यस गाउँपालिका वडा नं ५ का वडा अध्यक्ष एवं अर्थ तथा सार्वजनिक लेखा समितिका संयोजक श्री भुपेन्द्र बहादुर चन्दले पेश गर्नु भएको अनुसूची ४ बमोजिमको आ. व. ०८२/८३ को अर्थ तथा सार्वजनिक लेखा समितिको प्रतिवेदन छलफल पश्चात प्राप्त सुझावहरु समावेश गरी स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

यस गाउँपालिका वडा नं ७ का वडा अध्यक्ष एवं विधायन समितिका संयोजक श्री नन्द बहादुर बि. सी.ले पेश गर्नु भएको अनुसूची ५ बमोजिमको आ. व. ०८२/८३ को विधायन समितिको प्रतिवेदन छलफल पश्चात प्राप्त सुझावहरु समावेश गरी स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

यस गाउँपालिका वडा नं ८ का वडा अध्यक्ष एवं सुशासन तथा स्थानीय सेवा समितिका संयोजक श्री दीपेन्द्र वलीले पेश गर्नु भएको अनुसूची ६ बमोजिमको आ. व. ०८२/८३ को सुशासन तथा स्थानीय सेवा समितिको प्रतिवेदन छलफल पश्चात प्राप्त सुझावहरु समावेश गरी स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

यस गाउँपालिका वडा नं ३ का वडा अध्यक्ष एवं सामाजिक समितिका संयोजक श्री कुशीराम शर्माले पेश गर्नु भएको अनुसूची ७ बमोजिमको आ. व. ०८२/८३ को सामाजिक समितिको प्रतिवेदन अनुमोदन गरी गाउँ सभाको १७ औं अधिवेशनको बैठकमा पेश गर्ने निर्णय गरियो ।

टोप बहादुर बि.सी.

**निर्णय नं. ९**

यस गाउँपालिका वडा नं ६ का वडा अध्यक्ष एवं कृषि, पर्यटन, पूर्वाधार तथा प्राकृतिक श्रोत समितिका संयोजक श्री चन्द्र बहादुर रानाले पेश गर्नु भएको अनुसूची ८ बमोजिमको आ. व. ०८२/८३ को कृषि, पर्यटन, पूर्वाधार तथा प्राकृतिक श्रोत समितिको प्रतिवेदन छलफल पश्चात प्राप्त सुझावहरु समावेश गरी स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

गाउँपालिकाको कामकारवाही, सेवा प्रवाह, विकास निर्माण, कानून निर्माण, बेरुजु नियन्त्रणका लागि कर्णाली प्रदेश गाउँ सभा र नगर सभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा ३६ अनुसार तपसीलका समितिहरु पुर्नगठन गर्ने निर्णय गरियो ।

**(क) अर्थ तथा सार्वजनिक लेखा समिति**

| | |
|---|---|
| १. वार्ड नं. २ का सदस्य श्री रामशीला वि क | संयोजक |
| २. वार्ड नं. ८ का सदस्य श्री थाम बहादुर खत्री | सदस्य |
| ३. वार्ड नं. ८ का सदस्य श्री लक्ष्मी वि क | सदस्य |
| ४. वार्ड नं. ५ का सदस्य श्री डम्बर बहादुर चन्द | सदस्य |
| ५. वार्ड नं. ४ का सदस्य श्री गोमा चन्द शाही | सदस्य |

**(ख) विधायन समिति**

| | |
|---|---|
| १. वार्ड नं. ७ का अध्यक्ष श्री नन्द बहादुर बि सी | संयोजक |
| २. वार्ड नं. का सदस्य श्री डम्बर बहादुर थापा मगर | सदस्य |
| ३. वार्ड नं. ६ का सदस्य श्री भक्त बहादुर राना | सदस्य |
| ४. वार्ड नं. ४ का सदस्य श्री गौरा वि क | सदस्य |
| ५. वार्ड नं. ५ का सदस्य श्री ललिता वि क | सदस्य |

**(ग) सामाजिक समिति**

| | |
|---|---|
| १. वार्ड नं ३ का सदस्य श्री पार्वती वि क | संयोजक |
| २. वार्ड नं ६ का सदस्य श्री गोपाल बुढा | सदस्य |
| ३. वार्ड नं ३ का सदस्य अमर बहादुर सारु मगर | सदस्य |
| ४. वार्ड नं २ का सदस्य सोमती कामी | सदस्य |
| ५. वार्ड नं २ का सदस्य टेक बहादुर नेपाली | सदस्य |

**(घ) सुशासन तथा स्थानीय सेवा समिति**

| | |
|---|---|
| १. वार्ड नं. ४ का सदस्य श्री सुरेन्द्र बहादुर वली | संयोजक |
| २. वार्ड नं. १ का सदस्य श्री मन कुमारी रावत | सदस्य |
| ३. वार्ड नं. २ का सदस्य श्री महावीर बुढा | सदस्य |
| ४. वार्ड नं. ८ का सदस्य श्री विष्णु बस्नेत | सदस्य |
| ५. वार्ड नं. १ का सदस्य श्री दान बहादुर दर्लामी | सदस्य |

**(ङ) कृषि, पर्यटन, पूर्वाधार तथा प्राकृतिक श्रोत समिति**

| | |
|---|---|
| १. वार्ड नं. ८ का सदस्य श्री महेश खत्री | संयोजक |
| २. वार्ड नं. ७ का सदस्य श्री लक्ष्मण कुमार थापा | सदस्य |



दीप बहादुर वि.सी.
अध्यक्ष

३. वार्ड नं. ७ का सदस्य श्री प्रेम बहादुर बुढा — सदस्य
४. वार्ड नं. ७ का सदस्य श्री मन्दिरा कामी — सदस्य
५. वार्ड नं. ३ का सदस्य श्री सुरेन्द्र बहादुर वि क — सदस्य

**निर्णय नं. ११**

चालु आर्थिक वर्ष २०८२/८३ मा यस गाउँपालिका र स्थानीय पूर्वाधार सहयोग कार्यक्रमको साझेदारीमा सञ्चालित योजनाहरुको बोलपत्र आव्हान र सम्झौता भई कार्यान्वयन पश्चात बचत हुन आउने बजेटबाट तपसीलका योजनाहरु सञ्चालन गर्ने भनी मिति २०८३/०१/०४ गते बसेको कार्यपालिका बैठकले गरेको निर्णयलाई अनुमोदन गर्नुका साथै फिल्डस्तरमा भएको कामको प्रगतिका सम्बन्धमा सम्बन्धित वडाध्यक्षहरुले प्रस्तुत गर्नु भएको संक्षिप्त प्रगति समीक्षा अनुसार स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) टिमलाई आभार प्रकट गर्ने निर्णय गरियो।

| क्र. सं. | योजनाको नाम | सञ्चालित क्षेत्र | लागत रकम रु. | गाउँपालिका साझेदारी | कैफियत |
|---|---|---|---|---|---|
| १ | धरमपोखरा-मुकुटक-काफलमेला सडक पुनर्उत्थान तथा मर्मत | वार्ड नं ८ | ३४ लाख | ६.९७ लाख | |
| २ | भ्यूचुला-बगौरा सडक पुनर्उत्थान तथा मर्मत | वार्ड नं ६ | ४० लाख | ९.४२ लाख | |

टोप बहादुर बि.सी.
अध्यक्ष

अनुसूची १

# आर्थिक वर्ष २०८३/०८४ को
# नीति तथा कार्यक्रम

गुराँस गाउँपालिका, दैलेख
कर्णाली प्रदेश
२०८३/०३/०२

**गाउँ सभाको १८औं अधिवेशनमा उपस्थित आदरणीय सभा सदस्य ज्यूहरु,**
**सभा अवलोकन दिर्घामा रहेका आमन्त्रित महानुभावहरू र राष्ट्रसेवक कर्मचारीहरु।**

नेपालको संविधान २०७२ अनुसार नेपाल स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्मनिरपेक्ष, समावेशी लोकतन्त्रात्मक, समाजवाद उन्मुख, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यको रुपमा स्वर्णिम अक्षरमा संविधानको दस्तोवजमा राखिए पश्चात समग्र राज्य संघीयताको कार्यान्वयनको पूर्व चरण पार गर्न लागेको अवस्था छ । राज्यका निर्देशक सिद्धान्तहरु, अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा गरेका ऐक्यवद्धता, दीगो विकासका लक्ष्य प्राप्तीको लागि राष्ट्रले तयार पारेका दीर्घकालीन सोच रणनीति र कार्ययोजना सहित गुराँस गाउँपालिकाले सोही बमोजिम तयार पारेको ***"सुख, समृद्धिका लागि शासकीय सुधारः हातेमालो गरी फेरौं गुराँसको मुहार"*** भन्ने नाराको मूल मर्म अनुसार सुखी र समृद्ध गुराँसबासीको जीवनयापन भन्ने मुल उदेश्य तथा सामाजिक न्यायको सिद्धान्तलाई आत्मसाथ गर्दै सामाजिक, आर्थिक, वातावरणीय र सुशासनमा व्यापक सकारात्मक सुधार सहितको समाजवाद उन्मुख अर्थ व्यवस्थालाई व्यवहारिक रुपमा कार्यान्वयन गर्ने दिशातिर लम्किरहेको गुराँस सरकारको १८औं अधिवेशनमा आ.व. २०८३।०८४ को नीति तथा कार्यक्रम यस सम्मानित सभामा प्रस्तुत गर्न पाउँदा गौरवान्वित महसुश गरेको छु । यस अवसरमा गुराँस सरकारसंगै हातेमालो गर्न सहकार्य] सम्पूर्ण गुराँसबासी आमाबुवा, दाजुभाई, दिदीबहिनी तथा आम नागरिकहरुमा हार्दिक सम्मान सहित धन्यवाद प्रकट गर्न चाहन्छु ।
यस सुखद अवसरको खातिर देशको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता, स्वाभिमान र समाजवाद उन्मुख संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापना गर्न इतिहासका विभिन्न कालखण्डमा भएका राजनीतिक आन्दोलनहरु, सशस्त्र द्वन्द, गत भाद्र २३/२४ को नवयुवा आन्दोलनमा जीवन उत्सर्ग प्रातः स्मरणीय ज्ञातअज्ञात वीर शहिद एवं सपूतहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै, अधिकार प्राप्तिका विभिन्न आन्दोलनका क्रममा घाइते अपाङ्ग र वेपत्ता भएका व्यक्तिहरु, ज्यानको प्रवाह नगरी कर्णाली प्रदेश प्राप्तिको आन्दोलनमा सहभागी भई महत्वपूर्ण योगदान पुऱ्याउनुहुने वीर योद्धाप्रति समेत उच्च सम्मान र घाईते व्यक्तित्त्वहरुको शीघ्र स्वास्थ्य लाभको कामना व्यक्त गर्न चाहन्छु ।

**आदरणीय गाउँ सभाका सदस्य ज्यूहरु,**

गुराँसबासीलाई आफ्नो इतिहास र स्वाभीमान, संघर्ष र बलिदान, परिवर्तन र उपलब्धिप्रति गौरव बोध गराउन, जनतामा गुराँस सरकार प्रति थप आशा विश्वास र भरोसा स्थापित गर्न, आर्थिक गतिशीलता बढाउन, भ्रष्ट्राचार नियन्त्रण गर्न, दण्डहीनता र सामाजिक कुरीतिको अन्त्य गर्न गुराँस सरकार प्रतिवद्ध रहेको कुरा जानकारी गर्न चाहान्छु । गुराँस सरकारले विगत नौ वर्ष देखि हरेक वर्षमा नीति तथा कार्यक्रम तयार पार्दै गर्दा हामी निर्वाचित भए पछिका नीति तथा कार्यक्रमहरु संघीयताको मर्म एवं राज्यका निर्देशक सिद्धान्तहरु, देशको संविधान, अन्तराष्ट्रिय स्तरमा गरिएंका प्रतिवद्वता, राज्य द्वारा अवलम्वन गरिएका दीगो विकासका लक्ष्यहरु, भौतिक विकासका साथै मानव विकास सूचकांक, संघीय एवं प्रादेशिक सरकारबाट जारी गरिएका नीति, निर्देशन, मापदण्ड, सोच, रणनीति र कार्ययोजनाका आधारका साथै विभिन्न क्षेत्रसंग सम्बन्धित विज्ञ एवं सरोकारवालाहरु, राजनीतिक दल, विकास साझेदार संघ संस्थाका सुझाव, नागरिक, समुदाय र वस्तीस्तरबाट अपेक्षा गरिएका नीति, योजना, र कार्यक्रमसंगै मागपत्रहरु, विकासका नवीनतम सिद्धान्तहरु, गुराँस गाउँपालिका क्षेत्रको भूगोल र सामाजिक परिवेश सुहाँउदो नीति, गुराँस गाउँपालिकाको प्रथम आवधिक योजना, गुराँस गाउँपालिकाले तयार पारेका दीर्घकालीन रणनीतिहरु र नागरिकको



टोप बहादुर बि.सी.
अध्यक्ष

जनभावनालाई केन्द्रविन्दु मानी गुराँस गाउँपालिकाको सम्पूर्ण आवश्यकताहरुको अधिकतम सम्वोधन गर्ने प्रयास गरिएको छ ।

नागरिकको सर्वोत्तम हित प्रवर्द्धन र स्वाभिमानको संरक्षण गर्ने, प्रशासनिक कार्यलाई प्रविधिमैत्री, विकासमैत्री र जनमैत्री बनाउने, अनावश्यक अनुत्पादक क्षेत्रमा हुने फजुल खर्च कटौती गर्दै खर्चमा मितव्ययिता कायम गर्ने, पूर्वाधार निर्माणसंगै शासकीय सुधारका पक्षहरुमा उपलब्धिमूलक लगानी बढाउने, वित्तीय अनुशासन मार्फत गुराँस गाउँपालिकालाई समृद्धिको दिशातिर डोहोऱ्याउने जस्ता उद्देश्य लाई निरन्तरता दिने र सामाजिक मूल्य मान्यताको संरक्षण गर्ने लक्ष्य लिएका छौँ। संघीयताको कार्यान्वयको चरणमा हालसालै नागरिकस्तरमा देखिएका असन्तुष्टि, वितृष्णा अविश्वास र शंकाको घेरालाई चिर्नको लागि गुराँस सरकार तदारुकताका साथ लागी पर्नेछ र यसको लागि सम्पूर्ण सभा सदस्यहरु र आम नागरिकहरुले साथ दिनुहुनेछ भन्ने विश्वास लिएको छु।

देशको समग्र आर्थिक अवस्था आफैमा कमजोर रहनु, राजश्वका दरहरुमा मात्र वृद्धि गरि नागरिकहरु मारमा परेको जनगुनासो आएको अवस्था र वैदेशिक ऋण, अनुदान, दातृ निकायको साझेदारी सहयोग र विप्रेषणको वरिपरि रहेको अवस्थामा नागरिकका आवश्यकताको सम्वोधन गर्न स्थानीय सरकारलाई समेत चुनौती रहेको छ ।यद्यपि हामीले जनतालाई बाचा गरे अनुसार हाम्रो आर्थिक अवस्थाले सकेजति भरपुर र अधिकतम चाहानाको पूर्ती गर्ने तर्फ हाम्रो ध्यान केन्द्रित रहेको छ। स्थानीय तहले एक आपसमा भौतिक विकास र मानव विकासका सूचाङ्कमा एक अर्कालाई उछिन्ने प्रतिस्पर्धा गरिरहेको वर्तमान परिप्रेक्ष्यमा सबै क्षेत्रमा खरो रुपमा उत्रिनु पर्ने चुनौती संगसंगै आफुसंग भएको योग्यता क्षमतालाई उजागर गर्ने र आफ्नो गाउँ ठाँउको विकासलाई समाज रूपान्तरणको माध्यम बनाउने अवसर हामी बीच विद्यमान छ।

**आदरणीय गाउँ सभाका सदस्य ज्यूहरु,**

स्थानीय तहको अभ्यासको यो नौ ९ वर्षको अन्तरालमा जनताको पक्षमा जति असल काम हामी जनप्रतिनिधि-र स्थानीय तहका राष्ट्रसेवक कर्मचारीले गर्न सक्छौँ, त्यति नेपालको संघीय गणतन्त्रात्मक व्यवस्था स्थापित हुँदै जाने कुरामा दुईमत छैन जति सौहार्द, आत्मियता र आत्मविश्वास राजनीतिकर्मी एवं जनप्रतिनिधी र राष्ट्रसेवक कर्मचारी बीच बढ्दै जान्छ त्यति सरकार र सरकारी संयन्त्र मात्र होइन राजनीतिक दल र व्यवस्था प्रति जनताको विश्वास पनि प्रगाढ हुँदै जाने कुरामा हामीले पूर्ण विश्वास गरेका छौँ।

सार्वजनिक सम्पत्तिको जगेर्ना गर्दै विगतमा हामीले सेवा प्रवाह गर्ने क्रममा भोग्नु परेका भौतिक संरचनाको अभाव होस् या शासकीय सुधारको क्षेत्रमा प्रयोग हुने नविनतम प्रविधिको अभाव होस्, हामीले सो अवस्थाबाट गुराँस सरकारलाई माथि उठाउन सुहाउदो नीति तथा कार्यक्रम कार्यान्वयन गरी आधारभूत आवश्यकताहरु पुरा गरेको अवस्था छ। यस अवधिमा अनावश्यक खर्च कटौती , वेरुजु फर्छ्यौट न्यूनीकरण, स्थानीय तहको कार्यसम्पादन मूल्याङ्कनका सबै सूचकांक र नीति, विधि र कानूनी व्यवस्थाको अवलम्वन, एकीकृत कार्यालय व्यवस्थापन, नमस्ते गुराँस अनलाईन गुनासो व्यवस्थापन, र समग्रमा प्रशासनिक कार्यमा उल्लेखनीय सुधार संगसंगै न्यायिक समितिको कार्यक्षमतामा शत प्रतिशत विकास गरेका छौँ ।पालिकाको सीमित आन्तरिक आयमा नागरिकका असीमित आवश्यकता पूर्ती गर्न हामीले प्रगतिशील करको सिद्धान्तको आधारमा नागरिकमैत्री कर संकलन गर्न करका दर र दायरामा वैज्ञानिक पद्धति अपनाएर आन्तरिक आयमा केहि प्रतिशतले वृद्धि गर्न सक्षम भएपनि संघीय सरकार र प्रदेश सरकारको प्रत्यक्ष सहकार्य र सहयोगमा स्थानीय सरकार संचालन गर्नुपर्ने अवस्थामा छ।



टोप बहादुर बि.सी.
अध्यक्ष

असीमित आवश्यकता सीमित स्रोत साधनको बावजुद पहिले हामी निर्वाचित भएको पहिलो वर्षमा हामीले पूर्वाधार विकास, निर्माण तथा मर्मतको कार्यलाई विशेष प्राथमिकता राखेर काम गरेका थियौँ भने दोस्रो वर्ष मानव विकास सूचकांकका आधारमा रहेर गुराँस गाउँपालिकाको नीति तथा कार्यक्रम तय गरि कार्यान्वयन गरेका थियौँ ।तेस्रो वर्षलाई शासकीय सुधार, संस्थागत क्षमता विकास र गुणस्तरीय सेवाप्रवाहलाई मूल मर्मका रुपमा नीति तथा कार्यक्रमलाई अगाडि बढाएका थियौं ।चौथो वर्षलाई दीगो विकास लक्ष्यलाई अनुशरण, बेरुजु फर्छयौट, नागरिकमैत्री शासन व्यवस्था स्थापना र जनताको हीत तथा स्वाभिमान संरक्षण गर्ने वर्षको रुपमा नीति तथा कार्यक्रम निर्माण गरी कार्यान्वयन गरेका थियौं ।पाँच वर्षे कार्यकालको अन्तिम वर्षको रुपमा आउने यस नीति तथा कार्यक्रममा विगत ४ वर्ष देखि निरन्तर चलिरहेका योजना तथा कार्यक्रमको सम्पन्न गर्ने, अन्तर सरकार समन्वय र सहकार्यलाई प्रगाढ बनाउने, मितव्ययी र दीगो प्रतिफल दिने कार्यक्रम सञ्चालन गर्ने एवं आगामी २०८४ मा निर्वाचित भई कार्यभार सम्हाल्ने गुराँस सरकारलाई गुराँसबासी र गुराँसको विकास निर्माणमा मार्गनिर्देशन गर्ने नीति तथा कार्यक्रम अगाडि सारेका छौं ।

नेपाल सरकार र प्रदेश सरकारले तयार पारेका यस आर्थिक वर्षका नीति तथा कार्यक्रमहरुलाई समेत कार्यान्वयन गर्ने र त्यसको अलवा गुराँस सरकारका आफ्ना रणनीति अनुरुप यस वर्षको बजेट नीति तथा कार्यक्रम शिक्षा, स्वास्थ्य, खानेपानी, कृषि, पर्यटन, खेलकुद, रोजगारको सुनिश्चितता, सुशासन प्रवर्द्धन, शासकीय सुधार, लक्षीत वर्ग, महिला, वालवालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, लैङ्गगिक तथा यौनिक अल्पसंख्यक, राउटे समुदायको संरक्षण र नागरिकता लगायत अन्य आवश्यक क्षेत्रलाई प्रोत्साहन गर्ने जीवन उपयोगी कार्यक्रम सञ्चालन गरिनेछ, साथै यूवा जनशक्ति लाई सीप, श्रम र रोजगार एव स्वावलम्वी भई बाँच्न आत्मनिर्भर हुने गरि विगत बजेटका राम्रा अभ्यासहरुलाई निरन्तरता दिदै थप आवश्यकताको परिपूर्ती गर्न विकास साझेदार संघ संस्थालाई समेत गुराँसमा लगानी गर्न आकर्षण गरिनेछ। विकासका पूर्वाधारहरु शिक्षा, स्वास्थ्य, खानेपानी र लक्षीत समुदायका कतिपय महत्वपूर्ण पक्षमा विकास साझेदार संघ संस्थाको यो सहकार्यको लागि हार्दिक धन्यवाद सहित गुराँस सरकार सहयात्राको लागि सदैव तयार रहेको जानकारी र प्रतिवद्धता समेत व्यक्त गर्न चाहान्छु ।

**आदरणीय गाउँ सभाका सदस्य ज्यूहरु,**

स्थानीय तह निर्वाचनको दोस्रो कार्यकालमा गुराँस गाउँपालिकाको जनप्रतिनिधिको रुपमा निर्वाचित भएदेखि हाम्रो पहिलो उदेश्य पूर्वाधार निर्माण र मर्मत, मानव विकास, आर्थिक सामाजिक वातावरणीय र संस्थागत विकाससंगै शासकीय सुधारका माध्यमबाट नागरिकहरुलाई घरदैलोमा सेवा प्रवाह गरी गुणस्तरीय सेवालाई निरन्तरता दिने र गुराँसबासीको अधिकतम हीतको लागि प्रविधिमा आधारित रही विकासका नविनतम सिद्धान्तलाई आत्मसाथ गर्ने कुरा प्राथमिकतामा थियो र सोही बमोजिम वडा कार्यालयबाटै सामाजिक सुरक्षा भत्ता वितरण, सामुदायिक विद्युतीकरण ] सेवा, घर दैलोमै गर्भवती स्वास्थ्य जाँच तथा भिडियो एक्सरे सेवा, जेष्ठ नागरिक स्वास्थ्य जाँच सेवा, आँखा शिविर तथा मोतिविन्दको शल्यक्रिया, अशक्त तथा अपांगता भएका व्यक्तिको उपचार स्वास्थ्य शिविर, अनलाइन सिफारिस, वडा कार्यालयबाट नै योजना सम्झौता तथा कार्यान्वयन, पालिकाको प्रशासनिक केन्द्र तथा वडा कार्याल, स्वास्थ्य केन्द्र र विद्यालयमा ई हाजिरी, एकीकृत कार्यालय व्यवस्थापन, नेपाल टेलिकमसंगको सहकार्यमा फाईवर सहितको नेटवोर्क विस्तार, मोबाइल फोनको टावर स्थापना र 4G तथा Landline सेवा सुचारु, गुनासो सम्बोधनको लागि नमस्ते गुराँस Portal सञ्चालन, उद्यमीहरुका लागि उपयोगी सीप विकास तालिम संचालन लगायतका विभिन्न सेवा प्रवाहको स्थानीय वडाबाटै कार्य सम्पादनको प्रारम्भिक थालनी यस अवधिमा गरिएको छ



टोप बहादुर बि.सी.
अध्यक्ष

।स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP), HELVETAS, Everest Club Dailekh को साझेदारीमा खानेपानी तथा सिंचाईका महत्वपूर्ण योजनाहरु सम्पन्न भएका छन्।

यि कार्यलाई निरन्तरता दिदै आगामी आर्थिक वर्षमा टोल विकास समिति गठन एवं पुर्नगठन कार्यलाई निरन्तरता दिई वडा कार्यलयबाट सम्पादन हुने कतिपय कार्यहरु समिति संग समन्वय गरेर टोल टोलमा विस्तार गरिनेछ र सेवाको गुणस्तर र औचित्यतालाई नागरिकस्तरबाट पृष्ठपोषण लगेर त्यसलाई थप विस्तार गर्न सोही बमोजिम मानव संशाधनको व्यवस्थापन गरिनेछ। "घर घर धारा हाम्रो अविभारा" अभियानको तेस्रो चरणसम्म करिव २५०० घर धुरीमा खानेपानी सेवा प्रदान गरिसिकएको छ भने आगामी आर्थिक वर्षमा पनि यस कार्यक्रमलाई निरन्तरता दिदै खानेपानीको पहुँच हरेक घरमा सफा पिउने पानी पुऱ्याइने छ।

पालिकामा जिल्लास्तरीय कृषि विकास तथा तालिम केन्द्रको स्थापनासंगै रोजगार सृजना गर्न सवै शाखाहरु अन्तरगतका कामहरुलाई प्रभावकारी ढंगबाट संचालन गर्ने कार्यको थालनी गरिएको छ। यस बीचमा अन्तरदेशीय र अन्तर्राष्ट्रियस्तरको पर्यटन विकास र प्रचारप्रसार तथा अन्तरदेशिय र अन्तर्राष्ट्रिय भगिनी सम्बन्ध स्थापित गरी एक आपसमा सामाजिक, साँस्कृतिक र आर्थिक सम्वन्ध स्थापित गर्ने कार्यक्रम अघि बढाइएको छ। यसैबीच, गाउँपालिका स्थापना दिवसको शुरुवात, गुराँस भू–उपयोग नीति निमार्ण, संगठन तथा व्यवस्थापन सर्भेक्षण लगायत विभिन्न आवश्यक ऐन–१८, निर्देशिका–३, कार्यविधि–३८, मापदण्ड-१, आचारसंहिता२ र सूचक–१ वटा निर्माण गर्ने महत्वपूर्ण कार्यहरु सम्पन्न भएका छन्। अन्य आवश्यक ऐन, नियम, कार्यविधि आगामी आर्थिक वर्षको पुष मसान्तसम्म सम्पन्न गर्ने र आगामी आर्थिक वर्षको सार्वजनिक सुनवाई वडादेखि पालिकास्तरमै सम्पन्न गरी प्राप्त सवै वडा, पालिका भरका विषयगतक्षेत्र, शाखालगायतको कार्य प्रगति विवरण, विषयगत तथा शाखाहरुको हरेक चौमासिक रुपमा र समग्र आर्थिक वर्षको विस्तृत विवरण हरेक आर्थिक वर्षको अन्तमा जनता समक्ष पेश गर्ने हेतुले प्रकाशित गर्ने कामको थालनी समेत गरिएको छ।चालु आ. व. को पूर्ण कार्य प्रगति विवरण आर्थिक वर्ष समाप्त भएको २ महिना भित्र प्रकाशित गरिने व्यहोरा समेत सम्मानित सभा समक्ष अवगत गराउँदछु।

**आदरणीय गाउँसभा सदस्यज्यूहरु,**

गुराँस गाउँपालिकाले समष्टिगत लक्ष्य प्राप्तिका लागि देहाय बमोजिम विषय क्षेत्रगत वृहत उद्देश्य लिएको निवेदन गर्न चाहन्छु।

१. सेवा, उत्पादन, रोजगारी, आयमा समतामूलक, गुणात्मक र दीगो वृद्धि गर्नु,

२. स्वस्थ, शिक्षित र दक्ष मानव स्रोतको विकास र सामाजिक न्यायको प्रवर्द्धन गर्नु,

३. बसोबास, सेवा सुबिधा र अन्तर–आवद्धतालाई सहज, व्यवस्थित र उत्थानशील बनाउनु,

४. जैविक विविधता तथा वातावरण संरक्षण, जलवायु परिवर्तन अनुकुलन तथा विपद् उत्थानशीलतामा अभिवृद्धि गर्नु,

५. सेवा प्रवाह र विकास प्रक्रियालाई सहज, समावेशी, नतिजामूलक र जवाफदेही बनाउनु।

**आदरणीय गाउँसभा सदस्यज्यूहरु,**

**गाउँपालिकाको समग्र विकास र समृद्दिका लागि तपसीलका अवसरहरु रहेका छन्।**

१. कृषिका लागि उत्पादनशील उर्वर भूमिमा सिँचाईको भरपर्दो व्यवस्था गरी खाद्यान्न तथा नगदे बाली उत्पादनमा वृद्धिका साथै व्यवसायिक खेती गर्न सकिने।

२. पशुपालन, पंक्षीपालन, मौरीपालन, माछापालन व्यवसायबाट अर्थोपार्जन गर्न सकिने।

३. वेमौषमी खेती, अर्गानिक खेती तथा फलफुल खेतीका माध्यमबाट आय आर्जन वृद्दि गर्न सकिने।



दीप बहादुर बि.गी.
अध्यक्ष

४. गाउँपालिकामा उत्पादित वस्तुहरु कर्णाली राजमार्ग र सुर्खेत दैलेख सडक हुँदै देशका विभिन्न भागहरुमा लैजान सकिने ।

५. गुराँसे भ्यू टावरको प्रचार प्रसार गरी आन्तरिक पर्यटन प्रवर्धन गर्न सकिने ।

६. गाउँपालिकाका रमणीय क्षेत्रहरु, साँस्कृतिक विविधता र पहिचानको उपयोग गरी बहु–आयामिक पर्यटनको विकास गर्न सकिने ।

७. खाली स्थान तथा रमणीय पार्क निर्माण गर्दै गाउँपालिकाको सौन्दर्य वृद्धिका साथै पर्यटक भित्र्याउन सकिने ।

८. गाउँपालिका क्षेत्रमा विद्यमान श्रोतहरु–जल, जंगल, जडिबुटी, नदीजन्य पदार्थ तथा खनिज जस्ता श्रोतहरुलाई विकास कार्यमा उपयोग गर्न सकिने ।

९. युवाशक्तिलाई मानवीय पूँजीको रुपमा विकास र परिचालन गरी आर्थिक रुपान्तरणका क्षेत्रमा सहभागी गराउन सकिने ।

१०. राज्यको पुनर्संरचना पश्चात स्थानीय तहमा उल्लेख्य जिम्मेवारी र बजेट प्रवाह भएको छ, यसलाई उत्साहका साथ सदुपयोग गरी आर्थिक समृद्धिमा थप टेवा पुऱ्याउन सकिने ।

११. शैक्षिक संस्थाहरुमा सबैको पहुँच सुनिश्चित गर्दै गुणस्तरीय शिक्षा मार्फत असल, दक्ष, क्षमतावान र सीपयुक्त नागरिक तयार गरी आर्थिक तथा सामाजिक क्षेत्रमा अधिकतम लाभ लिन सकिने ।

१२. गाउँपालिका भित्रका स्वास्थ्य सेवा केन्द्रहरुबाट स्वास्थ्य सेवा प्रवाह गर्नुका साथै विशेषज्ञ सेवा प्रदान गर्ने अस्पतालहरुसंग साझेदारी गरी घुम्ती सेवा मार्फत स्वास्थ्य सेवालाई नागरिकको घर घरसम्म पुऱ्याउन सकिने ।

१३. गाउँपालिका पूर्ण खोप सुनिश्चता तथा दीगोपनाको निरन्तरता दिन सकिने ।

१४. विभिन्न आमा समूह, महिला समूह, किशोरी समूह, सहकारी संस्था गठन र स्थापना भई महिला जागरण र विकासमा टेवा पुऱ्याउन सकिने ।

१५. न्यायिक समिति र मेलमिलाप केन्द्रबाट समाजमा सु–व्यवस्था कायम गर्न सकिने ।

१६. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका माध्यमबाट नागरिकलाई गाउँपालिकाको विकास र समृद्धिमा सारथी बनाउन सकिने ।

१७. आवधिक योजना, भू–उपयोग योजना, सडक तथा यातायात गुरुयोजना र कृषि रणनीतिक गुरुयोजना मार्फत गाउँपालिकाको विकासलाई व्यवस्थित बनाउन सकिने ।

१८. सुन्दर, समृद्ध र सुशासित गाउँपालिका निर्माणका लागि सामुहिक प्रतिवद्धता निर्माण गर्न सकिने ।

१९. सामुदायिक विद्युतीकरण माध्यमबाट गाउँपालिकाको सबै वडा/क्षेत्रमा विद्युत लाईन विस्तार गर्न सकिने उज्यालो गुराँस अभियान पुरा गर्न सकिने ।

२०. स्थानीय विपद् व्यवस्थापन समितिको गठन र परिचालनबाट विपद् व्यवस्थापनका क्षेत्रमा यथोचित निर्णय र कार्यक्रम गर्न सकिने ।

२१. नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन अनुसार गाउँपालिकालाई प्राप्त अधिकार एवं दायित्वलाई व्यवस्थित गर्ने सन्दर्भमा आवश्यक कानूनहरु तर्जुमा गरी कार्यान्वयन गर्न सकिने।



टोप बहादुर बि.सी.
अध्यक्ष

२२. निर्वाचित जनप्रतिनिधिहरुको आकांक्षा र आत्मविश्वासलाई नागरिकका चाहना र आवश्यकता परिपूर्ति गर्न परिचालन गर्न सकिने।

२३. विद्युतीय शासन पद्धति अन्तरगत सूचना र प्रविधिको प्रयोगलाई जनमैत्री एंव व्यवस्थापनमुखी बनाउन सकिने।

२४. विकास निर्माणमा जनसहभागिताको दरलाई वृद्धि गर्न सकिने।

२५. गाउँपालिकाको संस्थागत विकास गरी सेवा प्रवाहलाई चुस्त, दुरुस्त, सहज र प्रभावकारी बनाई सुशासनको प्रत्याभूति मार्फत स्थानीय सरकार प्रति नागरिकको विश्वास जित्न सकिने।

उपरोक्त अवसरहरुलाई परिणाममा बदल्न तपसीलका चुनौतीहरु पनि संगै रहेका छन्।

**चुनौतीहरुः**

१. आवश्यक साधन श्रोतको अभावमा बढ्दो जन आवश्यकता परिपूर्ति गर्ने।

२. अव्यवस्थित जग्गा विकास र आन्तरिक बसाइसराई जस्ता गतिविधिले कृषि उत्पादनमा आइरहेको ह्रासलाई व्यवस्थित गर्ने।

३. अतिक्रमणको चपेटामा परेको सार्वजनिक जग्गाको नियन्त्रण र संरक्षण गर्ने।

४. कृषिलाई आधुनिकीकरण र व्यवसायीकरण गर्ने पक्षलाई साकार पार्न परम्परागत कृषि प्रणाली र अप्रयाप्त सिँचाई जस्ता विषयहरुको व्यवस्थापन गर्ने।

५. स्वरोजगार तथा आय आर्जनका कार्यक्रम सञ्चालन गरी गाउँपालिकामा रहेको विद्यमान बेरोजगारीलाई रोजगारीको अवसर सिर्जना गर्ने। श्रम पलायनलाई रोक्ने।

६. गाउँपालिकाको विद्यामान श्रोतको पहिचान र परिचालन गर्ने।

७. शैक्षिक संस्थाहरुको पठनपाठनमा गुणस्तरीयता कायम गर्ने।

८. स्वास्थ्य संस्थाहरुमा well equipped, trained man power को व्यवस्थापन गर्ने।

९. सम्पूर्ण गाउँपालिकालाई घरेलु हिंसा मुक्त घोषणा गर्ने।

१०. बालमैत्री, अपाङ्गमैत्री संरचनाहरुको व्यवस्थापन गर्ने।

११. हिंसा पिडीत तथा वेवारिसेहरुको लागि पुर्नस्थापना केन्द्रको व्यवस्था गर्ने।

१२. लैङ्गिक, जातीय र धार्मिक विभेदलाई बल पुऱ्याउने अन्धविश्वास, कु–संस्कार, कु–प्रथा एवं परम्पराबाट समाजलाई मुक्त गर्ने।

१३. समाजमा बढ्दै गएको जेष्ठ नागरिकहरुको संख्यालाई उचित स्याहार र संरक्षण गर्ने।

१४. राउटे समुदायको संरक्षण र सामाजिकीकरण गर्ने।

१५. खानेपानी आपूर्ति तथा सरसफाई व्यवस्थापन भरपर्दो बनाउने।

१६. सडक, नाली निर्माण र भवन निर्माण जस्ता पूर्वाधारहरुमा विद्यमान राष्ट्रिय मापदण्ड प्रणालीलाई अवलम्बन गर्ने।

१७. सार्वजनिक तथा निजी सवारी साधनको पार्किङ्गको व्यवस्थापन गर्ने।



टोप बहादुर बि.सी.
अध्यक्ष

१८. टिनका छाना भएका विद्यालय भवनहरुको छाना विस्थापन तथा नयाँ छाना परिवर्तन गर्ने ।
१९. विकासका साझेदारहरुको सहयोग, समन्वय र राजनैतिक प्रतिवद्धता जस्ता विषयहरुलाई निरन्तरता दिने ।
२०. गाउँपालिकामा बाह्रै महिना चल्ने सडक सञ्जालको विकासबाट कृषि, उद्योग, पर्यटन र उर्जाको विकास गर्ने ।
२१. विद्युत सेवालाई सर्वसुलभ बनाउने तथा सामुदायिक विद्युतीकरण प्रति नागरिकको अपनत्व वृद्धि गर्ने।
२२. प्लाष्टिकजन्य वस्तुको अत्यधिक प्रयोगबाट मानव स्वास्थ्य र कृषि योग्य भूमिमा पर्ने असरलाई नियन्त्रण गर्ने ।
२३. पशुपालन व्यवसायलाई भरपर्दो बनाउने तथा कृषिमा अत्यधिक प्रयोग हुने विषादीलाई नियन्त्रण गर्ने ।
२४. वन क्षेत्रको अतिक्रमण, वन विनास तथा डढेलो नियन्त्रण गर्ने ।
२५. आधुनिक प्रविधियुक्त जनशक्तिको व्यवस्थापन गर्ने ।
२६. गाउँपालिका केन्द्रलाई नीति निर्माण र वडा कार्यालयहरुलाई सेवा केन्द्रका रुपमा विकास गरी स्थानीय सरकार प्रति नागरिकको भरोसा जित्ने ।
२७. परम्परामा आधारित अनुगमन तथा मूल्यांकन पद्धतिलाई नतिजामा आधारित बनाई कार्यान्वयनमा ल्याउने ।
२८. गाउँपालिकालाई वित्तीय श्रोत साधनबाट आत्मनिर्भर बनाउने ।

**आदरणीय गाउँसभा सदस्यज्यूहरु,**

आगामी आ.व. २०८३/८४ को नीति तथा कार्यक्रम निर्माण गर्दा गाउँपालिकाले निम्न विषयहरुलाई आधारको रुपमा लिएको व्यहोरा यहाँ प्रस्तुत गर्न चाहन्छुः

क. नेपालको संविधान २०७२ (राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु)
ख. स्थानीय सरकार संचालन ऐन, २०७४
ग. अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
घ. संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) २०७७
ङ. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६
च. नेपाल सरकारको नीति तथा कार्यक्रम र वर्तमान बजेट
छ. प्रदेश सरकारको नीति तथा कार्यक्रम र वर्तमान बजेट
ज. स्थानीय तहको बजेट तर्जुमा दिग्दर्शन, २०७८
झ. गाउँपालिकाका ऐन, नियम, निर्देशिका, कार्यविधि र मापदण्ड
ञ. नेपाल सरकारको सोह्रौं योजना
ट. दीगो विकास लक्ष्य २०१६–२०३०
ठ. राष्ट्रिय जनगणना, २०७८ को प्रतिवेदनहरु
ड. गाउँपालिको आवधिक योजना २०८१/८२-२०८५/८६
ढ. गाउँपालिकाको भू उपयोग योजना, २०८१
ण. गाउँ कार्यपालिकाका सबै विषयगत समितिबाट प्राप्त सुझावहरु तथा निर्णयहरु,



टोप बहादुर बि.सी.
अध्यक्ष

त. गाउँ कार्यपालिका तथा गाउँ सभाका निर्णयहरु

थ. नीति तथा कार्यक्रम र बजेट निर्माणका क्रममा आयोजना गरिएका छलफल कार्यक्रमका विषयहरु ।

द. गाउँपालिकाको email तथा सामाजिक सञ्जालमा प्राप्त सुझावहरु।

उपरोक्त आधारमा आगामी वर्षका योजना तथा बजेट कार्यक्रम छनौट गर्न निम्न प्राथमिकता क्षेत्र तोकिएका छन् । साथै वडास्तरबाट योजना तर्जुमा गर्दा समेत देहाय अनुसारका प्राथमिकताका आधारमा तर्जुमा गर्न निर्देशन गरिएको थियो ।

क. आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने योजना

ख. उत्पादनमूलक र छिटो प्रतिफल दिने योजना

ग. राजश्व परिचालन र आन्तरिक आयमा उल्लेख्य योगदान पुऱ्याउने योजना

घ. सेवाप्रवाह, संस्थागत क्षमता अभिवृद्धि र सुशासनमा योगदान पुऱ्याउने योजना

ङ. स्थानीय स्रोत साधनमा आधारित भई जनसहभागिताको अभिवृद्धि गर्ने योजना

च. लैङ्गिक समानता, सामाजिक समावेशीकरणको अभिवृद्धि गर्ने योजना

छ. दीगो विकास, वातावरण संरक्षण र विपद् व्यवस्थापनमा योगदान पुऱ्याउने योजना

ज. स्थान बिशेषको कला, भाषा, संस्कृति पहिचान र प्रवर्धन गर्ने योजना

झ. लक्षित वर्गका जिविकोपार्जनमा सघाउ पुऱ्याउने योजना

ञ. गाउँपालिकाको दीगो आय वृद्धिमा सघाउ पुऱ्याउने योजना

**आदरणीय गाउँसभा सदस्यज्यूहरु,**

अब म आगामी आर्थिक वर्ष २०८३/०८४ को लागि प्रस्तावित विषयगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमति चाहान्छु।

**आर्थिक विकासः**

**कृषि विकासः**

१. उन्नत बिउ बिजन तथा मलको भण्डार स्थापना गर्नुका साथै विषादी न्यूनीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

२. सम्भाव्यताका आधारमा हरेक वडामा कृषि पकेट क्षेत्र निर्धारण गरिनेछ ।

३. आलु खेतीको क्षेत्र विस्तार तथा उत्पादनमा वृद्धि गर्न संघ सरकारको विशेष कार्यक्रम अनुसार आलुको मुल बिउ उत्पादन, सुपरजोन तथा पकेट क्षेत्र विस्तार र बजारीकरण कार्य अगाडि बढाइने छ ।यस कार्यक्रम अन्तर्गत आलुको पुरानो बिउ विस्थापन र नयाँ जातको बिउ प्रवर्द्धन कार्य गरिनेछ ।

४. स्थानीय रोतो आलु (मर्खे) लाई प्रवर्द्धन गरी गुराँसको पहिचानको रुपमा चिनाइनेछ ।

५. एक घर एक करेसाबारी तथा १५ फलफुल बिरुवा रोपण कार्यक्रम सञ्चालन गरिनेछ ।

६. प्लास्टिक टनेल हाम्रो, तरकारी तपाईहरुको कार्यक्रम सञ्चालन गरिनेछ ।



टोप बहादुर बि.सी.
अध्यक्ष

७. खाद्यान्न बाली (धान, गहु, मकै) को उत्पादनमा जोड दिइने छ।

८. कृषि यान्त्रिकरणमा कृषकहरुको पहुँच बढाउन कृषि यन्त्र उपकरणमा अनुदानको व्यवस्था गरिने छ।

९. कृषि तथा पशु बीमा कार्यक्रमलाई प्रोत्साहन गरिनेछ।

१०. कृषि उपजको भण्डारणका लागि संघ सरकारको सहयोगमा साझेदारीमा चिस्यान केन्द्रको स्थापना गरिने छ।

११. आकस्मिक बाली संरक्षण सेवा तथा बाली उपचार शिविर सुचारु गरिनेछ।

१२. कृषि उत्पादन वृद्धि गर्न कृषकहरुमा प्राविधिक सेवा तथा तालिम व्यवस्था गरिनेछ।

१३. व्यवसायिक तरकारी खेती गर्नलाई अनुदानको व्यवस्था गरिनेछ।

१४. कृषि प्रसार सेवा टेवा कार्यक्रम सञ्चालन गरिनेछ।

१५. माटो सुधारका लागि माटो परीक्षण मिनिल्याबको स्थापना तथा माटो उपचारका लागि आवश्यक अनुदानका कार्यक्रम सञ्चालन गरिनेछ।

१६. रैथाने बालीहरुको बिउ संकलन गरी बिउ बैङ्कको स्थापना गरिने छ।

१७. रैथाने बालीको उत्पादनमा विषेश अनुदानको व्यवस्था गर्नुका साथै उचित मूल्य तथा बजारीकरणको व्यवस्था गरीने छ।

१८. गाँउपालिका भित्र रहेका बाझो जग्गाहरुको पहिचान गरी सामूहिक खेती प्रणालीमा विषेश अनुदानको व्यवस्था गरीने छ।

१९. किसान सूचीकरण कार्यक्रम तथा कृषि, पशुपन्छी र मत्स्य अद्यावधिक कार्यक्रम निरन्तर सञ्चालन गरिनेछ।

२०. एक वडा एक प्राविधिक कार्यक्रमलाई निरन्तरता दिइनेछ।

**पशुपंछीपालन**

२१. पशुपंक्षी तथा मत्स्यपालन व्यवसायलाई व्यवस्थित बनाउन नीतिगत व्यवस्था गरिनेछ।

२२. एक वडा एक पशुपंक्षी पकेट क्षेत्र विकास गरी उत्पादनमा जोड दिईनेछ।

२३. पशुपंक्षीजन्य वस्तुको बजारीकरणका लागि उत्पादनकर्तालाई अनुदान कार्यक्रम सञ्चालन गरिनेछ।

२४. दाना उत्पादन उद्योग स्थापना गर्नलाई कृषकलाई अनुदानको व्यवस्था गर्ने नीति लिइनेछ।

२५. कृतिम तथा प्राकृतिक गर्भाधान सेवा विस्तार गरी उन्नत नश्लका पशुको संख्या बृद्धि गरिनेछ।

२६. पशुपंक्षीपालन क्षेत्रमा निजी, सहकारी तथा सरकारी क्षेत्रको लगानी अभिवृद्धि गर्ने नीति तथा कार्यक्रम लागू गरिनेछ।

२७. पशुपंक्षीको स्वास्थ्य परीक्षणको लागि भेटेरिनरी क्लिनीक निर्माण गरिनेछ।

२८. व्यवसायिक पशुपालन (गाई, भैसी, बाख्रा, बगुंर, कुखुरा, लौकाट) गर्नका लागि आवश्यक पूर्वाधार (फर्म) निर्माण गरिनेछ।

२९. पशुपंक्षीको जात विशेष नमूना उत्पादन, तालिम, प्रशोधन र प्रदर्शन स्रोत केन्द्रहरूको विकासमा पहल गरिनेछ।

३०. पशुजन्य उत्पादन ( दुध, मासु, अण्डा, ऊन, छाला) आदिमा अनुदान रकमको व्यवस्था गरिनेछ।



दीप बहादुर बि.सी.
अध्यक्ष

३१. स्थानीय बाख्रा तथा भैंसी संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ।

३२. रैथाने पशुपंक्षी तथा माछाका जातहरुको पहिचान गरि लगत तयार पारिने छ।

३३. रैथाने पशुपंक्षी तथा माछा पालन गर्ने किसानहरुलाइ विषेश अनुदानको व्यवस्थाको गरिने छ।

३४. रैथाने पशुपंक्षी तथा माछाको उत्पादन क्षेत्र तोकि उत्पादन कार्यमा संलग्न किसानहरुको लागि विषेश सुविधाको व्यवस्था गरिने छ।

३५. पशुपंक्षीको पोषण सुधारको लागि आवश्यक नीतिगत व्यवस्था गरिने छ।

३६. स्थानीयस्तरमा रहेका उच्च पोषण प्रोफाइल भएका घाँसको संरक्षण तथा प्रयोगमा उत्साहित गरि न्यून पोषण प्रोफाइल भएका घाँसको प्रयोगलाइ निरुत्साहित गरिने छ।

३७. सुत्केरी पशु पोषण कार्यक्रम संचालन गरिने छ।

३८. किसानहरुलाई उन्नत घाँसको बिउ तथा वेर्ना वितरण गरिने छ।

३९. सार्वजनिक चरण क्षेत्रमा उन्नत जातका घाँसहरु रोपी संरक्षण तथा दीगो उपयोगको लागि नीतिगत व्यस्था गरिने छ।

४०. रेविज रोग नियन्त्रण, पशुपन्छीमा लाग्ने महामारी र आकष्मिक रोग नियन्त्रण कार्यलाई प्राथमिकता दिइनेछ।

**उद्योग तथा व्यवसाय:**

४१. लघु, घरेलु, साना, मझौला तथा ठूला उद्योग स्थापना र सञ्चालनमा प्रोत्साहन गरिनेछ।

४२. स्थानीय कच्चा पदार्थमा आधारित उद्योग स्थापना कार्यलाई प्रोत्साहन गरिनेछ।

४३. वार्षिक रुपमा गाउँपालिकास्तरीय हस्तकला प्रदर्शनी तथा प्रतियोगिता सञ्चालनमा सहजीकरण गरिनेछ।

४४. स्थानीय उत्पादन प्रदर्शनी कक्ष तथा कोसेली घरलाई थप व्यवस्थित र आकर्षित गराइनेछ।

४५. उद्योग वाणिज्य प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।

४६. प्रविधि अनुसन्धान र हस्तान्तरणमा सार्वजनिक, निजी बौद्धिक (Public Private Academic) सहकार्य गरिनेछ।

४७. उद्योग सञ्चालनको लागि स्थानीय युवालाई प्राविधिक परामर्श तालिम र अनुदानको व्यवस्था गरिनेछ।

४८. वैदेशिक रोजगारबाट फर्केका युवाको ज्ञान, सीप र अनुभवलाई प्रयोग गरी ग्रामीण व्यवसाय गर्न आवश्यक तालिम प्रदान गरिनेछ।

४९. आलु चिप्स तथा आलुजन्य अन्य उद्योग स्थापनामा सहजीकरण तथा प्रोत्साहन गरिनेछ।

५०. दुध डेरी र मासुजन्य उद्योग निर्माणमा उद्यमीलाई प्रोत्साहन गरिनेछ।

५१. लघु उद्यमी सिर्जना, प्रविधि हस्तान्तरण तथा स्तरोन्नती कार्यक्रमलाई निरन्तरता दिइनेछ।

५२. आरन व्यवसायलाई घरेलु तथा साना उद्योगको रुपमा विकास गर्न सहजीकरण गरिनेछ।

**पर्यटन:**

५३. पर्यटकीय गुरु योजना निर्माण गरी गन्तव्य पहिचान गरिनेछ।



दीप बहादुर बि.सी.
अध्यक्ष

५४. गुराँस क्षेत्रका धार्मिक, ऐतिहासिक तथा प्राकृतिक सम्पदाको संरक्षण र प्रचारप्रसार गरिनेछ।

५५. रानीमत्ता तथा भ्यू चुलालाई हिल स्टेशनको रुपमा विकास गरिनेछ र गुराँसे भ्यू टावरलाई गाउँपालिका मातहत ल्याइ सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

५६. धार्मिक तथा पर्यटन पैदावारको प्रचारप्रसार तथा प्रवर्द्धन गर्न भिडियो डकुमेन्ट्री तयार गरिनेछ।

५७. एक वडा एक नमूना पर्यटकीय गन्तव्य विकास गरिनेछ।

५८. गाउँपालिकाका प्रमुख पर्यटकीय क्षेत्रमा पूर्वाधार (मनोरञ्जन स्थल, वनभोज स्थल, होटल, रेष्टुँरा र होमस्टे) आदिको विकास गरिनेछ।

५९. पर्यटकलाई मूख्य गन्तव्य स्थलसम्म पुऱ्याउन सुविधा सम्पन्न सडक मार्ग निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

६०. राउटे संग्रहालय स्थापना गर्न पहल गरिनेछ।

**सहकारी तथा वित्तीय संस्थाः**

६१. सहकारी दर्ता/नवीकरण र नियमन कार्यलाई प्रभावकारी बनाइनेछ।

६२. "एक घर एक बैंक खाता" र "घरघरमा सहकारी" कार्यक्रम लागु गरिनेछ।

६३. वित्तीय साक्षरता सम्बन्धी तालिम र सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

६४. वित्तीय संस्थाहरूको अनुगमन तथा वित्तीय अपराध र अपचलन न्यूनीकरणमा सहकार्य गरिनेछ।

६५. हालको एक वडा एक सहकारीलाई विकसित र नागरिकमैत्री बनाइनेछ।

६६. गाउँपालिकाका प्रमुख बजार केन्द्रहरूमा बैंकिङ तथा वित्तीय सेवाहरूको विस्तार तथा सेवा सुदृढीकरण (शाखा, अस्थायी बैंकिङ इकाई वा ATM मेसिन) का लागि पहल गरिनेछ।

६७. प्राथमिकता प्राप्त क्षेत्रमा सहुलियत ऋण कार्यक्रम सञ्चालनमा सहकार्य गरिनेछ।

६८. सहकारी उत्पादन, बजारीकरण र बचत परिचालन गरिनेछ।

६९. उद्यमशीलता विकास कोष स्थापना र सञ्चालनमा सहकार्य गरिनेछ।

७०. एक सहकारी एक उत्पादन नीति अवलम्बन गरिनेछ।

७१. सहकारी कानून अनुसार क्रियाकलाप सञ्चालन नगर्ने सहकारीलाई कानूनी दायरामा ल्याई निलम्बन तथा खारेजीको प्रक्रियामा लगिनेछ।

७२. समग्र आर्थिक विकासलाई समेट्ने **पालिकास्तरीय आर्थिक विकास गुरुयोजना** निर्माण गरिनेछ।

**<u>सामाजिक विकास</u>**

**शिक्षा तर्फः**

७३. सामुदायिक विद्यालय भवनलाई भूकम्प प्रतिरोधी, अपाङ्ग, बाल तथा लैङ्गिकमैत्री बनाईनेछ।

७४. हरेक विद्यालयमा व्यवस्थित शौचालय र खानेपानीको धारा निर्माण गरिनेछ।



बहादुर खत्री
अध्यक्ष

७५. सबै विद्यालयमा स्तरीय खेल मैदान तथा बाल उद्यान।बगैंचा निर्माण र घेराबार गरिनेछ ।

७६. प्राविधिक शिक्षा, प्रयोगात्मक शिक्षा तथा व्यवसायिक सीप विकास तथा तालिम पद्धतिलाई जोड दिइनेछ ।

७७. वडा नं ८ मा सम्पन्न भएको भवनमा प्राविधिक शिक्षालय स्थापनको पहल र विकास गरिनेछ ।

७८. डिजिटल तथा भर्चुअल मोडलको शिक्षण सिकाइ प्रविधि पूर्वाधारको व्यवस्थाका लागि संघ र प्रदेश सरकारसंग सहकार्य गरिनेछ ।

७९. मन्टेश्वरी तथा बाल सिकाई शिक्षण संस्थाको विकास गरिनेछ ।

८०. शिक्षक विद्यार्थी संख्या अनुपातको आकार र आवश्यकतानुसार गरी विषयगत शिक्षकको उचित व्यवस्थापन गरिनेछ ।

८१. शैक्षिक क्षेत्रलाई व्यवस्थित तथा गुणस्तरीय बनाउन शिक्षकलाई आवश्यक तालिम प्रदान गरिनेछ ।

८२. शैक्षिक प्रोफाइल तयार गर्नुका साथै स्थानीय शिक्षा योजना कार्यान्वयनमा जोड दिइनेछ।

८३. SEE करियर परामर्श तालिम प्रदान गरिनेछ ।

८४. विद्यालय शिक्षामा गुणस्तर मापदण्ड र प्रत्यायन प्रणाली (Accreditation System) विकास गरी सबै विद्यालयमा समान गुणस्तर कायम गरिनेछ ।

८५. लोक सेवा तथा शिक्षक सेवा आयोग तयारी कक्षा सञ्चालन गरिनेछ ।

८६. स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

८७. संघ सरकारको सहयोगमा निशुल्क स्यानीट्यारी प्याड, दिवा खाजा, निशुल्क पाठ्यपुस्तक र छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

८८. सामुदायिक सिकाई केन्द्रलाई सीप तथा अनुभव आदान प्रदान केन्द्रका रुपमा विकास गरिनेछ ।

८९. संघ सरकारको सहयोगमा साझेदारीमा विद्यालय भवन निर्माण गरिनेछ ।

**स्वास्थ्यः**

९०. आम नागरिकहरुका लागि आधारभुत औषधि निः शुल्क उपलब्ध गराइनेछ।

९१. बालबालिकालाई पूर्ण खोप र अन्य आधारभूत स्वास्थ्य सेवा सुनिश्चित गरी प्रसुती सेवालाई प्रभावकारी ढंगले सञ्चालन गरिनेछ ।

९२. प्रत्येक वडामा बर्थिङ सेन्टर, स्वास्थ्य चौकी, स्वास्थ्य केन्द्र तथा आवश्यक भवन, घेरबार, खानेपानी तथा सरसफाई, नियमित विद्युत उपलब्धता र अन्य पूर्वाधार, उपकरण र जनशक्तिको व्यवस्था गरिनेछ ।

९३. महामारीको पूर्वतयारी, सर्ने तथा नसर्ने रोग र मानसिक रोग नियन्त्रण तथा रोकथामका लागि प्रतिकार्य योजना बनाई लागु गरिनेछ ।

९४. स्वास्थ्य संस्थाहरुको स्तरोन्नती गरी एक्स रे, ल्याब तथा २४ औ घन्टा स्वास्थ्य परामर्श सेवा प्रदान गरिनेछ ।

९५. एम्बुलेन्स सेवालाई नियमित गरिनेछ ।

९६. हरेक संस्थामा आकस्मिक कोष सञ्चालन गरिनेछ ।

९७. एक वडामा कम्तीमा एक स्वास्थ्य संस्था रहनेछ ।

९८. गाउँपालिकको हेल्थ प्रोफाईल निर्माण गरी अपडेट गरिनेछ ।

९९. १५ शैयाको आधारभूत अस्पतालबाट सेवा सुचारु गरिनेछ ।

१००. बालबालिकालाई पूर्ण खोप दीगोपनाका लागि हरेक वर्ष वडा तथा पालिकालाई पूर्ण खोप सुनिश्चीतता तथा घोषणा गरिने छ ।

१०१. सबै खोप केन्द्र तथा गाउँघर क्लिनिकको आफ्नै भवन बनाउने नीतिलाई निरन्तरता दिइनेछ ।

१०२. गर्भवती र सुत्केरी महिलालाई पोषिलो खाना खान र उत्पादनका लागि प्रोत्साहन गरिने छ ।

१०३. ऐभरेष्ट क्लब दैलेखको सहकार्यमा बहुक्षेत्रीय पोषण कार्यक्रमलाई निरन्तरता दिनुका साथै पोषण मिललाई गुणस्तरीय पोषणयुक्त खाना उत्पादन गर्ने उद्योग रुपमा विकास गरिनेछ ।

१०४. वर्थिङ्ग सेन्टर २४ सै घण्टा सेवा सञ्चालन गर्न व्यवस्था गरिनेछ ।

१०५. सबै बर्थिंग सेन्टरहरुमा गर्भवती प्रतिक्षा कक्ष सेवा तथा सुकेरी २४ घण्टा सम्म बस्नका लागि खान र बस्न निरन्तर व्यवस्थापन गरिनेछ ।

१०६. बालबालिका, किशोर किशोरी, गर्भवती महिला र जेष्ठ नागरिकलाई स्वास्थ्य सेवाको पहुँच अभिवृद्धि गरिनेछ ।

१०७. आम नागरिक स्वास्थ्य तथा पोषण सम्बन्धी जनचेतना अभिवृद्धि गरी जनस्वास्थ्य अभियान र सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

१०८. गर्भवती, सुत्केरी , किशोर किशोरीहरु र बिशेष गरि ०-५९ महिनाका बालबालिकाहरुको पोषण अवस्थालाई ध्यानमा राख्दै पोषण मैत्रि वडा, स्वास्थ्य संस्था पालिका घोषणाका लागि तयारी नीति अवलम्व गरिनेछ। साथै पोषण परियोजना कार्यक्रम लगायतका पोषण कार्यक्रमहरुमा साझेदारी गरिनेछ।

१०९. महिला स्वास्थ्य स्वयं सेविकाहरुको बीमा नवीकरण तथा प्रोत्साहान कार्यक्रमको निरन्तरता गरिनेछ। साथै आमा समूह, खोप तथा गाउँघर क्लिनिकमा सहयोग गरेवापत यातायात तथा संचार खर्चको व्यवस्थापन गरिनेछ।

११०. स्वास्थ्यमा हाल संचालनमा रहेका सबै किसिमका विद्युतीय अनलाईन प्रणालिहरु (eHMIS, DHIS-2, HMIS र pams V2) निरन्तरता गरिने छ। साथै संचालनमा रहेका अनलाईन सेवा प्राणालीलाई प्रभावकारी बनाउन स्वास्थ्य संस्थाहरुमा थप डेस्कटप, प्रिन्टर र सोलार व्याकपको व्यबस्थापन गरिनेछ।

१११. सुनौला हजार दिनका विपन्न महिलाको पोषणको सुधारको लागि आयआर्जन अनुदान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

११२. हरेक वर्ष आवश्यकताको आधारमा आँखा शिविर, पाठेघरको क्यान्सर परीक्षण, मुटुरोग, मधुमेह तथा अन्य रोग सम्बन्धी निशुल्क स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।

११३. मदिराजन्य, सुर्तीजन्य, लागुपदार्थ दुर्बेसन सम्बन्धी जनचेतनामूलक अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।



टोप बहादुर खित्री
अध्यक्ष

११४. क्षयरोग मुक्त अभियान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

११५. "म स्वास्थ्य मेरो स्वास्थ्य" घरटोलमा स्वास्थ्य कार्यक्रम सञ्चालन गरिनेछ ।

११६. सि एम सि नेपालको सहकार्यमा मानसिक स्वास्थ्य प्रवर्द्धन तथा आत्महत्या रोकथाम सम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ ।

११७. नागरिक आरोग्य केन्द्रलाई आयुर्वेदिक स्वास्थ्य केन्द्रका रुपमा स्थापना गरिनेछ ।

११८. जडिबुटी संकलन तथा प्रशोधन कार्यलाई निरन्तरता दिई गुराँस जडिबुटी चियालाई Branding गरिनेछ ।

११९. कोभिड आइसोलेसन अस्पताललाई उत्पादन सहित आयुर्वेदिक अस्पताल बनाईने छ ।

१२०. योग ध्यान तथा साधना केन्द्र सञ्चालन गरिनेछ ।

**खानेपानी तथा सरसफाईः**

१२१. एक घर एक धाराको नीतिलाई निरन्तरता दिइनेछ, HELVETS Nepal/Everest Club Dailekh, स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) को सहयोग र सहकार्यलाई धन्यवाद दिंदै आगामी दिनमा पनि कार्यक्रम सञ्चालनका लागि समन्वय गरिनेछ ।

१२२. निर्माणाधीन खानेपानी आयोजनाहरु समयमा नै सम्पन्न गरी चालु आयोजनाको मर्मत र स्तरोन्नती गरिनेछ ।

१२३. खानेपानी शुद्धता परीक्षण केन्द्र संचालन गरिनेछ ।

१२४. आवश्यक स्थानमा खानेपानी टंकी निर्माण गरिनेछ ।

१२५. खानेपानी तथा सरसफाई समन्वय समिति पुर्नगठन तालिम, साम्राग्री वितरण गरिनेछ ।

१२६. खानेपानीको स्रोत नक्सांकन प्रणाली विकास गरी कार्यान्वयनमा ल्याईने छ र तथ्याङ्कलाई राष्ट्रिय सूचना व्यवस्थापन प्रणाली (N WASH) मा राखिने छ।

१२७. सार्वजनिक स्थलहरुमा सार्वजनिक शौचालय निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

१२८. वातावरण संरक्षणका निमित्त गाउँघर सफाई र वृक्षारोपण अभियान विस्तार गरिनेछ ।

१२९. शौचालय तथा घरका फाहोरहरु जम्मा गर्ने, प्रशोधन गर्ने तथा डिस्पोज गर्ने कार्यक्रम विस्तार गरिनेछ ।

१३०. घरधुरी, निजी एवं सार्वजनिक प्रतिष्ठानहरूबाट विसर्जीत हुने फोहरमैला आदिलाई 5R (Recycle, Reduce, Replace, Reuse and Refuse ) को पद्दती अवलम्बन गरी दीगो सरसफाई कार्यक्रम विस्तार गरिनेछ ।

१३१. घरेलु फोहोर वर्गीकरण तालिमको व्यवस्था गरिनेछ ।

१३२. सरसफाई र स्वच्छाताको प्रवर्दन गर्न उत्कृष्ट योगदान गर्ने व्यक्ति संस्था पुरस्कृत गरिने छ ।

**युवा तथा खेलकुदः**

१३३. "युवासँग स्थानीय सरकार विशेष कार्यक्रम" सञ्चालन गरिनेछ ।

१३४. नमूना युवा संसद अभ्यास कार्यक्रमलाई निरन्तरता दिइनेछ ।



दान बहादुर खत्री.
अध्यक्ष

१३५. वैदेशिक रोजगारीबाट फर्केका युवा लक्षित उद्यमशीलता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

१३६. युवा क्लबको निर्माण तथा सकृय परिचालनलाई जोड दिइनेछ ।

१३७. प्रत्येक वडामा सीपमूलक तालिम (पर्यटक गाइड, कुक तथा Front Desk, इलेक्ट्रिसियन, प्लम्बिङ, कम्प्युटर, मोबाइल मर्मत, ड्राइभिङ आदि) सञ्चालन गरिनेछ।

१३८. युवा उद्यमशीलता कोष स्थापना गरी सहुलियत ऋण उपलब्ध गराउने कार्यका लागि संघ र प्रदेश सरकारसंग समन्वय र सहकार्य गरिनेछ।

१३९. कृषि, पशुपालन तथा पर्यटन क्षेत्रमा युवालाई आकर्षित गर्ने विशेष कार्यक्रम ल्याइनेछ।

१४०. खेलकुद पूर्वाधार, खेल मैदान र खेलकुद सामग्री आपूर्तिलाई निरन्तरता दिइनेछ ।

१४१. एक वडा एक खेलकुद मैदान र हरेक विद्यालयमा खेलकुद मैदान निर्माण गरिनेछ ।

१४२. विकास कार्यमा युवा संलग्नता र परिचालन गरिनेछ ।

१४३. पालिकास्तरीय रनीङ्ग शील्ड प्रतियोगिता तथा गुराँस कपलाई निरन्तरता दिइनेछ ।

१४४. खुल्ला व्यायमशाला निर्माणलाई प्रोत्साहन गरिनेछ ।

**लैंगिक समानता सामाजिक समावेशीकरण:**

१४५. एकल महिला आयआर्जन तथा स्वावलम्बन कार्यक्रम तालिमको व्यवस्था तथा एकल महिला कोष सञ्चालन गरिनेछ । एकल महिला सञ्जाल गठन गरि सक्रिय बनाउने । महिला समूह, समिति गठन तथा परिचालन गरिनेछ । साथै पालिकास्तरीय GEDSI Network गठन गरी सक्रिय बनाउने

१४६. महिला सीप विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

१४७. सासु–बुहारी अन्तरक्रिया ३ दिने कार्यक्रम सञ्चालन गरिनेछ ।

१४८. लैङ्गिक हिंसा विरुद्ध तथा संविधान, स्थानीय सरकार सञ्चालन ऐन, सूचनाको हक लगायत जेडसी क्षेत्र सम्बन्धित कानुनी व्यवस्थाहरुको सचेतीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

१४९. लैङ्गिक हिंसा निवारण कोष स्थापना गरिनेछ ।

१५०. अध्यक्ष, उपाध्यक्ष पाठशाला कार्यक्रम मार्फत हाम्रो छोरीको सुनौलो भविष्य कार्यक्रम सञ्चालन गरिनेछ ।

१५१. सोसेक नेपाल, दैलेखको सहकार्यमा बालमैत्री स्थानीय शासन पालिका घोषणा गरिनेछ ।

१५२. ज्येष्ठ नागरिकहरुको सञ्जाल गठन गरी ज्ञान, सिप र अनुभवलाई उपयोग गर्न अन्तरपुस्ता सीप हस्तान्तरण कार्यक्रका साथै जेष्ठ नागरिक चौतारी कार्यक्रम सञ्चालन गर्ने ।

१५३. ज्येष्ठ नागरिकहरुको लागि दिवा सेवा केन्द्र स्थापना कार्यलाई निरन्तरता दिइनेछ।

१५४. ज्येष्ठ नागरिक सम्मान कार्यक्रम आयोजना गरिनेछ ।

१५५. अपाङ्गता परिचय पत्र वितरण घुम्ती शिविर सञ्चालन गरिनेछ ।

१५६. दृष्टिविहीन भएका व्यक्तिहरुलाई screen reader software को व्यवस्था गरिनेछ ।



बहादुर बि.सी.
अध्यक्ष

गुराँस गाउँपालिका
गाउँपालिकाको कार्यालय
रानीमता, दैलेख
कर्णाली प्रदेश नेपाल
२०७३

१५७. अपाङ्गता भएका व्यक्तिहरुको लागि सीप विकास तालिम कार्यक्रम सञ्चालन गरिनेछ ।

१५८. यौनिक तथा लैगिंक अल्पसंख्यक समुदायहरुका लागि दीगो सोच राखी समाजमा सम्मानजनक वातावरण सिर्जना गर्दै क्षमता विकास, सीप विकास तथा रोजगारीमा जोड्ने खालका कार्यक्रम सञ्चालन गर्ने ।

१५९. लोपोन्मुख राउटे समुदायको संरक्षणका लागि परम्परागत सीपको व्यवस्थापन गर्दै आधारभुत आवश्यकता परिपुर्तिको ग्यारेण्टीका साथै नागरिकता प्राप्तीका लाग सहजीकरण गरिनेछ ।

१६०. दलित लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।

१६१. बालविवाह न्यूनीकरण सम्बन्धी कानूनी सचेतना अभियान सञ्चालन गरिनेछ ।

**कला, भाषा, संस्कृति र सम्पदाः**

१६२. भाषा, कला र साँस्कृतिको संरक्षण र सम्वर्द्धन नीति तर्जुमा गरी कार्यान्वियन गरिनेछ ।

१६३. धर्म, भाषा, संस्कृति, कला, साहित्य र मौलिक परम्पराको विकासमा उल्लेखनीय योगदान गर्ने व्यक्तित्वहरूको नामबाट संरचनाहरू निर्माण गरिनेछ ।

१६४. ऐतिहासिक, प्राकृतिक एवम् पुरातात्विक सम्पदाहरुको मर्मत सम्भार तथा संरक्षण गरिनेछ ।

१६५. लोपोन्मुख हुन लागेका भाषाहरु संरक्षण गर्न पहल गरिनेछ ।

१६६. विभिन्न जातजाति र भाषाभाषीको मौलिक एवम् परम्परागत धर्म, साँस्कृतिको संरक्षण र विकास गर्न खोज अन्वेषण गरिनेछ ।

१६७. गाउँपालिकामा आवश्यकता अनुसार मन्दिर र गुम्बाहरुको संरक्षण र स्तरोन्नति कार्य गरिनेछ ।

१६८. विभिन्न जातजातिका कला, संस्कृतिको जर्गेना गर्न संग्राहलयको स्थापना गरिनेछ ।

१६९. स्थानीय कला, भाषा, लिपि, लोक संस्कृतिको संरक्षणमा सम्बद्ध समुदायलाई उत्प्रेरित गर्न सहकार्य गरिनेछ ।

१७०. धार्मिक सम्पदाहरूलाई व्यवस्थापकीय सुधार गरी दीगो रूपमा सञ्चालन गरिनेछ ।

१७१. विभिन्न जातजातिसँग सम्बन्धीत मौलिक एवम् स्थानीय सामग्रीहरू उत्पादन र प्रवर्द्धन गरिनेछ ।

१७२. विभिन्न जातजातिका सांस्कृतिक रीतिरिवाज र परम्परा झल्काउने कार्यक्रम तथा भिडियोहरु बनाउने र विद्यालय तथा सामुदायिक स्तरमा प्रदर्शन गरिनेछ ।

**भौतिक पूर्वाधार विकासः**

**यातायात, सडक र पुलः**

१७३. "गुराँस गौरव मार्ग" सडक निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

१७४. गाउँपालिका केन्द्रदेखि वडा केन्द्रसम्मको सडक सञ्जाल स्तरोन्नती र कालोपत्रे गर्न आवश्यक पहल गरिनेछ ।

१७५. मापदण्ड अनुसार गाउँपालिकाको आवश्यक स्थानमा बसपार्क र बसस्टपहरु निर्माण गरिनेछ ।

१७६. निर्मित सडक तथा यातायात गुरुयोजनाको कार्यान्वयनलाई प्राथमिकता दिइनेछ ।



दीप बहादुर बि.सी.
अध्यक्ष

१७७. सियाकोट देखि पन्ध्र शैया अस्पताल कुमखोला हुँदै गुराँसे जोड्ने सडक निमार्ण तथा स्तरोन्नती कार्यलाई अगाडि बढाइनेछ।

१७८. पर्यटन पदमार्गको सञ्चालन तथा लिङ्करोडको संभाव्यता अध्ययन गरिनेछ।

१७९. आवश्यकताको आधारमा सबै महत्वपूर्ण क्षेत्रहरुमा मोटर पुल तथा झोलुङ्गे पुल विस्तार गरिनेछ।

१८०. लालीखोला उगाडा विद्यालय गुराँस ७ मा झोलुंगे पुल निमार्ण कार्य अगाडि बढाइनेछ।

१८१. पदमार्गहरुको स्तरोन्नती गरी सुरक्षित र व्यवस्थित बनाइनेछ।

**सिंचाईः**

१८२. परम्परागत सिंचाईं प्रविधिहरुलाई बाह्रै महिना सिंचाईं उपलब्ध हुन सक्ने गरी स्तरोन्नती गरिनेछ।

१८३. सबै जीर्ण सिंचाईंहरुको मर्मत संम्भार गरी नयाँ प्रविधियुक्त सिंचाईंको सम्भाव्यता अध्ययन तथा कार्यान्वयन गरिनेछ।

१८४. सिंचाईं उपभोक्ता संस्थाको संस्थागत क्षमता विकास गरिनेछ।

१८५. सिंचाईं योजनाको सञ्चालन र व्यवस्थापनलाई प्रभावकारी बनाउन नीतिगत कानुन तर्जुमा गरिनेछ।

१८६. भूमि प्रयोग नक्सा, खेती अनुसार पानीको आवश्यकता र श्रोत पहिचान गरी सिंचाईं गुरुयोजना निर्माण गरिनेछ।

१८७. सुख्खा ग्रस्त क्षेत्र, कृषि पकेट क्षेत्र तथा कृषि फार्महरुमा आवश्यकता पहिचान गरी सिंचाईंको व्यवस्था गरिनेछ।

१८८. सिंचाई आयोजनाहरूको मुहान तथा तालतलैया र पोखरीको संरक्षण गरिनेछ।

**भवन तथा ग्रामीण विकासः**

१८९. व्यवस्थित बस्ती विकासको लागि सम्भावित स्थानमा चक्लाबन्दी कार्यक्रम सञ्चालन गरिनेछ।

१९०. राष्ट्रिय भवन निर्माण आचारसंहिता पूर्ण रुपमा कार्यान्वयन गरिनेछ।

१९१. अव्यवस्थित रुपमा रहेको घाटलाई सुधार र व्यवस्थित बनाइनेछ।

१९२. एक वडा एक बहुउद्देश्यीय पार्क निर्माण कार्यको थालनी गरिनेछ।

**विद्युत तथा सौर्य उर्जाः**

१९३. गाउँपालिका केन्द्र, वडा केन्द्र, विद्यालय, स्वास्थ्य चौकी र मुख्य बजार केन्द्रमा सौर्य बत्ती जडान गरिनेछ।

१९४. लघु जलविद्युत आयोजनाको संभाव्यता अध्ययन गरी विद्युत आयोजनामा स्थानीय जनताको लगानी सुनिश्चित गरिनेछ।

१९५. कृषि सहकारी आदिको सहकार्यमा ठूलो क्षमताको बायोग्यास प्लान्ट स्थापना गरी बायोग्यास तथा प्राङ्गारीक मल उत्पादन मार्फत कृषि तथा औद्योगिक क्षेत्रलाई प्रविधिमैत्री बनाइनेछ।

१९६. राष्ट्रिय प्रसारण विद्युत सेवाको पहुँच विस्तार गरी सामुदायिक विद्युतीकरण कार्यक्रम मार्फत सबै गाउँ र टोलमा बाह्रै महिना विद्युत सेवा सुनिश्चित गरिनेछ।



टोप बहादुर बि.सी.
अध्यक्ष

१९७. संघीय र प्रदेश सरकारको समन्वयनमा भरपर्दो विद्युत पोलहरू, सव स्टेसनहरुको निर्माण गरिनेछ ।

१९८. समस्याग्रस्त क्षेत्रमा ट्रान्सफर्मरको क्षमता वृद्धि गर्ने कार्य अगाडि बढाइनेछ।

१९९. लो-भोल्टेज समस्या समाधानका लागि नेपाल विद्युत प्राधिकरणसँग समन्वय गरी आवश्यक पूर्वाधार विस्तार गरिनेछ।

२००. सौर्य ऊर्जालाई प्रोत्साहन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।

२०१. विद्युत प्राविधिक र वित्तीय व्यवस्थापन सुनिश्चित गरिनेछ ।

२०२. उपयुक्त Software मार्फत विद्युतको Billing System लाई आधुनिक र विश्वसनीय बनाइनेछ ।

**सूचना तथा सञ्चार प्रविधि:**

२०३. गाउँपालिकाको आवश्यकता अनुरुप सूचना तथा सञ्चार नीति तर्जुमा गरिनेछ ।

२०४. नागरिकमा Digital Literacy बढाउन वडाहरूसँग सहकार्य मार्फत् तालिम र अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

२०५. हरेक सरकारी कार्यालय र सामुदायिक भवनहरुमा सूचना प्रविधि पूर्वाधार विकास गरिनेछ ।

२०६. सबै भेगमा मोबाइल डाटाको गुणस्तर वृद्धिका लागि आवश्यक पूर्वाधार विकासमा सहजीकरण गरिनेछ ।

२०७. सुविधायुक्त टेलिसेन्टरहरूको विकास गरिनेछ ।

२०८. सूचना प्रविधिसँग सम्बन्धित प्राविधिक जनशक्तिलाई तालिम गराई उनीहरूको क्षमता अभिवृद्धि गरिनेछ ।

२०९. गुराँस एफ.एम / गुराँस पोर्टल सञ्चालनको लागि सहज वातावरण निर्माण गरिनेछ ।

२१०. सूचना तथा सञ्चार माध्यमहरूको सघन घनत्व व्यवस्थापन गर्ने र त्यस्ता माध्यमहरूलाई प्रोत्साहन गरिनेछ ।

२११. सबै विद्यालयहरूमा आधुनिक सूचना प्रविधि अध्ययन कक्षा स्थापना गरिनेछ ।

२१२. पालिकाको सूचना तथा प्रविधिसंग सम्बन्धित डाटा तथा तथ्यांक भण्डार क्षमता वृद्धि गरिनेछ ।

**वन, वातावरण तथा विपद् व्यवस्थापन:**

**वन तथा जैविक विविधता:**

२१३. कम्तीमा १० लाख भन्दा माथिका सबै आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कनका मापदण्ड बमोजिम अध्ययन गरिनेछ ।

२१४. विशेष संरक्षण क्षेत्र छुट्ट्याई वनमा आश्रित वन्यजन्तु तथा जडिबुटीको पहिचान तथा संरक्षण गरिनेछ ।

२१५. विभिन्न व्यवस्थापन प्रणालीबाट उत्पादित काठजन्य वस्तु र जडीबुटीको उत्पादन, प्रशोधन र उपयोगमा विविधिकरण र प्रविधि विकास गरी नयाँ रोजगारी र उत्पादनका क्षेत्र सिर्जना गरिनेछ ।

२१६. बृहत वृक्षारोपण र वन विकास कार्यक्रम मार्फत एक वडा एक उद्यान पार्क निर्माण कार्य सञ्चालन गरिनेछ ।

२१७. जडिबुटी तथा अन्य उच्च मूल्यका मसलाजन्य उत्पादनमा जोड दिइनेछ ।



टोप बहादुर हि.सी.
अध्यक्ष

२१८. वन पैदावार उपयोग तथा जैविक विविधता र वातावरण सम्बन्धी नीति, कानुन, योजना तर्जुमा कार्यान्वयन नियमन तथा अनुगमन गरिनेछ ।

२१९. खानी तथा खनिज पदार्थहरूको पहिचान तथा वातावरणीय जोखिम न्यूनीकरण उपाय अवलम्बन गरी सञ्चालन, व्यवस्थापन तथा उपयोग गरिनेछ ।

२२०. वनमा आधारित प्राकृतिक फलफुल खेति विस्तार गरी बजारीकरण मार्फत स्वरोजगार बनाईने छ ।

२२१. उच्च प्रविधिको नर्सरी प्रवर्द्धन गरिनेछ ।

**भूमि तथा जलाधार संरक्षणः**

२२२. जलाधार क्षेत्रहरू संरक्षण तथा उपयोग गर्ने नीति तयार गरिनेछ ।

२२३. समुदायमा आधारित जलवायु परिवर्तन अनुकूल कार्यक्रम सञ्चालन गरिनेछ ।

२२४. गाउँपालिका क्षेत्रभित्र रहेका जलाधार क्षेत्रहरु पहिचान, नक्सांकन, संरक्षण एंव सहभागितामूलक व्यवस्थापन गरिनेछ ।

२२५. पानीका मुहान संरक्षणका लागि प्राकृतिक रिचार्ज पोखरी निर्माण, पुर्वाधार निर्माणमा मुहान संरक्षणमा जोड दिइने छ।

२२६. वर्षे पानी संकलन गर्ने संरचना निर्माण गर्ने नीति अवलम्बन गरिनेछ ।

२२७. विभिन्न खोलाबाट हुने कटानलाई नियन्त्रण गर्न आवश्यकता अनुसार गुरु योजना बनाई कार्यान्वयन गरिनेछ ।

२२८. जलवायु उत्पन्न प्रकोप व्यवस्थापन गर्न पूर्वतयारी तथा सचेतना निर्माण गर्ने कार्य गरिनेछ ।

२२९. प्रकोप नक्सांकन तथा जोखिम न्यूनीकरण गरिनेछ ।

२३०. विपद व्यवस्थापन तथा जलवायु अनुकुलनका लागि आवश्यक नीति निर्माण गरी कार्यान्वयन गरीने छ ।आँपतकालीन कार्यसञ्चालन केन्द्र स्थापना र सञ्चालनमा ल्याइनेछ ।

२३१. यस वर्ष भूमि समस्या समाधान आयोगसंग जोडिएका सुकुम्वासी, अव्यस्थित वसोवास भूमिहीन दलित सुकुम्वासी र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्न संघीय सरकारले लिएको नीति अनुरुप वडास्तरमा संकलन गरिएका निवेदन उपर निष्पक्ष छानविन गरि स्थानीय तहले गर्नपर्ने सबैकार्यको फछर्यौट गरिने छ ।

२३२. गाउँपालिका क्षेत्र भित्र अतिक्रमण भएका वन क्षेत्र , सार्बजनिक जग्गा ऐलानी क्षेत्र लगाएत सवै सरकारी जग्गाका संरक्षण गर्ने निती अवलम्वन गरिने छ ।

२३३. गाउँपालिका, वडा कार्यालय, विद्यालय, स्वास्थ्य चौकी, सहकारी संघ संस्था लगाएत सवै प्रकारका सरकारी, सार्वजनिक कार्यालय लगाएतका नाउमा ल्याउन पर्ने जग्गा को लगत तैयार गरी आफ्नो स्वामित्वमा ल्याईने छ ।

२३४. गाउँपालिका क्षेत्र भर मालपोत कर वढि भएको भन्ने जनगुनासो लाई मद्य नजर गरि राजश्व समायोजनाका लागी आवश्यक पहल गरिने छ भने पालिका क्षेत्र भरका सडक वाटोको लगत कट्टा गर्न आवश्यक पहल गरिने छ ।

टीप बहादुर बि.सी.
अध्यक्ष

**वातावरण तथा स्वच्छता:**

२३५. वातावरणीय मूल्याङ्कन आवश्यक हुने उद्योग तथा पूर्वाधारको नीति तथा मापदण्ड तयार गरिनेछ ।

२३६. वातावरणीय चेतना, फोहोरमैला व्यवस्थापन र शैक्षिक तथा जनचेतना कार्यक्रम तिव्र बनाइनेछ ।

२३७. प्रदुषण मापदण्ड, शुल्क तथा जरिवाना लागू गरिनेछ ।

२३८. हरेक घरको दिशाजन्य लेदो व्यवस्थापन (Faecal Sludge Management) को लागि सेफ्टी ट्याङ्की सहित पिट होललाई अनिवार्य गराईनेछ र खुला दिशामुक्त रणनीतिलाई निरन्तरता दिइनेछ।

२३९. पर्यटकीय पार्कहरुमा फोहोर विसर्जनका विभिन्न विधिहरु मार्फत फोहोर व्यवस्थापन गरिने छ ।

२४०. फोहरमैला व्यवस्थापनका लागि पि.पि.ई मोडल प्रयोग गरिनेछ ।

२४१. प्लाष्टिक प्रयोग निरुत्साहित गर्नका लागि सफा झोला कार्यक्रम सञ्चालन गरिनेछ ।

२४२. गोवर ग्याँस, सुधारिएको चुलो, विद्युतीय चुलो जस्ता कम खर्चिला तथा वातावरणीय रुपमा अनुकुल प्रविधिको प्रयोग गरिनेछ ।

**महामारी तथा विपद् व्यवस्थापन:**

२४३. विपद् जोखिम पूर्वानुमान, पूर्वतयारी र प्रतिकार्य सम्बन्धी पूर्वाधार, जनशक्ति क्षमता र सूचना प्रणालीको विकास गरिनेछ ।

२४४. गाउँपालिकामा विपद् व्यवस्थापन नीति, रणनीति तयार गरी कार्यान्वयन गरिनेछ ।

२४५. खुला क्षेत्रको पहिचान, अभिलेखाङ्कन तथा व्यवस्थापन कार्य गरिनेछ ।

२४६. नागरिकमैत्री सुरक्षा सेवा सुदृढ गरी जोखिम व्यवस्थापन र न्यूनीकरणको लागि सार्वजनिक, निजी तथा सामुदायिक लगानी वृद्धि गरिनेछ ।

२४७. जोखिम क्षेत्र पहिचान गरी जोखिम नक्सा होडिङ बोर्ड राखिनेछ ।

२४८. विपद् व्यवस्थापन समितिलाई उचित तालिमको व्यवस्था गरिनेछ ।

२४९. वडास्तरीय विपद प्रतिकार्य क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरी युवा स्वयंसेवक दल तयार गर्न सहजीकरण गरिनेछ ।

२५०. विपद् सम्बन्धी विद्यालय स्तरीय सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

२५१. विपद् पछिको पुनर्स्थापनाको लागि उद्धार सामग्री, कोष, उद्धार संयन्त्र र प्रविधिको विकास गरिनेछ ।

२५२. निर्मित भू–उपयोग नीतिका माध्यमबाट जोखिम क्षेत्रको पहिचान गरिनेछ ।

२५३. जोखिममा रहेका वस्तीहरुलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने योजना निर्माण गरिनेछ ।

२५४. बाढी, पहिरो, भू–क्षय र खोला कटान नियन्त्रण गरिनेछ ।

टोप बहादुर वि.सी.
अध्यक्ष

## सुशासन तथा संस्थागत विकासः

### सुशासन, क्षमता विकास तथा सेवा प्रवाहः

२५५. गाउँ कार्यपालिकाको भवन तथा वडा कार्यालय भवनहरुको निर्माण, मर्मत संभार तथा स्तरोन्नती कार्य गरिनेछ ।

२५६. गाउँपालिका भवनका लागि आवश्यक जमीन गाउँपालिकाको नाममा नामसारी र भवनको विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गरिनेछ ।

२५७. आवश्यक विधि र कानुनहरुको निर्माण ग्ररी संस्थागत कार्यप्रणालीको स्थापना कार्यलाई निरन्तरता दिइनेछ ।

२५८. संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी गुणस्तरीय सेवाप्रवाह र विकास निर्माण कार्यलाई गति दिन संगठनात्मक पुर्नसंरचना गरिनेछ ।

२५९. दरबन्दी अनुसार कर्मचारीहरुको पद पूर्ति गरिनेछ ।

२६०. कानुनको मस्यौदा निर्माणमा बस्तीस्तरको छलफल र विषयगत समिति, उपसमिति हुँदै कार्यपालिका तथा सभाको सबै प्रक्रिया पुरा गरिनेछ । कार्यपालिकाले गठन गरेका विकास समिति र वडा समितिहरुलाई काम, कर्तव्य र दायित्व र कानून निर्माण सम्बन्धमा अभिमुखिकरण गरिनेछ । साथै सभाले गठन गर्ने संसदीय समितिलाई समेत संसदीय अभ्यासका सम्बन्धमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

२६१. कर्मचारी र पदाधिकारीहरुको क्षमता विकास गरिनेछ ।

२६२. गाउँपालिकाको वेवसाइट नियमित रुपमा अध्यावधिक गरिनेछ ।

२६३. कर्मचारीको कार्यसम्पादनस्तरलाई सुधार गर्न कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागु गरिनेछ।

२६४. सेवा प्रवाहका हरेक चरणमा प्रविधिको उपयोग तथा विस्तार गरी सेवा प्रवाहलाई सरलीकरण गरिनेछ।

२६५. गाउँपालिकाबाट उपलब्ध हने सेवाहरु असहाय, अपाङ्ग बद्धृ एवम दृष्टिबिहीन सबै प्रकारका फरक क्षमताका नागरिकले प्राप्त गर्नेगरी नागरिकमैत्री वातावरणको व्यवस्था मिलाइनेछ।

२६६. पार्दशिता तथा शुसासनको लागि पालिकासँग सम्बन्धित सूचनालाइ विद्युतीय सञ्चार माध्यमबाट सार्वजनिकरण गरिने छाराजपत्रको नियमित प्रकाशन व्यवस्था मिलाइनेछ।गाउँपालिकाका सबै नीति तथा कानुनहरु नियमित वेवसाइटमा प्रकाशित गरिनेछ।

२६७. स्थानीय विकास संरचना तथा सेवा प्रवाहको मापदण्डहरु तयार गरी कार्यान्वयन गरिनेछ ।

२६८. नागरिक वडापत्रलाई अध्यावधिक गरी डिजिटल नागरिक वडापत्र कार्यान्वयनमा ल्याइनेछ ।

२६९. गुनासो सुनुवाई, सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नागरिक सन्तुष्टी जस्ता नागरिक उत्तरदायी संयन्त्रहरुलाई प्रभावकारी बनाइनेछ । नागरिकका गुनासा, सुझाव तथा उजुरीहरूको सुनुवाइ र समाधानका लागि व्यवस्थित गुनासो व्यवस्थापन प्रणाली लागू गरिनेछ।

२७०. बजेट, कार्यक्रम तथा कार्यप्रगतिहरुको नियमित रुपमा सार्वजनिक गरिनेछ ।

२७१. अन्तर तह तथा अन्तर निकाय समन्वय प्रभावकारी बनाइनेछ ।



टोप बहादुर बि.सी.
अध्यक्ष

२७२. "नमस्ते गुराँस" मोबाइल एप सञ्चालन गरी स्थानीय गुनासो सुन्ने, पृष्ठपोषण लिने र व्यवस्थापन गर्ने प्रणालीलाई अझ प्रभावकारी बनाइनेछ ।

२७३. बेरुजुको विवरण सहितको वार्षिक प्रतिवेदन सभाको अर्थ तथा सार्वजनिक लेखा समितिमा प्रस्तुत गरिनेछ ।

२७४. अनुगमन कार्ययोजनाको निर्माण गरी कार्यान्वयन गरिनेछ ।

२७५. नतिजामा आधारित सूचकहरु निर्माण गरी सूचकमा आधारित अनुगमन प्रणाली स्थापना गरिनेछ ।

२७६. आयोजनागत रुपमा अनुगमनको जिम्मेवारी तोकी नियमित अनुगमन प्रतिवेदन प्राप्त हुने व्यवस्था मिलाइनेछ ।

२७७. वस्तुगत विवरण तयार गर्दा प्राकृतिक श्रोत र सेवा सुविधाहरुको पहुँच सहितको श्रोत नक्साहरु तयार गरी वार्षिक रुपमा अध्यावधिक गरिनेछ ।

२७८. वस्तुगत विवरण र श्रोत नक्साहरुलाई विद्युतीय प्रणालीमा आबद्ध गरिनेछ ।

२७९. गाउँपालिकाका महत्त्वपूर्ण कागजात, निर्णय, योजनाहरू तथा प्रशासनिक अभिलेखहरूको सुरक्षित संरक्षण तथा डिजिटल अभिलेखीकरण प्रणाली विकास गरिनेछ।

२८०. भौगोलिक, सामाजिक, आर्थिक, संस्थागत, लैङ्गिक लगायतका विषय क्षेत्रका खण्डीकृत तथ्याङ्क सहितको वस्तुगत विवरण तयार गरि गाउँपालिकाको वेवसाइडमा राखिनेछ ।

२८१. मेट्रिक सिस्टममा घर नम्बरिङ्ग तथा ल्यान्ड डिजिटलाईजेसन कार्य अगाडि बढाइनेछ गरिनेछ ।

**लेखाङ्कन, राजश्व परिचालन तथा वित्तीय अनुशासनः**

२८२. लेखा परीक्षण र वित्तीय व्यवस्थापन सम्बन्धी निकायको संस्थागत सुदृढीकरण गरी राजश्व परिचालनको क्षमता वृद्धि गरिनेछ ।

२८३. सूचना प्रविधिको प्रयोगलाई विस्तार गरी खरिद योजना कार्यविधि तयार गरिनेछ ।

२८४. आन्तरिक आयको श्रोत पहिचान र श्रोतको बढोत्तरी गरिनेछ ।

२८५. चुस्त दुरुस्त लेखा प्रणाली विस्तार गर्ने र अन्तिम लेखा परीक्षणबाट देखिएका वेरुजु फछ्र्यौट कार्य गरिनेछ ।

२८६. शून्य वेरुजु नीतिलाई सहयोग पुऱ्याउने आवश्यक कानूनी संरचना निर्माण गरिनेछ ।

२८७. उपभोक्ता समिति मार्फत गर्ने भनी खरिद विधि छनौट भएका योजनाहरुको कार्यान्वयनका लागि प्रत्येक आर्थिक वर्षको श्रावण मसान्त भित्र प्रचलित कानुन बमोजिम उपभोक्ता समिति गठन गर्न प्रोत्साहन गरिनेछ ।

२८८. नागरिकलाई कर तिरेको प्रत्याभुति गराई नागरिकलाई करको दायरामा ल्याउने कार्य गरिनेछ ।

२८९. गाउँपालिकाको राजश्व सुधार सम्भाव्यता अध्ययन गरिनेछ ।

२९०. SUTRA प्रणालीमा आवद्ध रहेको गाउँपालिकाको वित्तीय कारोवारलाई व्यवस्थित गरिनेछ ।

२९१. राजश्वको दायरालाई बढाउने र दरलाई न्यूनीकरण गर्ने नीति निर्माण गरिनेछ ।

२९२. कार्यालयको आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ गर्दै वित्तीय अनुशासन, जवाफदेहिता, पारदर्शिता तथा सुशासनका सिद्धान्तहरूको प्रभावकारी कार्यान्वयन गरिनेछ।



टोप बहादुर खि.सी.
अध्यक्ष

२९३. विगत समयदेखि प्रयोगमा नआउने भइ गोदाममा रहेका जिन्सी सामानहरु कानुन अनुसार लिलाम प्रक्रिया अगाडि बढाइ जिन्सी व्यवस्थापनमा प्रभावकारिता ल्याइनेछ ।

२९४. खरिद प्रणालीलाई थप प्रभावकारि वनाउन विधुतीय ठेक्का प्रणालीलाई पूर्ण रुपमा अवलम्बन गरी उपभोक्ता र पटके खरिदलाई निरुत्साहित गरिनेछ।

२९५. गाउँपालिकाका सबै सरकारी कार्यालयहरुमा सरकारी सम्पत्तिको उपयोग संरक्षण र दीगोपनालाई आधार मानी सम्वद्ध कर्मचारी तथा जनप्रतिनिधिलाई पुरस्कारको व्यवस्था गरिनेछ।

**आदरणीय गाउँ सभाका सदस्य ज्यूहरु,**

उपरोक्त नीति कार्यक्रमको आधारमा यस पालिकास्तरमा निम्न लिखित योजना तथा कार्यक्रमहरु प्राथमिकतामा रहेको यस सम्मानित सभामा जानकारी गराउँदछु ।

१. एक घर एक धारा (घर घर धारा गुराँस सरकारको अविभारा) ।
२. पूर्ण स्वरोजगार गाँउपालिका/एक घर एक रोजगार कार्यक्रम ।
३. भौतिक विकास र मानव विकाससंगै, दीगो विकास लक्षित नीति, कार्यक्रम र बजेट ।
४. पूर्ण सरसफाई र खानेपानी सम्पन्न गाउँपालिका
५. पूर्ण विद्युतीकरण गाँउपालिका ।
६. एक वडा एक उद्योग कार्यक्रम ।
७. मिनि औद्योगिकग्राम स्थापना ।
८. एक टोल एक उत्पादन कार्यक्रम ।
९. टोल विकास संस्थासंगै श्रम सहभागिता ।
१०. गुराँस गौरव मार्गकवो प्रारम्भिक सम्पन्न ।
११. कृषि विकास तथा अनुसंधान केन्द्रसंगै टिस्यू कल्चर ल्याब संचालन ।
१२. गाउँपालिको वहुउद्देश्यीय प्रशासकीय भवन स्थापना ।
१३. शून्य भ्रष्टाचार र वेरुजु नियन्त्रण ।
१४. १५ शैया अस्पतालको संचालन ।
१५. आयुर्वेद अस्पताल सञ्चालन ।
१६. योगा हल तथा हेल्थ सेण्टर ।
१७. खुल्ला व्यायमशाला निर्माण ।



टोप बहादुर बि.सी.
अध्यक्ष

१८. डिजिटल गाँउपालिका तथा लेस पेपर कार्यालय।

१९. राउटेको स्थायी नमूना बसोबास व्यवस्था।

२०. बालमैत्री स्थानीय शासन गाउँपालिका घोषणा।

२१. गाउँपालिका क्षेत्रको भूमि व्यवस्थापन तथा सार्वजनकि जग्गा संरक्षण।

२२. पालिका Profile तथा समग्र गुरुयोजना तयार।

२३. एकल तथा साझेदारीमा सञ्चालित अधुरा योजना तथा कार्यक्रम सम्पन्न।

२४. अभिभावक शिक्षा र बालबालिका शिक्षाको लागि प्रभावकारी तालिम कार्यक्रम सञ्चालन।

२५. बेरुजु नियन्त्रण तथा असुल उपर।

प्रस्तुत नीति तथा कार्यक्रमले ***"सुख, समृद्धिका लागि शासकीय सुधारः हातेमालो गरी फेरौं गुराँसको मुहार"*** नारालाई व्यवहारमा उतार्न विकासका प्राथमिकता र बजेट तर्जुमाको आधारलाई प्रस्तुत गरेको छ। यसको कार्यान्वयनका लागि प्राप्त हुने रचनात्मक सुझावलाई मार्गदर्शनको रुपमा लिई सबैको संयुक्त प्रयास, समन्वय, सहकार्य र अपनत्व बोधबाट प्रस्तुत नीति तथा कार्यक्रम गराँसको विकासमा कोशेढुंगा साबित हुनेछ। गुराँस गाउँपालिकाको समग्र विकासको आधार तय गर्ने यो नीति तथा कार्यक्रम तयार गर्दा सद्भाव र सल्लाह सुझाव दिनुहुने संघ र प्रदेश सरकारका अग्रज प्रतिनिधिहरु, प्रमुख अतिथि ज्यू, गाउँपालिका उपाध्यक्ष ज्यू, बिषयगत समिति, विभिन्न राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, नीजि क्षेत्र, प्राज्ञिक क्षेत्र, संचारकर्मी, नागरिक समाज, युवा, अग्रज व्यक्तित्व, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्था, स्थानीय सामाजिक संघ संस्था, विकास साझेदार लगायत आम गुराँसवासीप्रति धन्यवाद ज्ञापन गर्दै हार्दिक आभार प्रकट गर्न चाहन्छु।

धन्यवाद, नमस्कार!

जय गुराँस!

टोप बहादुर बि.सी.
अध्यक्ष

टोप बहादुर बि सी

गाउँपालिका अध्यक्ष

गुराँस गाउँपालिकाको गाउँपालिकाको कार्यालय रानीमत्ता, दैलेख कर्णाली प्रदेश नेपाल २०७३

**अनुसूची २**

गुराँस गाउँसभा
रानीमत्ता, दैलेख
गाउँ सभाको १८ औं अधिवेशन
मितिः २०८३/०३/०२

## राजश्व परामर्श समितिको आर्थिक वर्ष २०८२/८३ को वार्षिक प्रतिवेदन

श्रीमान् सभा अध्यक्ष ज्यू, प्रमुख अतिथि ज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, सम्पूर्ण वडा अध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु लगायत गाउँसभा सदस्य ज्यूहरु, गुराँस गाउँपालिका अन्तर्गत कार्यरत सर/मेमहरु आज मिति २०८३/०३/०२ गतेका दिन शुरु हुन गइरहेको यस गुराँस गाउँपालिकाको गाउँसभाको १८औं अधिवेशनमा राजश्व परामर्श समितिको २०८२/८३ को वार्षिक प्रगति प्रतिवेदन पेश गर्ने अनुमती चाहन्छु ।

**१. पृष्ठभूमीः** नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्तर सरकारी वित्त परिचालन ऐन, २०७४ ले स्थानीय तहलाई स्थानीय स्रोत परिचालन गरी आन्तरिक आय वृद्धि गर्ने अधिकार प्रदान गरेको छ । सोही व्यवस्था बमोजिम गुराँस गाउँपालिकाले आफ्नो वित्तीय क्षमता अभिवृद्धि, राजश्व प्रशासन सुदृढीकरण तथा स्थानीय स्रोतहरुको अधिकतम उपयोग गरी दीगो आर्थिक विकास हासिल गर्ने उद्देश्यले राजश्व परामर्श समिति मार्फत आन्तरिक आयको अवस्था, सम्भावना तथा आगामी वर्षको राजश्व नीति सम्बन्धमा अध्ययन गरी यो प्रतिवेदन तयार गरी सम्मानित गुराँस गाउँपालिकाको १८ औँ गाउँसभामा पेश गरिएको छ।

**२. समितिको गठनः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५ बमोजिम गुराँस गाउँपालिकाको राजश्व परामर्श समिति देहाय बमोजिम गठन गरिएको छः

| क्र.सं. | नामथर | पद | जिम्मेवारी |
|---|---|---|---|
| १ | श्री शिवा कुमारी खड्का | उपाध्यक्ष | संयोजक |
| २ | श्री ओम प्रकाश देवकोटा | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ३ | श्री खड्क वहादुर शाही | वडा अध्यक्ष | सदस्य |
| ४ | श्री अमृता कुमारी वि.सी. | कार्यपालिका सदस्य | सदस्य |
| ५ | श्री गणेश डाँगी | गुराँस उद्योग वाणिज्य संघ | सदस्य |
| ६ | श्री सुन्दर बहादुर वि.सी. | राजश्व शाखा प्रमुख | सदस्य सचिव |

**३. समितिको कार्यक्षेत्रः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनले गाउँपालिकाको राजश्व परामर्श समितिको कार्यक्षेत्र देहायबमोजिम रहेका छनः

टोप बहादुर वि.सी.
अध्यक्ष

- गाउँपालिकाको आन्तरिक आयका स्रोतहरुको पहिचान, अध्ययन र विश्लेषण गर्ने ।
- कर, शुल्क, दस्तुर, सेवा शुल्क, जरीवाना तथा अन्य राजश्वका दरहरु सम्बन्धमा सुझाव दिने ।
- आगामी आर्थिक वर्षको आन्तरिक आयको अनुमान तथा प्रक्षेपण गर्ने ।
- राजश्व वृद्धि गर्न सकिने सम्भावित क्षेत्रहरुको खोजी तथा अध्ययन गर्ने ।
- राजश्व प्रशासनलाई प्रभावकारी, पारदर्शी र प्रविधिमैत्री बनाउन सुझाव दिने ।
- करदातामैत्री वातावरण सिर्जना गर्न आवश्यक उपायहरु सिफारिस गर्ने ।
- राजश्व चुहावट नियन्त्रण तथा राजश्व संकलन प्रणाली सुधारका उपायहरु सुझाव दिने ।
- प्राकृतिक स्रोत, नदीजन्य पदार्थ, पर्यटन व्यवसाय, सम्पत्ति वा अन्य स्थानीय स्रोतबाट प्राप्त हुन सक्ने राजश्वको अध्ययन गर्ने ।
- राजश्व नीति, कानून, कार्यविधि तथा मापदण्ड निर्माणका लागि सुझाव प्रदान गर्ने ।
- राजश्व संकलनको अवस्था, समस्या तथा चुनौतिहरुको समीक्षा गरी समाधानका उपाय सिफारिस गर्ने ।
- गाउँ कार्यपालिकालाई राजश्व सम्बन्धी आवश्यक परामर्श तथा सुझाव उपलब्ध गराउने ।
- स्थानीय तहको दीगो आर्थिक सुदृढीकरणका लागि राजश्व सुधार योजना तयार गर्न सहयोग गर्ने ।

**४. समितिको गरेका कार्य तथा उपलब्धिहरुः**

समितिले चालु आर्थिक वर्षमा देहायका कार्यहरु सम्पादन गरेको छः

- चालु आर्थिक वर्ष २०८२।०८३ को राजश्व संकलनको समीक्षा ।
- गाउँपालिका भित्रका कर तथा गैरकर राजश्व स्रोतहरुको अध्ययन ।
- वडा तथा सरोकारवालाहरुसंग छलफल ।
- राजश्व दर, दायरा तथा संकलन प्रक्रियाको विश्लेषण ।
- आगामी आर्थिक वर्षका लागि राजश्व अनुमान तथा प्रक्षेपण र सुधारका सुझाव तयार ।
- आगामी आर्थिक वर्ष २०८३।०८४ का लागि आर्थिक विधेयक, २०८३ को मस्यौदा तयार ।

**५. चालु आर्थिक वर्षको राजश्व संकलनको अवस्था र आगामी आर्थिक वर्षको आय तथा राजश्व अनुमानः**

गाउँपालिकाले सम्पत्ति कर, भूमि तथा मालपोत कर, वहाल कर, व्यवसाय कर, सेवा शुल्क तथा दस्तुर, सिफारिस दस्तुर, घटना दर्ता शुल्क, प्राकृति स्रोत उपयोग शुल्क, न्यायीक दस्तुर, विद्युत सेवा शुल्क, अन्य प्रशासनिक सेवा शुल्क, अन्य कर तथा राजश्व जस्ता कर र गैरकर क्षेत्रबाट राजश्व संकलन गर्दै आएको छ । राजश्व संकलनको समग्र अवस्था सन्तोषजनक रहेता पनि अपेक्षित लक्ष्य प्राप्तिमा केही चुनौतीहरु देखिएका छन । राजश्व संकलनको वार्षिक प्रगति औषत रुपमा लक्ष्यको करिव



टोप बहादुर बि.सी.
अध्यक्ष

५१ देखि ६० प्रतिशतसम्म हुने गरेको छ । चालु आर्थिक वर्षमा राजश्व तथा आय अनुमान प्रक्षेपण **२ करोड १२ लाख ७० हजार रुपैंया** गरिएकोमा सुत्र प्रणालीबाट संकलन हालसम्मको राजश्व संकलन ८० लाख २४ हजार ३१३ रुपैंया ७९ पैंशा मात्र (३७.६७ प्रतिशत) भएको छ भने आगामी आर्थिक वर्ष २०८३।०८४ का लागि आय तथा राजश्व **१ करोड ८१ लाख ५५ हजार रुपैंया** अनुमान/प्रक्षेपण गरिएको छ ।चालु आर्थिक वर्ष २०८२।०८३ को हालसम्मको संकलन भएको राजश्व र आगामी आर्थिक वर्ष २०८३।०८४ को लागि प्रक्षेपण/अनुमान गरिएको आन्तरिक आय तथा राजश्व देहाय बमोजिम विष्तृत रुपमा प्रस्तुत गरिएको छः

देहायः

| क्र सं | राजश्व संकेत | आम्दानी शीर्षक | आ व ०८२।८३ को प्रक्षेपण | आ व ०८२।०८३ हालसम्मको प्राप्त राजश्व | आ व २०८३।०८४ को प्रक्षेपण |
|---|---|---|---|---|---|
| १ | ११३१४ | भुमिकर/मालपोत | २८ लाख | १९७५४६१.१८ | २८ लाख |
| | ११३१३ | सम्पती कर | ०० | २७४८१८.७३ | ३ लाख |
| २ | ११३१७ | वहाल कर | १ लाख | १२५४४७.३३ | २ लाख |
| ३ | ११३१८ | वहाल विटौरी कर (व्यापारीक स्टल) | १ लाख | ५५००.६२ | ५० हजार |
| ४ | ११४५२ | पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | २५ हजार | ०० | २५ हजार |
| ५ | ११४७९ | अन्य मनोरञ्जन कर | ५० हजार | ०० | ५० हजार |
| ६ | ११६११ | व्यावसायले भुक्तानी गर्ने | ०० | १४७०० | ०० |
| ७ | ११६३१ | कृषि तथा पशुजन्य वस्तुको व्यावसायीक कारोवारमा लाग्ने कर | २५ हजार | १२३२१० | २५ हजार |
| ८ | | मासुको प्रयोजनका लागि बिक्री गरिने पशु चौपायमा लाग्ने कर | २० हजार | ०० | २० हजार |
| ९ | ११६३२ | अखेटोपहारमा लाग्ने कर | ६० हजार | ५७२० | ६० हजार |
| १० | ११६९१ | अन्य कर | २ लाख | २१७२५ | २ लाख |
| ११ | १४१५१ | सरकारी सम्पत्तीको वहालबाट प्राप्त करब्याकहो लोडर र एम्बुलेन्स समेत | २५ लाख | ५५४०७० | २५ लाख |
| १२ | १४१९१ | पर्यटन शुल्क भ्युटावर समेत | १० लाख | १०१०० | २ लाख |



टोप बहादुर बि.सी.
अध्यक्ष

| | | | | | |
|---|---|---|---|---|---|
| १३ | १४२११ | कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम | १० लाख | ३९७४६ | १० लाख |
| १५ | १४२१२ | सरकारी सम्पतिको विक्रीबाट | ०० | ५४५५० | ५० हजार |
| १६ | १४२१७ | नहर तथा कुलो उपयोग बापतको शुल्क | ५० हजार | ०० | ५० हजार |
| १७ | १४२१८ | विद्युतीय सेवा शुल्क/विद्युत महशुल | १० लाख | ८३०३७४ | १५ लाख |
| १८ | १४२६२ | विद्युत सम्बन्धी दस्तुर | ३ लाख | ४४१९२३.४३ | १० लाख |
| १९ | १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री | १ लाख | ०० | ५० हजार |
| २० | १४२२१ | न्यायिक दस्तुर | २० हजार | ०० | २० हजार |
| २१ | १४२२३ | शिक्षा क्षेत्रको आम्दानी | २० हजार | ५००० | २० हजार |
| २२ | १४२२४ | परीक्षा शुल्क | १ लाख | १८००० | ५० हजार |
| २३ | १४२२५ | यातायात क्षेत्रको आम्दानी | १० हजार | ०० | १० हजार |
| २४ | १४२२९ | अन्य प्रशासनिक सेवा सुल्क | ३ लाख | २३८००० | ३ लाख |
| २५ | १४२४१ | पार्किङ्ग शुल्क | १० हजार | ०० | १० हजार |
| २६ | १४२४२ | नक्सापार दस्तुर | ३ लाख | ०० | १ लाख |
| २७ | १४२४३ | सिफारिस दस्तुर | ९ लाख | ६१९००० | १० लाख |
| २८ | | वडा मुचल्का | ५० हजार | | |
| ३० | १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | ३ लाख | २६१७०० | ३ लाख |
| ३१ | १४२४५ | नाता प्रमाणित दस्तुर | १ लाख | ९६८०० | १ लाख |
| ३२ | १४२४९ | अन्य दस्तुर | २ लाख | ६५५६५ | १ लाख |
| ३३ | १४२५४ | रेडियो/एफ.एम.सञ्चालन दस्तुर | २५ हजार | ०० | २५ हजार |
| ३४ | | व्यावसाय रजिष्ट्रेशन दस्तुर | | ६७६०० | १ लाख |
| ३५ | १४२६३ | जलस्रोत सम्बन्धि दस्तुर | ४५ हजार | ५००० | २० हजार |
| ३६ | | मुहान दर्ता तथा नविकरण | | | |
| ३७ | १४२६५ | अन्य क्षेत्रको आय | ४० लाख | ५७०० | २० लाख |
| ३८ | १४३११ | न्यायिक दण्ड जरिवाना र जफत | १० हजार | ०० | १० हजार |
| ३९ | १४३१२ | प्रशासनिक दण्ड जरिवाना र जफत | ३ लाख | २२०८०० | ३ लाख |
| ४० | १४५२१ | प्रदुषण नियन्त्रण शुल्क | १० हजार | ०० | १० हजार |
| ४१ | १४५२९ | अन्य राजश्व | १ लाख | ०० | ५ लाख |
| ४३ | १४६११ | व्यावसाय कर | १ लाख ५० हजार | ३००० | १ लाख |



बहादुर बि.सी.
अध्यक्ष

| | | | | | |
|---|---|---|---|---|---|
| ४४ | १५१११ | बेरूजु | २५ लाख | १८३७००२.५० | २५ लाख |
| ४५ | १५११३ | अनुदान फिर्ता | २५ लाख | ५०००० | २५ लाख |
| ४६ | ३३३६६ | दहत्तर बहत्तर शुल्क | | २७४६०० | ५ लाख |
| | | **जम्मा:** | **२ करोड १२ लाख ७० हजार रुपैंया मात्र।** | **८० लाख १४ हजार ३१३ रुपैंया ७९ पैंशा मात्र।** | **१ करोड ८१ लाख ५५ हजार रुपैंया मात्र।** |

**६. संशोधित कर शीर्षक र दररेट:**

आगामी आर्थिक वर्ष २०८३।०८४ देखि लागु हुने गरी देहायका करका दर तथा शुल्कहरु हेरफेर गरिएको छ अन्य करका दर तथा शुल्कहरु यथावत राखिएको छः

**गुराँस आर्थिक विधेयक २०८३ को दफा १२** अनुसूची **११ संग सम्बन्धित** वोट विरुवा शुल्क

| | |
|---|---|
| सुन्तला कलमी प्रति विरुवा | संघीय दररेट बमोजिम ७५ |
| सुन्तला विजु प्रति विरुवा | संघीय दररेट बमोजिम ४५ |
| कागती कलमी प्रति विरुवा | संघीय दररेट बमोजिम ७५ |
| कागती विजु प्रति विरुवा | संघीय दररेट बमोजिम ४५ |
| माल्टा विजु प्रति विरुवा | संघीय दररेट बमोजिम ४५ |
| अमिलो विजु प्रति विरुवा | संघीय दररेट बमोजिम ४५ |
| आँप दसरी प्रति विरुवा | संघीय दररेट बमोजिम ८५ |
| आँप अम्रपाली प्रति विरुवा | संघीय दररेट बमोजिम ११५ |
| लिचि कलमी प्रति विरुवा | संघीय दररेट बमोजिम ८५ |
| ओखर कलमी प्रति विरुवा | संघीय दररेट बमोजिम २५० |
| ओखर विजु प्रति विरुवा | संघीय दररेट बमोजिम ७५ |
| टिमुर प्रति विरुवा | संघीय दररेट बमोजिम ४५ |
| एभोकार्डो प्रति विरुवा | संघीय दररेट बमोजिम ७० |
| संरक्षित जालीघरभित्र उत्पादित सुन्तला कागती | संघीय दररेट बमोजिम १५० |
| किवि कलमी प्रति विरुवा | संघीय दररेट बमोजिम १५० |
| अम्बा विजु प्रति विरुवा | संघीय दररेट बमोजिम ४० |
| तिनपाते सुन्तला प्रति विरुवा | संघीय दररेट बमोजिम २५ |

टोप बहादुर सि.सी.
अध्यक्ष

गुराँस आर्थिक विधेयकको २०८३ को दफा [illegible] अनुसूची १७ सँग सम्बन्धित एम्बुलेन्स शुल्क

| क्र स | देखि | सम्म | शुल्क रु |
|---|---|---|---|
| १ | गुराँस गाउँपालिका | वीरेन्द्रनगर सुर्खेत, दैलेख बजार, दैलेख दुल्लु | रु ४०००/- |
| २ | गुराँस गाउँपालिका | नेपालगञ्ज वाँके | रु ७०००/- |
| ३ | गुराँस गाउँपालिका | चितवन | रु २००००/- |
| ४ | गुराँस गाउँपालिका | काठ्माडौं | रु २५०००/- |

**गुराँस आर्थिक विधेयकको २०८३ को दफा १९ अनुसूची १८ सँग सम्बन्धित सवारी साधन उपयोग शुल्क (ब्याकहो लोडर)**

| क्र स | विवरण | प्रतिघण्टा रु | कैफियत |
|---|---|---|---|
| १ | इन्धन सहित | रु ३०००/- | |
| २ | इन्धन बाहेक | रु १७००/- | इन्धन प्रयोगकर्ताले बेहोर्ने |

**गुराँस आर्थिक विधेयकको २०८३ को दफा ६ अनुसूची ५ सँग सम्बन्धित जडीवुटी, कवाडी र जीवजन्तु सम्बन्धी कर**

| क्र.सं | विवरण | एकाई | दर रु |
|---|---|---|---|
| १ | चुत्रो वोक्रा | प्रति के जी | ५/- |
| २ | चुत्रो डाठ वा जरा | प्रति के जी | २/- |
| ३ | खोटो | प्रति के जी | ३/- |
| ४ | मेटा | प्रति के जी | ३/- |

**७. राजश्व संकलनमा देखिएका समस्या तथा चुनौतीहरु:**

राजश्व संकलनमा देहायका समस्या तथा चुनौतीहरु देखिएको छन्

- करदाताको अभिलेखीकरण पूर्ण रुपमा नभएको ।
- व्यवसाय तथा सम्पत्तिको अद्यावधिक विवरणको अभाव ।
- करदातामा कर तिर्ने संस्कृतिको अपेक्षित विकास हुन नसकेको ।
- राजश्व संकलनमा प्रयोग भएको सुत्र प्रणालीमा वेलाबखत समस्या देखिनु/ सर्भर कमजोर हुनु ।
- प्राकृतिक स्रोतजन्य राजश्व संकलनमा निगरानीको कमी ।
- गुराँस गाउँपालिकाको क्षेत्रभित्र स्थापना तथा संचालनमा रहेका व्यक्तिगत तथा संस्थागत व्यवसायहरु करको दायरामा ल्याउन नसकिएको ।

टोप बहादुर वि.सी.
अध्यक्ष

- आन्तरिक आम्दानीका स्रोतहरुबाट हुने आम्दानी अनुमान गर्न कठिन रहेका कारण अनुमान यथार्थपरक बन्न नसकेको ।

**८. राजश्व वृद्धि गर्ने सम्भावना भएका क्षेत्रहरुः**

देहायका सम्भावना भएका क्षेत्रहरुबाट गुराँस गाउँपालिकाको राजश्व तथा आन्तरिक आय वृद्धि हुने देखिन्छः

- सम्पत्ति करको दायरा विस्तार गर्ने ।
- व्यवसाय दर्ता तथा नवीकरणलाई प्रभावकारी बनाउने ।
- घरवहाल करको प्रभावकारी कार्यान्वयन गर्ने ।
- सेवा शुल्क र दस्तुरको समयानुकूल पुनरावलोकन गर्ने ।
- पर्यटन, कृषि तथा स्थानीय उत्पादन प्रवर्द्धन मार्फत आय बृद्धि गर्ने ।
- प्राकृतिक स्रोत तथा वातावरणीय शुल्कको व्यवस्थित संकलन गर्ने ।
- गुराँस गाउँपालिकाको क्षेत्रभित्र स्थापना तथा सञ्चालन भएका सम्पूर्ण व्यक्तिगत तथा व्यवसायिक संस्थालाई अनिवार्य रुपमा वार्षिक व्यवसाय करको दायरामा ल्याउने ।

**९. समितिको सुझावः**

- सम्पूर्ण करदाताको डिजिटल अभिलेख तयार गर्ने ।
- कर तथा शुल्क दर समयानुकूल पुनरावलोकन गर्ने ।
- व्यवसाय दर्ता तथा नवीकरणलाई अनिवार्य र व्यवस्थित गर्ने ।
- राजश्व चुहावट नियन्त्रणका लागि नियमित अनुगमन गर्ने ।
- करदाता शिक्षा कार्यक्रम संचालन गर्ने ।
- अनलाईन तथा विद्युतिय भुक्तानी प्रणाली लागू गर्ने ।
- राजश्व प्रशासनलाई थप प्रभावकारी वनाउन आवश्यक जनशक्ति र प्रविधिको व्यवस्था गर्ने साथै सो संग सम्बन्धित जनशक्तिलाई क्षमता अभिवृद्धि गर्ने ।
- राजश्व संकलन प्रभावकारी, व्यवस्थित तथा राजश्व वृद्धिमा उल्लेखनिय भूमिका निभाउने कर्मचारी, वडा कार्यालय र उद्यमी व्यावसायिलाई वार्षिक प्रोत्साहन गर्ने ।

**निष्कर्षः**

गुराँस गाउँपालिकाको आर्थिक आत्मनिर्भरता अभिवृद्धिका तथा दीगो विकासका लागि आन्तरिक आय अभिवृद्धि अपरिहार्य रहेको छ । उपलब्ध स्रोतहरुको वैज्ञानिक व्यवस्थापन, करको दायरा विस्तार, राजश्व प्रशासनको आधुनिकीकरण तथा



टोप बहादुर बि.सी.
अध्यक्ष

जनसहभागितामूलक राजश्व प्रणालीमार्फत आगामी आर्थिक वर्षमा आन्तरिक आय वृद्धि गर्न सकिने समितिको निष्कर्ष छ। प्रस्तुत प्रतिवेदनमा उल्लेखित सुझाव तथा अनुमानलाई आधार मानी आगामी आर्थिक वर्ष २०८३।०८४ को राजश्व नीति, विधेयक, कार्यक्रम, करका दररेट, स्वीकृत गर्न सम्मानित १८ औं गाउँसभा समक्ष यो प्रतिवेदन पेश गरिएको छ।

धन्यवाद।

**प्रतिवेदकः**

उपाध्यक्ष- शिवा कुमारी खड्का

संयोजक- राजश्व परामर्श समिति गुराँस गाउँपालिका, दैलेख।

टोप बहादुर बिष्ट
अध्यक्ष

**अनुसूची ३**

गुराँस गाउँसभा

रानीमत्ता, दैलेख

गाउँ सभाको १८ औं अधिवेशन

मितिः २०८३/०३/०२

**न्यायिक समितिको आर्थिक वर्ष २०८२/८३ को वार्षिक प्रतिवेदन**

श्रीमान सभा अध्यक्ष ज्यू, प्रमुख अतिथि ज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, सम्पूर्ण वडा अध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु लगायत गाउँसभा सदस्य ज्यूहरु, गुराँस गाउँपालिका अन्तर्गत कार्यरत सर/मेमहरु आज मिति २०८३/०३/०२ गतेका दिन शुरु हुन गइरहेको यस गुराँस गाउँपालिकाको गाउँसभाको १८औं अधिवेशनमा न्यायिक समितिको २०८२/८३ को वार्षिक प्रगति प्रतिवेदन पेश गर्ने अनुमती चाहन्छु ।

**समितिको कार्यक्षेत्र:-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४७ को उपदफा १ र २ बमोजिम रहेको छ ।

**समिति पदाधिकारीहरुको नामावली निम्न बमोजिम छ ।**

१. श्री शिवा कुमारी खड्का - संयोजक
२. श्री चन्द्र बहादुर राना - सदस्य
३. श्री अमृता कुमारी बि. सी. - सदस्य
४. श्री उमा कुमारी खड्का -उजूरी प्रशासक

न्यायिक समितिलेको कामकारबाही सम्पादन गर्नको निम्ति निर्माण भएका कानूनहरुः

१. न्यायिक समिति कार्यसम्पादन ऐन, २०७९
२. मेलमिलाप केन्द्र संचालन सम्बन्धी कार्यविधि,२०८०

**सम्पादित कार्यहरुः**

न्यायिक समितिले आ.व. २०८२।०८३ को वार्षिक (२०८२ साउन देखि २०८३ जेठ मसान्त सम्म) उजुरी व्यवस्थापन तर्फ गरेका कार्यहरुः

| गत वर्षको जिम्मेवारी सरी आएका निवेदन | आर्थिक वर्ष २०८२/८३ मा जम्मा दर्ता भएका निवेदन संख्या | निर्णय भएका निवेदन संख्या | जिल्ला प्रशासनमा सिफारिस गरिएका निवेदन संख्या | दरपिठ गरिएको निवेदन संख्या | हेर्न बाँकी निवेदन संख्या | सम्पर्क विहिन |
|---|---|---|---|---|---|---|
| ० | १० | ४ | १ | ० | ६ | ० |

**कार्यसम्पादनको क्रममा न्यायिक समितिका सवल पक्षः**

१. स्थानीय स्तरमै दुई पक्षबीचको छलफलबाट विवाद समाधान हुने भएकोले पक्ष र विपक्षको लागत समय र रकम बचत भएको ,



टोप बहादुर बि.सी.
अध्यक्ष

२. विवाद समाधान पश्चात दुई पक्षबीच मनमुटाव र वैरभावको विचार हटि आपसी सुसम्बन्ध कायम गर्न तर्फ प्रेरित भएको ।
३. वडास्तरमा मेलमिलाप केन्द्र स्थापनाका लागि मेलमिलापकर्तालाई तालिम प्रदान गरिएको ।
४. न्यायिक समितिको छुट्टै सचिवालय स्थापना गरी उजुरी प्रशासकको व्यवस्था गरिएको ।
५. न्यायिक कार्यसम्पादन समयमै गर्ने गरिएको ।

**कार्य सम्पादन गर्दा देखिएका समस्या /चुनौती:-**

१. तोकिएको मिति र समयमा पक्ष विपक्ष उपस्थित नभैदिनु ।
२. पक्षले निवेदन दिँदा न्यायिक समितिबाट निरुपण गर्न सकिने र मिलापत्र गराउन सकिने स्थानीय सरकार संचालन ऐन,२०७४ को परिच्छेद ८ दफा ४७(१) र ४७(२) भन्दा बाहिरको मुद्दा आउनाले सेवाग्राहीलाई सम्झाई बुझाई गर्न गाह्रो भएको ।
३. पक्षले निवेदन दिँदा विपक्षको सम्पर्क नं. र सहि ठेगाना उल्लेख नगर्दा म्याद बुझाउन गाह्रो भएको ।
४. पारिवारिक बेमेल तथा असन्तुष्टि सम्बन्धि उजुरीको सम्झाई बुझाई गर्न गाह्रो भएको।
५. प्राय विवाद माना चामल तथा खाना खर्चसंग सम्बनधि आउने भएका कारण माना चामल के-कति बारे विवाद समाधानमा कानूनी अल्झन भएको।

**विवाद समाधान गर्दा अवलम्न गरिएका उपायहरु:-**

१. विवाद तथा उजुरी व्यवस्थापनमा स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद-८ मा भएको न्यायिक कार्य सम्बन्धि व्यवस्थाको अवलम्बन गरिएको ।
२. गाउँपालिकाले आफैले निर्माण गरेका कानूनको आधार लिएको ।
३. आलीसाँधी विवादमा सम्बन्धित ठाउँमै गएर छलफल गराएको ।
४. न्यायिक समितिबाट निरुपण र मिलापत्र गराउन नमिल्ने मुद्दाको बिषयमा सेवाग्राहीलाई सम्झाई बुझाई अन्यत्र ठाउँबाट कानूनी उपचार गर्न सल्लाह दिएको।
५. पक्षलाई निवेदन गर्दा विपक्षको नाम ठेगाना सम्पर्क नं. र बिषय बस्तु प्रष्ट शब्दमा लेखि ल्याउन सल्लाह दिएको ।

**सुधार गर्नुपर्ने पक्षहरुः**

१. न्यायिक समिति सचिवालयमा दर्ता हुन आउने उजुरी व्यवस्थापनलाई सफ्टवेयर पद्धतिमा लैजानुपर्ने,
२. गाउँपालिकामा छुट्टै न्यायिक ईजलासको व्यवस्था गरिनुपर्ने,
३. प्रत्येक वडामा मेलमिलाप कर्ताहरु सूचीकृत गरी वडा स्तरमै विवादको समाधान तर्फ ध्यान दिनुपर्ने,
४. कानूनी सल्लाह तथा परामर्श सम्बन्धि कर्मचारी र जनप्रतिनिधिहरुलाई अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम निरन्तर हुनुपर्ने,
५. मेलमिलाप केन्द्रको व्यवस्था गरिनुपर्ने ।
६. कानून विज्ञ तथा ज्ञातालाई परामर्शदाताको रुपमा गाउँपालिकामा व्यवस्थापन गर्नुपर्ने।

टोप बहादुर खत्री
अध्यक्ष

**निष्कर्ष:-**

आदरणीय गाउँ सभा अध्यक्ष ज्यू, प्रमुख अतिथि ज्यू तथा गाउँ सभा सदस्य ज्यूहरु,

माथि उल्लेखित विभिन्न उल्झनका बावजुद पनि यस गुराँस गाउँपालिका अन्तर्गतको न्यायिक समितिले निरन्तर न्याय सम्पादन गरिरहेको छ । यस प्रक्रियालाई चुस्त दुरुस्त बनाउनका निमित्त सफ्टवेयर प्रणाली संचालनमा ल्याउनुका साथै वडास्तरीय मेलमिलाप केन्द्रको स्थापना गरी मेलमिलापकर्तालाई चलायमान बनाउने र न्याय सेवासंग सम्बन्धित कर्मचारी/उजुरी प्रशासक समेतको व्यवस्थापन गर्न सकेमा न्यायिक कार्यसम्पादन अझ प्रभावकारी हुने विषयमा विश्वस्त हुन चाहान्छु ।

धन्यवाद ।।

**प्रतिवेदकः**
उपाध्यक्ष शिवा कुमारी खड्का
संयोजक- न्यायिक समिति

टोप बहादुर बि.सी.
अध्यक्ष

गाउँ कार्यपालिकाको कार्यालय
गुराँस गाउँपालिका
रानीमत्ता, दैलेख
कर्णाली प्रदेश नेपाल
२०७३

अनुसूची ४

गुराँस गाउँसभा

रानीमत्ता, दैलेख

गाउँ सभाको १८ औं अधिवेशन

मितिः २०८३/०३/०२

**अर्थ तथा सार्वजनिक लेखा समितिको आ. व. २०८२/८३ को वार्षिक प्रतिवेदन**

श्रीमान सभा अध्यक्ष ज्यू, प्रमुख अतिथि ज्यू, उपाध्यक्ष ज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, सम्पूर्ण वडा अध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु लगायत गाउँसभा सदस्य ज्यूहरु, आज मिति २०८३/०३/०२ गतेका दिन शुरु हुन गइरहेको यस गुराँस गाउँपालिकाको गाउँसभाको १८ औं अधिवेशनमा अर्थ तथा सार्वजनिक लेखा समितिको आर्थिक वर्ष २०८२/८३ को वार्षिक प्रगति प्रतिवेदन पेश गर्ने अनुमती चाहन्छु ।

**पृष्ठभूमिः**

गाउँपालिकाले प्रवाह गर्ने सार्वजनिक सेवाको गुणस्तरियता र नियमितताको चेकजाँच गरी सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउने उद्देश्यका साथ यो समिति गठन भएको हो ।

**समितिको कार्यक्षेत्र**

गाउँपालिकाको सार्वजनिक लेखासंग सम्बन्धित प्रचलित ऐन कानुनहरुको परिपालनाको अवस्थाको चेकजाँच गरी स्थानीय सरकारबाट प्रवाहहुने सेवाहरुलाई प्रभावकारी बनाउन आवश्यक अनुगमन, निर्देशन तथा सल्लाह सुझावहरु दिनु समितिको प्रमुख कार्य हो ।

(१) राजश्व र करका दरहरु बमोजिम कर संकलनको अवस्था अनुगमन गर्ने,

(२) विभिन्न योजना कार्यान्वयनको अवस्थामा खरिद लगायतका विषयमा हुने र हुनसक्ने अनियमितता र बेरुजुका बारेमा अनुगमन तथा पृष्ठपोषण गर्ने,

(३) लेखा राख्दा ऐन नियमको परिपालना गरे नगरेको चेकजाँच गर्ने,

(४) कार्यालयले सञ्चालन गरेका योजना तथा कार्यक्रमहरु नियमसंगत रहे नरहेको ऐकिन गरी आवश्यक सल्लाह सुझाब दिने,

(५) लेखापरीक्षकबाट प्राप्त प्रतिवेदनमा छलफल गर्ने र बेरुजुको घटाउने उपायहरु अवलम्बन गर्ने,

(६) सभाले तोकेका अन्य थप कार्यहरु गर्ने ।

**समिति गठन**

कर्णाली प्रदेश गाउँ सभा र गाउँ सभा सञ्चालन कार्यविधि ऐन, २०७५ दफा ३६ बमोजिम गाउँसभाबाट चयन गरिएका समितिका सदस्यहरुको नामावली देहाय अनुसार रहेको छः

१) श्री भुपेन्द्र बहादुर चन्द - संयोजक

टोप बहादुर बि.सी.
अध्यक्ष

२) श्री नगेन्द्र प्रसाद लामिछाने - सदस्य

३) श्री डम्बर चन्द - सदस्य

४) श्री अंकित घिमिरे - सदस्य सचिव

**समितिद्वारा सम्पादित कार्यविवरण**

यस समितिलद्वारा सम्पादन गरेका कार्यहरु देहाय बमोजिम रहेका छन ।

१. महालेखापरीक्षक तथा आन्तरिक लेखापरीक्षकबाट औल्याइएका बेरुजु सम्बन्धमा फस्यौंट तथा सम्परीक्षण गर्न आर्थिक प्रशासन प्रमुखको संयोजकत्वमा ३ सदस्यीय एक बेरुजु फस्यौंट समिति गठन गरिएको।

२. आर्थिक वर्ष २०७९/८०, २०८०/८१ र २०८१/८२ को महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा औल्याइएको असुल उपर बेरुजुलाई असुलीको प्रक्रिया अगाडी बढाई सम्बन्धित व्यक्ति तथा संस्थाहरुलाई पत्राचार गरी ३५ दिन भित्र अनिवार्य रुपमा दाखिला गर्न निर्देशन दिने निर्णय गरिएको।

३. विगतका आर्थिक वर्षहरुबाट नै पेश्की फस्यौंट गर्न बाँकीको मास्केबारी (म.ले.प.फा.नं. २११) को प्रतिवेदनमा देखिएको पेश्की फस्यौंट सम्बन्धमा आवश्यक प्रक्रिया, सम्पूर्ण आवश्यक कागजात तथा विल भरपाई र प्रचलित कानून बमोजिम फस्यौंट गर्न निर्देशन दिने निर्णय गरिएको।

४. गाउँपालिकाको गाउँसभाको १६औ अधिवेशनबाट नियमित गरिएका बेरुजुहरु फस्यौंटका लागि समितिको बैठक मार्फत महालेखापरीक्षकको सिस्टम NAMS मा प्रविष्टि गर्ने निर्णय गरिएको।

५. आर्थिक वर्ष २०८१/८२ को अन्तिम लेखापरीक्षणको दौरानमा आ.व. २०८०/८१ को वेरुजु रकम रु. ३१,४२,७१३ र आ.व. २०८१/८२ को बेरुजु रकम रु. ४५,३०,९९० गरी महालेखा परीक्षकद्धारा औल्याइएको बेरुजु मध्ये कुल रकम रु. ७६,७३,७०३ सम्परीक्षण गरी लगत कट्टा गरिएको।

**कार्य सम्पादन गर्दा आइपरेका समस्या/चुनौतीहरु**

-आवश्यक कागजात तथा प्रमाणहरुको संकलन गर्दा समयमै कागजातहरु प्राप्त नहुने।

-सम्परीक्षण प्रक्रियामा महालेखा परीक्षकको कार्यालयद्धारा तत्परता नदेखाउने गरेको।

-लेखापरीक्षण सिस्टम NAMS मा आर्थिक वर्ष 2077178 भन्दा पुरानो प्रतिवेदनहरु प्रविष्टि नभएको।

-नयाँ प्रणालीमा रहेको त्रुटीका कारण समेत बेरुजु फच्छयौटका लागि केही दफाको बेरुजुको विवरण प्रबिष्ट गर्न नसकिएको।

-बेरुजु फस्यौंट तथा सम्परीक्षण कार्यका लागि कार्यालयका सम्पुर्ण कर्मचारीहरुको सहभागिता तथा लगाव कम हुने गरेको।

-अनुगमन कार्य प्रभावकारी ढंगले अगाडि बढाउन नसकिएको ।

टोप बहादुर खत्री
अध्यक्ष

**निष्कर्ष**

अर्थ तथा सार्वजनिक लेखा समितिले आफ्ना कार्यहरु संचालन गर्दा केही समस्या/चुनौतीहरु देखिएता पनि समस्याहरुलाई समाधान गरी समितिले गर्नु पर्ने कार्यहरु पूर्णरुपमा गर्न सकेमा यसले गुराँस गाउँपालिकाले प्रवाह गर्ने सेवा तथा विकास निर्माण सम्बन्धि कार्यहरुलाई प्रभावकारी र गुणस्तरीय बनाउन सहयोग गर्ने देखिन्छ।

भुपेन्द्र बहादुर चन्द
संयोजक
अर्थ तथा सार्वजनिक लेखा समिति

टोप बहादुर बि.सी.
अध्यक्ष

अनुसूची ५

गुराँस गाउँसभा

रानीमत्ता, दैलेख

गाउँसभाको १८ औं अधिवेशन

मिति २०८३।०३।०२

**विधायन समितिको आ.व. २०८२ ।०८३ को वार्षिक प्रतिवेदन**

श्रीमान सभा अध्यक्ष ज्यू, प्रमुख अतिथि ज्यू, विशिष्ठ अतिथि ज्यू, अतिथि ज्यूहरु, प्रमुख प्रशासकीय अधिकृतज्यू, सम्पूर्ण वडा अध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु लगायत गाउँसभा सदस्य ज्यूहरु, गुराँस नगपालिका अन्तरगत कार्यरत सर/मेमहरु आज मिति २०८३/०३/०२ गतेका दिन शुरु हुन गइरहेको यस गुराँस गाउँपालिकाको गाउँसभाको १८ औं अधिवेशनमा विधायन समितिको आर्थिक वर्ष २०८२/८३ को वार्षिक प्रगति प्रतिवेदन पेश गर्ने अनुमती चाहन्छु ।

**पृष्ठभूमिः** यस गुराँस गाउँपालिकाका अन्तर्गतका सम्पूर्ण कार्यक्रमहरुलाई स्थानीय सरकार संचालन ऐन,२०७४ को मर्म अनुरुप, मर्यादित, सरल, सर्वुलभ एवम् कानूनी प्रावधान अनुरुप संचालन गर्ने हेतुले यस गाउँपालिकाको प्रत्येक कार्यपालिका बैठकबाट कानून निर्माण गर्ने, परिमार्जन गर्ने तथा बनाईएका कानूनको संसोधन गर्ने, कानून कार्यान्वयनको अवस्था समीक्षा गर्ने र दुरगामी असरबारे छलफल गर्ने गरिएको छ । आर्थिक वर्ष २०८२।०८३ को वार्षिक अवधिमा **ऐन ३ वटा, कार्यविधि १३, मापदण्ड १ र आचारसंहिता २ वटा** स्वीकृत गरेकोले सो अनुमोदनका लागि पनि सम्मानित सभा समक्ष अनुरोध गर्न चाहन्छु ।

**समितिको कार्यक्षेत्र**

१. सभामा प्रस्तुत भई विधायन समितिमा पेश हुन आएका विधेयकहरुमा छलफल गर्ने ।

२. कार्यपालिकाले स्वीकृत गरेका कानूनहरुको अध्ययन गरी सभामा प्रतिवेदन पेश गर्ने ।

३. जनप्रतिनिधि तथा कर्मचारीका लागि कानूनी साक्षरता सम्बन्धी कार्यक्रम सञ्चालनमा सहजीकरण गर्ने ।

**समितिका पदाधिकारीहरुको नामावली:**

१. वार्ड नं. ७ का अध्यक्ष श्री नन्द बहादुर वि.सी. -संयोजक

२. वार्ड नं. ८ का गाउँ सभा सदस्य श्री महेश बहादुर खत्री -सदस्य

३. न्यायिक समिति उजुरी प्रशासक -सदस्य

**स्वीकृतको लागि सभामा पेश भएका कानूनहरुको विवरणः सम्मानित सभा समक्ष स्वीकृतिका लागि प्रस्ताव गर्दछु ।**

१. गुराँस गाउँपालिकाको आर्थिक तथा वित्तीय उत्तरदायित्व ऐन, २०८२

२. गुराँस गाउँपालिकाको सहकारी ऐन पहिलो शंसोधन ऐन, २०८२

३. आर्थिक कार्यविधि (नियमित तथा व्यवस्थित) गर्न बनेको विधेयक, २०८३

२०८२ साउन देखि २०८३ जेष्ठ मसान्त सम्म कार्यपालिकाबाट अनुमोदित कानूनहरुः



टोप बहादुर बि.सी.
अध्यक्ष

**स्वीकृत कानूनहरुको विवरणः**

४. गुराँस गाउँपालिकाको लेखा समितिको कार्य संचालन कार्यविधि, २०८२
५. गुराँस गाउँपालिकाको बेरुजु फर्छ्यौट कार्यविधि, २०८२
६. गुराँस खेलकुद विकास समिति गठन, संचानल व्यवस्थापन कार्यविधि, २०८२
७. गुराँस गाउँपालिकाको लेखा समितिको कार्य संचालन कार्यविधि, २०८२
८. टोल विकास संस्था गठन, परिचालन र व्यवस्थापन कार्यविधि, २०८२
९. पूर्ण सरसफाई तथा स्वच्छ गुराँस कार्यक्रम संचालन कार्यविधि, २०८२
१०. राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०८३
११. राजश्व परामर्श समिति संचालन सम्बन्धी कार्यविधि, २०८३
१२. श्रोत अनुमान तथा बजेट सीमा निर्धारण सम्बन्धी कार्यविधि, २०८३
१३. बजेट तथा कार्यक्रम तर्जुमा समितिको कार्य सञ्चालन कार्यविधि, २०८३
१४. बिषयगत समिति (कार्यसञ्चालन) कार्यविधि, २०८३
१५. सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी कार्यविधि, २०८३
१६. गाउँ कार्यपालिकाको बैठक सञ्चालन सम्बन्धी कार्यविधि, २०८३
१७. गाउँपालिकाका पदाधिकारीहरुको आचारसंहिता, २०८३
१८. गाउँपालिकाका कर्मचारीहरुको आचारसंहिता, २०८३
१९. करार सेवामा कार्यरत कर्मचारीहरुको कार्यसम्पादनस्तर मूल्याङ्कन तथा नयाँ अवधिको लागि करार सम्झौता सम्बन्धी मापदण्ड, २०८३

**कार्यपालिकाबाट स्वीकृत हुन बाँकी कानूनहरुः**

१. प्रशासकीय कार्यविधि (नियमित गर्ने) विधेयक, २०८३
२. गाउँ कार्यपालिका (कार्य विभाजन) नियमावली, २०८३
३. गाउँ कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०८३
४. कानून, निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण सम्बन्धी (कार्यविधि) नियमावली, २०८३
५. सार्वजनिक खरिद नियमावली, २०८३
६. आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका, २०८३

यसरी गाउँपालिकालाई आवश्यक पर्ने कानूनहरु समय-समयमा निर्माण भई कार्यान्वयन भईरहेको अवस्था छ। कतिपय कानूनहरु निर्माणको क्रममा विविध समस्या तथा चुनौतीहरु देखा परेको देखिन्छ। कानून निर्माण तथा परिपालनामा देखा परेका वा देखा पर्न सक्ने चुनौती तथा समस्याहरु सामना गर्दै गाउँपालिकाबाट चुस्त दुरुस्त सेवा प्रदान गर्नु अपरिहार्य छ।

**कानून निर्माणको सबल पक्षः**

- समय समयमा गाउँपालिकालाई आवश्यक पर्ने कानूनहरु निर्माण भई कार्यान्वयन भएको,
- कामकारबाही तथा कार्यक्रमको संचालनको लागि प्रयाप्त मार्ग प्रसस्त भएको,
- सम्बन्धित कामकारबाहीसंगको कानूनी रिक्तता हटेको,



टोप बहादुर बि.सी.
अध्यक्ष

- गाउँपालिकाबाट प्रदान गरिने सेवा प्रति नागरिकको अपनत्व वृद्धि भएको
- नीतिगत व्यवस्थाका कारण कार्य अन्यौलता हटेको
- बेरुजु न्यूनीकरणमा सहयोग पुगेको

**कानून निर्माणको दुर्वल पक्षः**

- कानून निर्माणमा जनप्रतिनिधिहरु र सरोकारवाला पक्षहरुसंग प्रयाप्त छलफलको कमि हुन,
- कानूनी ज्ञान तथा सचेतनाको कमि,
- कानून निर्माणसंग सम्बन्धित समितिहरुको अन्तरक्रिया तथा बहस बारे कम ध्यान जानु,
- कानूनी विज्ञ तथा परामर्शदाताको अभाव
- बनेका केही कानुनहरु समय अनुसार प्रयोग रुपान्तरण विस्तृतिकरण हुन नसक्नु
- केही कानुनहरुको हकमा कानुनी र कार्यगत व्यवस्था तालमेल नहुनु
- पालिकामा कानुन प्रयोगको अभ्यास कम हुनु
- नीति तथा कार्यक्रम अनुसार सो सम्बद्ध कानुनहरु नहुनु

**सुधार गर्नुपर्ने पक्षहरुः**

- कानूनी सल्लाह तथा परामर्श सम्बन्धी कर्मचारी र जनप्रतिनिधिहरुलाई अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम निरन्तर हुनुपर्ने,
- कानून निर्माणको लागि आवश्यक पर्ने स्रोतसाधनको सम्बन्धमा गाउँसभाले ध्यान दिनुपर्ने
- निर्माण भएका तथा स्वीकृत हुने कानून बारे व्यापक छलफल हुनुपर्ने,
- कानूनको परिपालना सम्बन्धमा समीक्षा हुनुपर्ने,
- कानून विज्ञ तथा ज्ञाताको परामर्श लिनुपर्ने ।
- कानुनको परीक्षण र परिष्कृतिकरण गरिनु पर्ने ।
- कानुन कार्यान्वयनको सर्वेक्षण गरिनु पर्ने ।
- निश्चित कार्यका लागि तयार गरिएका कानुनहरु पुन प्रयोगमा नआउने भय खारेजी गर्नु पर्ने ।

**समग्रमाः** कानून निर्माणको क्रममा देखिने वा देखा पर्न सक्ने चुनौती तथा समस्याहरुको सामना गर्दै गाउँपालिकालाई आवश्यक पर्ने कानूनहरु समयमै निर्माण तथा संसोधन गरि कानूनहरु परिपालन गर्नु गराउनु र गाउँपालिकाबाट प्रदान हुने सेवालाई चुस्त दुरुस्त बनाउन अपरिहार्य छ । **धन्यवाद!**

**प्रतिवेदकः नन्द बहादुर वि.सी.**

**संयोजक-विद्यायन समिति**

टोप बहादुर वि.सी.
अध्यक्ष

अनुसूची ६

गुराँस गाउँसभा

रानीमत्ता, दैलेख

गाउँ सभाको १८ औं अधिवेशन

मितिः २०८३/०३/०२

**सुशासन तथा स्थानीय सेवा समितिको आ.व.२०८२/८३ को वार्षिक प्रतिवेदन**

श्रीमान सभा अध्यक्ष ज्यू, प्रमुख अतिथि ज्यू, उपाध्यक्ष ज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, सम्पूर्ण वडा अध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु लगायत गाउँसभा सदस्य ज्यूहरु, गुराँस गाउँपालिका अन्तरगत कार्यरत सर/मेमहरु आज मिति २०८३/०३/०२ गतेका दिन शुरु हुन गइरहेको यस गुराँस गाउँपालिकाको गाउँसभाको १८ औं अधिवेशनमा सुशासन तथा स्थानीय सेवा समितिको आर्थिक वर्ष २०८२/८३ को वार्षिक प्रगति प्रतिवेदन पेश गर्ने अनुमती चाहन्छु।

**१. पृष्ठभूमिः** कार्यपालिकालाई सभामार्फत जनताप्रति उत्तरदायी बनाउन र कार्यपालिकाका काम कारवाहीको निरन्तर निगरानी गर्न कर्णाली प्रदेश गाउँ सभा र गाउँ सभा सञ्चालन कार्यविधि ऐन, २०७५ दफा ३६ बमोजिम गाउँसभाले गाउँपालिकामा उपस्थित दलीय प्रतिनिधित्व, विषय विज्ञता र समावेशी सिद्धान्तका आधारमा गाउँपालिकाको लागि संयोजक सहित चार सदस्यीय सुशासन तथा स्थानीय सेवा समिति गठन गरेको छ।

**२. समितिको कार्यक्षेत्रः** कर्मचारी प्रशासन, प्रदान गरिने सेवाको स्तर, सेवाको सञ्चालन, सार्वजनिक सेवा प्रवाह र आयोजना सञ्चालन जस्ता विषयहरु समितिको कार्यक्षेत्र भित्र पर्दछ।

समितिका पदाधिकारीहरुको नामावलीः

६. वार्ड नं. ८ का अध्यक्ष श्री दिपेन्द्र वली -संयोजक

७. कार्यपालिका सदस्य श्री सम्झना कुमारी बुढा -सदस्य

८. सभा सदस्य श्री विष्णु बस्नेत -सदस्य

९. प्रशासकीय अधिकृत श्री नमिता कुमारी शर्मा -सदस्य सचिव

**३.** गुराँस गाउँपालिका गाउँ सभाको सुशासन तथा स्थानीय सेवा समितिका संयोजक तथा वडा नं० ८ का वडा अध्यक्ष श्री दिपेन्द्र वली ज्यूको अध्यक्षतामा मिति २०८३।०२।२८ गतेका दिन बसेको समितिको बैठकका निर्णय अनुसार विभिन्न प्रस्तावहरुमा छलफल गरी मातहतका शाखाहरुबाट भएको प्रगतीको समीक्षा गरी कार्यपालिका समक्ष पेश गर्ने निर्यण गरियो।

टोप बहादुर बि.सी.
अध्यक्ष

४. समितिको अधिकारक्षेत्र भित्रका विषयहरुमा भएका उपलब्धीहरु।

- हाल यस गुराँस गाउँपालिको कार्यालय, मातहतका वडा कार्यालय , स्वास्थ्य संस्था गरि जम्मा १४० जना कर्मचारी (स्थायी ६८ र करार सेवा ७२) मार्फत सेवाप्रवाह भएको।
- गुराँस गाउँपालिकाका वडा सचिवलाई अनलाइन नागरिकता सिफारिस प्रणाली सम्बन्धी १ दिने तालिम तथा अभिमुखीकरण कार्यक्रम, शाखा प्रमुखहरुलाई LGPAS सम्बन्धी १ दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको।
- नागरिक सन्तुष्टी सर्वेक्षण तथा सामाजिक परीक्षण लगाएतका क्रियाकलाप सम्पन्न गरिएको।
- आ.व २०८२।०८३ मा पालिका तथा वडास्तरबाट प्रवाह गरिएको सेवाहरुको सम्बन्धमा २ दिने अर्धवार्षिक समीक्षा कार्यक्रम सम्पन्न गरिएको।
- सबै शाखा तथा वडा कार्यालयहरुबाट प्रवाह भएका सेवा तथा संचाल गरिएका क्रियाकलापको त्रैमासिक रुपमा स्वत प्रकाशन, (पहिलो त्रैमासिक)
- यस कार्यालय तथा विषयगत शाखासंग सम्बन्धित संघ र प्रदेशमा रहेका कार्यालय तथा विभिन्न आयोगहरुमा नियमित रुपमा मासिक, त्रैमासिक, अर्धवार्षिक तथा वार्षिक प्रगती प्रतिवेदन पेश गरिएको।
- सूचनाको हकको प्रत्याभूतिका लागि सूचना अधिकारीको व्यवस्था गरिएको तथा कार्यालयबाट प्रकाशन हुने सूचनाहरु कार्यालयको वेवसाइट, फेसवुक पेज, स्थानीय एफ एम रेडियो जस्ता विद्युतीय माध्यमहरुबाट प्रकाशन तथा प्रशारण गर्ने गरिएको।
- गाउँपालिकाबाट संचालित विभिन्न योजनाहरुको अनुगमन तथा निरीक्षण सम्पन्न गरिएको।
- सबै वडा कार्यालयहरुबाट जम्मा ९९८ व्यक्तिगत घटना दर्ता गरिएको
- गाउँपालिकाको कार्यालयबाट जेठ मसान्तसम्म २१ वटा व्यवसाय दर्ता, १०२ नवीकरण तथा २ वटा व्यवसाय दर्ताको खारेजी, व्यवसाय ठाउँसारी २, व्यवसाय नामसारी ३, कारोबार थप १, घ वर्गको इजाजत पत्र दर्ता १, घ वर्गको इजाजत पत्र नवीकरण ५ गरिएको।
- गाउँपालिका मातहतका वडा कार्यालय, स्वास्थ्य संस्था, शैक्षिक संस्था तथा अन्य निकायहरुको नियमित तथा आकस्मिक निरीक्षण सम्पन्न गरिएको।

**कार्य सम्पादन गर्दा देखिएका समस्या/चुनौती:-**

- ➢ सार्वजनिक सेवा प्रवाहका सन्दर्भमा सेवाग्राहीलाई अधिकारका साथै आफ्नो कर्तव्य प्रति सचेत गराउनु,



टोप बहादुर बि.सी.
अध्यक्ष

गुराँस गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रानीमत्ता, दैलेख
कर्णाली प्रदेश नेपाल
२०७३

- डिजिटल गुराँसको अवधारणा कार्यान्वयन गर्न नागरिकहरुमा डिजिटल साक्षरताको वृद्धि गर्नु,
- आन्तरिक नियन्त्रण प्रणालीलाई बलियो बनाई वित्तीय सुशासन कायम गर्नु,
- गाउँपालिकाबाट संचालित आयोजनाहरु दीगो विकासको अवधारणा अनुरुप कार्यान्वयन गर्नु,
- गाउँपालिकाको सिमित स्रोत साधनले असिमित आवश्यकताहरुको पूर्ति गर्नु,
- अखाद्य बस्तुको विक्री वितरणमा रोक, कालोबजारी नियन्त्रण, विषादी युक्त फलफुल तथा तरकारीको उत्पादन, विक्री वितरण तथा आयातको अन्त्य गरि जनस्वास्थ्यको अधिकार स्थापित गराउनु ,
- स्थानीयस्तरमा रोजगार तथा स्वरोजगारका अवसरहरुको पहिचान तथा सृजना गरी विदेश जाने प्रवृतिको अन्त्य गर्नु,
- गाउँपालिका मातहतका सबै निकायको सेवा प्रवाहलाई छिटो छरितो तथा पारदर्शी बनाई नागरिक सन्तुष्टि प्राप्त गर्नु,
- सबै वर्ग, क्षेत्र, लिङ्ग तथा उमेर समूहका नागरिकका आवश्यकताको सम्बोधन गरि लैंगिक समानता तथा सामाजिक समावेशीकरणको सिद्दान्तलाई व्यवहारमा उतार्नु,
- व्यक्तिगत घटना दर्तालाई कानुन बमोजिम तोकिएको समयमै दर्ता गराउनु आदि ।

**निष्कर्ष**

निरन्तरको निगरानी, नागरिकसंगको सामिप्यता, मनोबलयुक्त जनशक्ति, दुरदर्शी नेतृत्व तथा उत्तरदायी जनता भएमा गुणस्तरीय विकास, प्रभावकारी सेवा प्रवाह, सर्वस्वीकृत कानून र सदाचार समाज निर्माण भई गुराँसको उन्नति र प्रगति हाम्रै पालामा सम्भव छ । सबैले हातेमालो गरौं ।

धन्यवाद!

प्रतिवेदकः
दीपेन्द्र वली

संयोजक- सुशासन तथा स्थानीय सेवा समिति

टोप बहादुर बि.सी.
अध्यक्ष

अनुसूची ७

गुराँस गाउँसभा

रानीमत्ता, दैलेख

गाउँ सभाको १८ औं अधिवेशन

मितिः २०८३/०३/०२

**सामाजिक समितिको आर्थिक वर्ष २०८२/८३ को वार्षिक प्रतिवेदन**

श्रीमान सभा अध्यक्ष ज्यू, प्रमुख अतिथि ज्यू, उपाध्यक्ष ज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, सम्पूर्ण वडा अध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु लगायत गाउँसभा सदस्य ज्यूहरु, गुराँस गाउँपालिका अन्तरगत कार्यरत सर/मेमहरु आज मिति २०८३/०३/०२ गतेका दिन शुरु हुन गइरहेको यस गुराँस गाउँपालिकाको गाउँसभाको १८ औं अधिवेशनमा सामाजिक समितिको आर्थिक वर्ष २०८२/८३ को वार्षिक प्रगति प्रतिवेदन पेश गर्ने अनुमती चाहन्छु ।

१. पृष्ठभूमिः कार्यपालिकालाई सभामार्फत जनताप्रति उत्तरदायी बनाउन र कार्यपालिकाका काम कारवाहीको निरन्तर निगरानी गर्न कर्णाली प्रदेश गाउँ सभा र गाउँ सभा सञ्चालन कार्यविधि ऐन, २०७५ दफा ३६ बमोजिम गाउँसभाले गाउँपालिकामा उपस्थित दलीय प्रतिनिधित्व, विषय विज्ञता र समावेशी सिद्धान्तका आधारमा गाउँपालिकाको लागि बढीमा संयोजक सहित पाँच सदस्यीय सामाजिक समिति गठन गरेको छ।

२. समितिको कार्यक्षेत्रः समग्र गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद, स्वास्थ्य सेवा प्रदान गरिने सेवाको स्तर, सेवाको सञ्चालन, खानेपानी तथा सरसफाई सम्बन्धी सेवा प्रवाह, महिला, बालबालिका तथा जेष्ठ नागरिक, सामाजिक समावेशीकरण, लक्षित वर्ग केन्द्रित विषयहरु समितिको कार्यक्षेत्र भित्र पर्दछ ।

समितिका पदाधिकारीहरुको नामावलीः

| | |
|---|---|
| १. वडा नं ३ का अध्यक्ष श्री काशीराम शर्मा | संयोजक |
| २. वडा नं ४ का सदस्य श्री कुलविर वि.क. | सदस्य |
| ३. वडा न. ५ का सदस्य श्री विर्मा वि.क. | सदस्य |
| ४. शिक्षा शाखा प्रमुख श्री भुपेन्द्र भण्डारी | सदस्य |
| ५. स्वास्थ्य शाखा प्रमुख श्री नारायण वि.सी. | सदस्य |
| ६. महिला, बालबालिका तथा सामाजिक समावेशीकरण शाखा प्रमुख श्री उमा कुमारी खड्का | सदस्य |
| ७. खानेपानी तथा सरसफाई इकाई प्रमुख श्री बसन्त शर्मा | सदस्य |

३. गुराँस गाउँपालिका गाउँ सभाको सामाजिक समितिका संयोजक तथा वडा नं० ३ का वडा अध्यक्ष श्री काशीराम शर्मा ज्यूको अध्यक्षता मिति २०८३।०२।२८ गतेका दिन बसेको समितिको बैठकका निर्णय अनुसार विभिन्न प्रस्तावहरुमा छलफल गरी मातहतका शाखाहरुबाट भएको प्रगतीको समीक्षा गरी कार्यपालिका समक्ष पेश गर्ने निर्यण गरियो ।

**४. समितिको अधिकारक्षेत्र भित्रका विषयहरुमा भएका उपलब्धीहरु ।**

**स्वास्थ्य तर्फः**

आ.व. २०८२/२०८३ सालमा स्वास्थ्य शाखा बाट सम्पादन गरिएका कार्यक्रमहरु



टोप बहादुर बिष्ट
अध्यक्ष

१) गर्भवती महिलाहरुको लागि निःशुल्क ग्रामीण अल्ट्रासाउन्ड शिविर नियमित संचालन जम्मा सेवालिनेहरुको संङख्याः १३३

२) यस आ.व. मा स्वास्थ्य संस्थामा जम्मा सुत्केरी हुने संङख्याः१६२

३) यस आ.व. मा स्वास्थ्य संस्थामा जम्मा जिवित बच्चा संङख्याः१६२

४) यस आ.व. मा स्वास्थ्य संस्थाबाट सेवा लिने जम्मा सेवाग्राहीः १२७२१

५) यस आ.व. मा स्वास्थ्य संस्थाबाट OPD सेवा लिने संङख्याः १०८९३

६) ७८ जना महिला स्वास्थ्य स्वयं सेविकाहरुको निःशुल्क स्वास्थ्य बीमा नवीकरण गरिएको

७) राउटे समुदायमा First AID सम्बन्धी ३ दिने तालिम संचालन गरिएको

८) स्वास्थ्य संस्थाको न्यूनतम सेवा मापदण्ड स्वमूल्याङ्कन कार्यक्रम गरिएको

९) १९गाउँघर क्लिनिक र २२ वटा खोप केन्द्रहरुबाट हरेक महिना सेवा संचालन गरिएको

१०) पुर्ण खोप सुनिश्चतता तथा दीगोपना पालिका घोषणा कार्यक्रम मिति २०८३/०२/०७ गते सम्पन्न।

११) पूर्ण खोप सुनिश्चतता का लागि घर धुरी सर्वेक्षण कार्यक्रममा जम्मा भेटघाट गरेका बालबालिकाहरुको सङख्याः ३८१

१२) ६-५९ महिना सम्मका बालबालिकाहरुका पोषण लेखाजोखा अभियान संचालन गरिएको जम्मा सेवा लिएको सङख्याः ११४४

१३) पोषणमैत्री स्वास्थ्य संस्था घोषणाका लागि सूचकहरुको पालना गरि कार्यक्रमहरु गरिराखेको।

१४) स्वास्थ्य संस्थाहरुको सामाजिक लेखा परीक्षण कार्यक्रम गरिएको।

१५) यस आर्थिक वर्ष भरि विभिन्न शीर्षकमा २५ जना स्वास्थ्यकर्मीहरुलाई क्षमता विकास तालिम दिएको।

१६) फाल्गुन महिनालाई नसर्ने रोग स्क्रिनिङ्ग महिना अभियान संचालन गरिएको ।

१७) मानसिक स्वास्थ्य प्रवर्द्धन कार्यक्रम संचालन गरिएको।

**शिक्षा यूवा तथा खेलकुद तर्फः**

- विभिन्न तालिम गोष्ठी तालिम अभिमुखीकरण कार्यक्रममा ८० जना शिक्षकहरु लाभान्वित ।
- गाउँ भित्र संचालित ४५ सामुदायिक विद्यालयहरुको नियमित अनुगमन सुपरीवेक्षण तथा पृष्ठपोषण प्रदान ।
- स्थानीय पाठ्यपुस्तक छपाई कार्य सम्पन्न भएको छ।
- एकीकृत पाठ्यक्रम सम्बन्धी कस्टमाइज्ड र ICT सम्बन्धी सूचना प्रविधि तालिम सम्पन्न भएको
- शिक्षा समिति लगायत सामाजिक समितिका बैठकहरु सम्पन्न भएका छन।

**महिला बालबालिका तथा समाज कल्याण शाखा तर्फः**

- अपांग परिचयपत्र वितरण १३ जना
- बालविवाह लैङ्गिक हिंसा रोकथाम तथा मानसिक स्वास्थ्य सम्बन्धी अभिमुखीकरण कार्यक्रम पालिकास्तरमा गरिएको ।
- ७ जना महिला उद्यमीहरुलाई २४ हजारका दरले बीउ पूँजी अनुदान दिईएको ।



टोप बहादुर वि.सी.
अध्यक्ष

➢ अपाङ्गता समन्वय समितिको बैठक ४ पटक संचालन।

➢ विभिन्न दिवसीय कार्यक्रम मनाईएको जेष्ठ नागरिक दिवस, तिज बिशेष कार्यक्रम, सविधान दिवस लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान संचालन गरिएको।

➢ ५० जना अपाङ्गता भएका व्यक्तिहरुको विवरण संकलन गरिएको।

➢ मा.वि.स्तरमा Gen Z वक्तित्वकला कार्यक्रम संचालन गरिएको।

**खानेपानी तथा सरसफाई तर्फः**

➢ गाउँपालिका भित्र १८ वटा खानेपानी तथा सरसफाई उपभोक्ता समिति क्रियाशील रहेका ।

➢ गाउँपालिकाभित्र पाइप प्रणालीको खानेपानी सेवाले ओगटेको र कुल ८०% जनसङ्ख्यामा खानेपानीको पहुँच पुगेको छ ।

➢ हाल सम्म एक घर एक धारा कार्यक्रम बाट निर्माण भएका जम्मा घरधुरी संख्या १२००

➢ गाउँपालिकामा सरसफाई पहुँचयुक्त पुगेका जम्मा घरधुरी प्रतिशत ७५%

➢ आमा समूहहरुमा सरसफाई सम्बन्धी सचेतना कार्यक्रम

**कार्य सम्पादन गर्दा देखिएका समस्या/चुनौतीः**

➢ बजेटको अप्रयाप्तता ।

➢ कार्यक्रम सम्पन्न गर्न बिज्ञताको अभाव ।

➢ बिनियोजित बजेट सुनिश्चित नहुँनु ।

**निष्कर्षः**

आगामी आर्थिक वर्ष २०८३।८४ मा माथि उल्लिखित शाखागत विभिन्न कार्यक्रमहरुलाई निरन्तरता दिन बजेट सुनिश्चितता गर्नु पर्ने देखिन्छ । मानव श्रोतको क्षमता अभिवृद्धि गर्न विभिन्न बिषयगत क्षेत्रसंग सम्बन्धित संस्था तथा कार्यालयहरुसंग समन्वय र सहकार्य गर्नु पर्ने हुन्छ ।

धन्यवाद!

काशीराम शर्मा
संयोजक-सामाजिक समिति

टीप बहादुर बि.सी.
अध्यक्ष

अनुसूची ८
गुराँस गाउँसभा
रानीमत्ता, दैलेख
गाउँ सभाको १८ औं अधिवेशन
मितिः २०८३/०३/०२

**कृषि, पर्यटन, पूर्वाधार तथा प्राकृतिक श्रोत समितिको आ.व.२०८२/८३ वार्षिक प्रतिवेदन**

श्रीमान सभा अध्यक्ष ज्यू, प्रमुख अतिथि ज्यू, उपाध्यक्ष ज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, सम्पूर्ण वडा अध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु लगायत गाउँसभा सदस्य ज्यूहरु, गुराँस गाउँसभा अन्तरगत कार्यरत सर/मेमहरु आज मिति २०८३/०३/०२ गतेका दिन शुरु हुन गइरहेको यस गुराँस गाउँपालिकाको गाउँसभाको १८ औं अधिवेशनमा कृषि, पर्यटन, पूर्वाधार तथा प्राकृतिक श्रोत समितिको आर्थिक वर्ष २०८२/८३ को वार्षिक प्रगति प्रतिवेदन पेश गर्ने अनुमती चाहन्छु।

१. पृष्ठभूमिः

कार्यपालिकालाई सभामार्फत जनताप्रति उत्तरदायी बनाउन र कार्यपालिकाका काम कारवाहीको निरन्तर निगरानी गर्न कर्णाली प्रदेश गाउँ सभा र गाउँ सभा सञ्चालन कार्यविधि ऐन, २०७५ दफा ३६ बमोजिम गाउँसभाले गाउँपालिकामा उपस्थित दलीय प्रतिनिधित्व, विषय विज्ञता र समावेशी सिद्धान्तका आधारमा गाउँपालिकाको लागि बढीमा संयोजक सहित पाँच सदस्यीय कृषि, पर्यटन, पूर्वाधार तथा प्राकृतिक श्रोत समिति गठनको व्यवस्था गरेको छ।

२. समितिको कार्यक्षेत्रः

समग्र गाउँपालिकाको वन, वृक्षारोपण, वन्यजन्तु, जलश्रोत उर्जा, खनिज पदार्थ, प्राकृतिक विपद्, छाडा चौपाया, कृषि, पर्यटन, पूर्वाधार विकास तथा निर्माण केन्द्रित विषयहरु समितिको कार्यक्षेत्र भित्र पर्दछ।

समितिका पदाधिकारीहरुको नामावलीः

| | |
|---|---|
| १. वडा नं ५ का अध्यक्ष श्री चन्द्र बहादुर राना | संयोजक |
| २. वडा नं ८ का अध्यक्ष श्री दिपेन्द्र वली | सदस्य |
| ३. वडा नं ६ का सदस्य श्री भूमिसरा वली | सदस्य |
| ४. ईन्जीनियर श्री तिर्थराज कँडेल | सदस्य |
| ५. सूचना प्रविधि अधिकृत श्री हृदयराज शाही | सदस्य |

३. गुराँस गाउँपालिका गाउँ सभाको कृषि, पर्यटन, पूर्वाधार तथा प्राकृतिक श्रोत समितिका संयोजक तथा वडा नं० ५ का वडा अध्यक्ष श्री चन्द्र बहादुर राना ज्यूको अध्यक्षता मिति २०८३।०२।२८ गतेका दिन बसेको समितिको बैठकका निर्णय अनुसार विभिन्न प्रस्तावहरुमा छलफल गरी मातहतका शाखाहरुबाट भएको प्रगतीको समीक्षा गरी कार्यपालिका समक्ष पेश गर्ने निर्यण गरियो।

४. समितिको अधिकार क्षेत्र भित्रका विषयहरुमा भएका उपलब्धीहरु।

कृषि, पर्यटन र पूर्वाधारका क्षेत्रहरूमा समितिले निम्न उपलब्धिहरू हासिल गरेको छः



टोप बहादुर बि.सी.
अध्यक्ष

**कृषि क्षेत्र:**

- यस चालु आ.व २०८२/८३ मा कृषि विकास तर्फ २ वटा नयाँ व्यवसायिक कृषि फर्म दर्ता भएका १० वटा कृषक समूह नवीकरण र ३ वटा कृषक समूह नयाँ दर्ता भएका छनासंघीय बजेट अन्तर्गतको कृषि पशुपन्छी तथा मत्स्य तथ्यांक अध्यावधिक कार्यक्रम स्वीकृत भइ विभिन्न वडाहरुको घरदैलो मै पुगी डाटा लिने काम सम्पन्न भएको छ जसमा यो आ.व.को पहिलो चरणमा ८१७ घरधुरीको सर्वेक्षण सम्पन्न भएको छ।
- गाउँपालिका क्षेत्र भित्र मलको कारोबार गरिरहेका क्रियाशील सहकारी संस्थाले अनुदानको मल बिक्रेता सिफारिस प्रमाणपत्र नवीकरण गर्ने सम्बन्धी सूचना निकालेर क्रियाशील सहकारीहरुको मात्र नवीकरण कार्य सम्पन्न गरेर नवीकरण भएका सहकारीहरुलाई अनुदानको मल को सिफारिस दिने काम निरन्तर भैरहेको
- गुराँस गाउँपलिका वार्ड नं ४ का कृषकहरुलाई निशुल्क तरकारीको बीउहरु वितरण गरिएको
- दैलेख गुराँस ४ घोडाबासमा कृषि तथा बन बिज्ञान क्याम्पस बाट आलु जोनमा इन्टर्न गर्न आउनु भयका सरहरूसंग समन्वय गरि कृषकको खेतबारीमा आलुको अनुसन्धान सुरु गरिएको
- गुराँस गाउँपालिका वार्ड नं १ सिमेसाल सुन्तला टिपेपछि गर्नुपर्ने व्यवस्थापनको तालिम प्रदान गरिएको छ।
- गुरास ८ धरमपोखरामा कृषि बालीमा लाग्ने विभिन्न रोगकिराहरुको समस्या समाधान गर्नको लागि प्रदेश एकीकृत कृषि प्रयोगशालासंग समन्वय गरि बाली उपचार शिविर संचालन गरिएको र प्रांगारिक खेती गर्ने किसानलाई प्रांगारिक सामग्री निशुल्क वितरण गरिएको छ।
- संघीय शसर्त बजेट अन्तर्गतको खाद्यान्न बालीको बीउ उपयोगमा अनुदान कार्यक्रम अन्तर्गत ५०% अनुदानमा ३५० केजी मनकामना ३ जातको मकैको बीउ र २५० केजी सुक्खा ३ एवं राम जातको धानको बीउ कृषकहरुलाई वडा कार्यालयबाट नै वितरण गरिएको छ।
- कृषकको माटो सुधार कार्यक्रम अन्तर्गत ८ वटै वार्डहरुमा रहेका क्रियाशील कृषि समूहहरु लाई १ दिने स्थलगत माटो सुधार सम्बन्धी तालिम सम्पन्न भएको छ जसमा १७५ कृषकहरु लाभन्वित हुनुभएको छ।
- हरेक बार खाना चार सम्बन्धी सचेतना कार्यक्रम सम्पन्न भएको छ जसमा १२५ जना सुनौला १००० दिनका आमाहरुलाई तालिम संगै निशुल्क पोषिला तरकारीहरुको बीउ समेत वितरण गरिएको छ।
- गुराँस गाउँपालिका वार्ड नं ४ को हरियाली गाईबान्ना तदर्थ समितिका २५ जना भन्दा बढी कृषकहरुलाई तरकारी/फलफुलमा लाग्ने रोगकिरा तथा पशुपन्छीमा देखिने समस्या सम्बन्धी १ दिने अन्तरक्रिया तथा तालिम सम्पन गरिएको छ।
- गुराँस गाउँपालिका वार्ड नं १,२,३ मा धानबालीको उत्पादकत्व पत्ता लगाउन बाली कटानी कार्य सम्पन्न भएको छ जसमा धानको उत्पादकत्व ३.३ टन प्रति हेक्टर आएको छ।
- घोडाबास कृषि शाखामा नियमित रुपमा कृषकहरुबाट आएको माटोको जाचँ भैरहेको छ।



टोप बहादुर बि.सी.
अध्यक्ष

- नियमित रुपमा कृषि शाखाबाट प्राबिधिक सेवा टेवा लगायत फिल्ड अनुगमन समस्या पहिचान तथा समाधानको काम भैरहेको छ।
- एक घर एक बगैचा कार्यक्रम अन्तर्गत ७५% अनुदानमा बर्षे फलफुल बिरुवा वितरण कार्यक्रम र ५०% अनुदानमा कृषि यान्त्रिकरण कार्यक्रमको १५ दिने सूचना निकाली कृषकको माग संकलन भई खरिद प्रक्रिया अगाडि बढेको छ ।
- ६३१ किसानहरुलाई पशु औषधी, उपचार तथा परामर्श सेवा प्रदान गरिएको छ ।
- क्यास्ट्रेसन सेवा: १७ बोका
- रेविज खोप: २०९ वटा कुकुरहरुमा र ३ बाख्राहरुमा खोप प्रदान
- खोंरेत बिरुद्धको खोप: ७२२५ गाईभैसीहरुमा
- एच.एस.+बि.क्यु. बिरुद्धको खोप: १००० गाईभैसीहरुमा
- संघीय सर्सत अनुदान तर्फको बाख्रा पकेट निरन्तरता कार्यक्रमको अनुगमन सम्पन्न भएको छ ।
- शाखामा रहेको ल्याव मार्फत २ वटा गोवर परीक्षण र १ कुखुराको पोस्टमोर्टम गरि रोग निदान गरिएको छ ।
- २४३६ बाखा, १६४ गाईभैसीर २०० कुखुराहरुमा पशु औषधी, उपचार तथा परामर्श सेवा प्रदान गरिएको छ ।
- फिल्ड स्थलमा गई रोग निदान र पशु उपचार सेवा प्रदान गरिएको छ ।

**प्राकृतिक विपद व्यवस्थापनः**

- हावाहुरी ,आगलागी लगायत विपदमा परेका ८ जनाको परिवारलाई रु.८१ हजार विपद राहत सहयोग गरिएको छ ।
- विपदमा परेका २३ जनालाई त्रिपालको ब्यबस्था गरिएको छ ।
- कृषि बालीमा असिनाले क्षती पुर्याएका १९ जना कृषकहरुलाई क्षतीपूर्ति उपलब्ध गराउनको लागि जिल्ला कृषि विकास कार्यालयमा विपद् व्यवस्थापन समितिको वैठक मार्फत सिफारिस गरिएको छ ।

**पर्यटन क्षेत्रमाः**

- स्थानीय धार्मिक र प्राकृतिक क्षेत्रको संरक्षण र प्रचार।
- साइनबोर्ड, संकेत चिह्न, फोटो ग्यालेरी स्थापना।
- गुराँस भ्यू टावर संचालन भएको जसमा नियमित पर्यटक आउने गरेको।

**पूर्वाधार क्षेत्रमा (मुख्य योजनाहरू):**

टोप बहादुर बिष्ट.
अध्यक्ष

➢ **वार्ड नं १ अन्तर्गत** एक वडा एक खेलकुद मैदान, घेड़ेढुंगा हातिसुड़े सडक निर्मान, सल्लेरी सुगरखाल सडक निर्माण, सालपोखरी सडक निर्माण, सिमेसाल सुन्तला फम सडक निर्माण, सालपोखरा सुन्तला सिचाई, खड्काबाड़ा सुनारटोल सिचाई पाइप खरिद, खामे खानेपानी पाइप खरिद, पातलखोला सेप्टी हुदै बेडूगाउ सडक स्तारुन्नती, दुर्गा प्रा.बि जीबी सौचालय निर्माणको काम सम्पन्न भएको छ भने देउतिस्थान खडकबाडा हुदै पिपलचौतारा सम्म सडक मर्मत तथा निर्माणको ९०%, सिमसन् सिंचाई कुलो निर्माणको ९०%, सिमेसाल सिचाई योजनाको ४०%, सिद्दपाइला संरक्षण तथा बराहस्थान मन्दिर मर्मतको ६० % , बेडुगाउ खा.पा. निर्माणको ६०% , खड्काबाड़ा, पीपलचौतारा लगायत वार्ड न. १ मा ४ ओटा चौतारा निर्माणको ६०% काम भएको छ ।

➢ **वार्ड नं २ अन्तर्गत** सडक बाटो सरसफाई तथा मर्मत सम्भार , वडा कार्यालयमा खानेपानी व्यवस्थापन, डुड़ापोखरा चौतारा निर्माण, बि.पी प्रा. वि. गेट निर्माणको काम सम्पन्न भएको छ भने कालेखोला सिचाई योजना लम्चुडीको ४०%, रोजिना अमड़ा सिचाई पोखरी निर्माणको ८०% , वार्ड कार्यालय र स्वास्थ्य चौकीमा गेट निर्माण र घेरबारको ५०%, माटे मस्ठा मन्दिर प्रतिक्षालय निर्माण र मन्दिर निर्माणको ९०% काम सम्पन्न भएको छ।

➢ **वार्ड नं ३ अन्तर्गत** सडक बाटो सरसफाई तथा मर्मत सम्भार, चौतारा, सडक, धार्मिक सम्पदा,शौचालय, भवन र फिल्ड निर्माण, भावर सीयालीखोला भूसंरक्षण तथा पहिरो नियन्त्रण तथा जाली व्यवस्थापन योजना, भैरव टोलमा भवन निर्माण, शान्ति मा.वि. को फिल्ड निर्माण तथा तला थप काम सम्पन्न भएको छ भने सेरीवाडा अधुरो सिंचाई कार्यको २०%,देउतिस्थान मन्दिर निर्माणको ३०% काम सम्पन्न भएको छ ।

➢ **वार्ड नं ४ अन्तर्गत** सार्वजानिक शौचालय तथा प्रतिक्षालय निर्माण वडा नं. ४, मिस्त्री टोलमा शिव मन्दिर मर्मत, सडक सरसफाइ तथा मर्मत सम्भार, बान्तला खानेपानी मर्मत, डोरेघारी खोलादेखि भित्रीखोला प्राईप खरिद, गाइबान्ना लक्ष्मि प्रा वि शौचालय निर्माण, गुराँसे वहुउदेश्य सत्सङ्ग भवन निर्माण गेट तथा घेरवार त्रिकुटेश्वर मन्दिर समेत, सियाकोट शिव मन्दिर निर्माण, घोडाबास निगालपानी जाने बाटोमा प्रतिक्षालय निर्माण, बौद्ध प्रा. वि. शौचालय निर्माण, धामिटोल खानेपानी योजना, चौतारा निर्माण कार्य सम्पन्न भएको छ भने सहरी विकास भवन मर्मत घोडावास ८०%, दोबाटो लिफ्टङ खानेपानी (पानी तान्ने मोटर र GI पाइप समेत ) ५०%, सालतडा सिंचाई कुलो ९० % ,डोरेघारि खोलादेखि भित्रीखोला पाईप खरिद ९८% , जेष्ठ नागरिक मिलन केन्द्र स्थापना ८०% काम भएको छ ।

➢ **वार्ड नं ५ अन्तर्गत** सडक बाटो सरसफाई तथा मर्मत सम्भार, सानाकाँडा बर्थिंग सेन्टर मर्नत, दुर्गा देवी आधारभुत विद्यालय घैटो निर्माण, पार्वती मा. वि. गोगनपानीमा ४ कोठे भवनको लागि झ्याल ढोका र ग्रिल कार्य, कृष्ण मा. वि. सानाकाँडा ४ कोठे भवन रेलिंग, मल्ल मन्दिर निर्माण , सिद्ध मालिका आधारभुत विद्यालय घेराबार, सुल्केरी न्यानो आवासीय घर स्थानीय सामग्रीबाट निर्माण निर्माण, गुराँस अस्पताल तला थप, सानाकाँडा समुदियिक बाल विकास भवन निर्माण, ब्रह्मा मालिका मन्दिर फिल्ड निर्माण योजना, असौजे आटीतडा सडक निर्माण योजना कार्य सम्पन्न भएको छ ।



टोप बहादुर बि.क.
अध्यक्ष

- **६ नं वार्ड अन्तर्गत** सडक बाटो सरसफाई तथा मर्मत सम्भार कार्य सम्पन्न, भ्युचुला खानेपानीको भवन निर्माण सम्पन्न, जय जनता मा.वि. जोरेबाँझ शौचालय निर्माण ९०% सम्पन्न, गाउँ घर खोप क्लिनिक निर्माण तथा व्यवस्थापन ७०% सम्पन्न, महादेव मान्दिर निर्माण ५०% सम्पन्न भएको, साना सडक पहुंच तथा मर्मत सम्भार ९५% सम्पन्न, पिलाडी जोरेबाज पौराणिक स्तम्ब तथा शीला संरक्षण २५% भएको, ६ नं वडा कार्यालय घेरबार तथा गेट निर्माण १५% सम्पन्न भएको छ।
- **वार्ड नं ७ अन्तर्गत** सडक तथा वाटो सरसफाइ मर्मत सम्भार, लालिकाँडँ कृषि सडक निर्माण, वाहुन गाउँ देखि महाँल्क्षमि प्रा. वि. सडक निर्माण, मर्खे सडक निर्माण, शान्ति मा. वि. गेट निर्माण, प्रावति प्रा. वि. फिल्ड निर्माण कार्य सम्पन्न भएको, मालिका मान्दिर खानेपानी निर्माण को १५% काम भएको छ।
- **वार्ड नं. ८ अन्तर्गत** सडक तथा वाटो सरसफाई मर्मत सम्भार, साना सडक पंहुँच तथा विस्तारको काम सम्पन्न भएको वडा कार्यालयको घेरवार तथा रंगरोगनको ६०% , झ्याजे ठुलो छहरा पर्यटन पदमार्ग निर्माण ३०%, कालिका मा विं गर्चाको अधुरो भवन निर्माण (५०%), पत्लेल वलि टोल मन्दिर निर्माण(४५%), रसालि टोल मन्दिर निर्माण (२०%) काम भएको साथै LISP अन्तर्गत गुराँस खेतिवारी सिंचाई योजनाको ८०% काम सम्पन्न भएको र भैसिपालक कृषकका घरघरमा भकारो सुधार योजनाको ४०% काम सम्पन्न भएको छ।
- हेल्भेटास अन्तर्गत ठाँटी काफलमेला खानेपानी योजनाको काम सम्पन्न, दमाहपहरा तिदुरुखमुनी खानेपानी योजनाको ७०%, छाउडेकाँडा झुँज खानेपानी योजनाको ८५%, सिर्पुगैरा पिलाडी खानेपानी योजनाको ४५ % काम सम्पन्न भएको छ।
- टेन्डर मार्फत भएका कामहरु Supply, Delivery of Medicine for Gurans Rural Municipality, Dailekh, Gurans Gapa Ward no 4 KumKhola Dekhi Gurans Gapa 3 ko Petarisamma Sadak Pahuch Gurans 2, Patalkhola Septi To Bedugaun Road Upgrading Works, Ek Ghar EK Dhara Antargat Khanepani Yojana, Gurans Gaurab Marg Sadak, Dudhila Dekhi Jhuja Khola Samma Pakki Nala Nirman Gurans-07, Bhitrikhola Puliya Deutithan Hudai Ward 2 Karyalyasamma Sadak Staronnati Kachhi Nala Samet, Bhitrikhola Water Supply Project Gurans, 5, Dobato Lifting Water Supply Project, Palika Parisar Gherabar Tatha Gate Nirman, Ek Ghar Ek Dhara Hamro Abibhara, Gurans-3, Construction of 15 Bed Hospital Gurans-4, Ek Ghar Ek Dhara Hamro Abibhara, Gurans-1, Gurans Aspatal Tala Thap, Gurans Khetibari Sichai Aaojana Ward 05,06& 08, Ek Ghar Ek Dhara Hamro Abibhara, Gurans-2, Ek Ghar Ek Dhara Hamro Abibhara, Gurans-4

**५. कार्य सम्पादन गर्दा देखिएका समस्या/चुनौती:-**

१. आवश्यकता र बजेट बीच तालमेलको कमी।



टोप बहादुर बि.सी.
अध्यक्ष

२. विपद् (पहिरो, बाढी) का कारण पूर्वाधार योजनामा ढिलाइ।

३. नदीजन्य पदार्थको ठेक्का व्यवस्थापन नहुँदा राजश्व संकलनमा कमी तथा चोरी निकासी नियन्त्रण गर्न कठीनाई।

४. जनशक्ति तथा प्राविधिकको कमी।

५. छाडा चौपाया नियन्त्रणमा जनचेतना र समन्वयको अभाव।

**६. निष्कर्षः**

समितिले चालु आर्थिक वर्षमा कृषि, पर्यटन, पूर्वाधार तथा प्राकृतिक स्रोतका क्षेत्रमा महत्त्वपूर्ण कार्यहरू सम्पन्न गरेको छ। स्थानीय जनताको जीवनस्तर उकास्न र सेवा प्रवाहमा सुधार ल्याउन यी कार्यहरू प्रभावकारी देखिएका छन्।आगामी दिनमा अझ प्रभावकारी कार्यान्वयनका लागि स्रोत, जनशक्ति र स्थानीय सहभागिता अभिवृद्धिको आवश्यकता देखिन्छ।

धन्यवाद!

संयोजकः

चन्द्र बहादुर राना

कृषि, पर्यटन, पूर्वाधार तथा प्राकृतिक श्रोत समिति

टोप बहादुर बि.सी.

अध्यक्ष

गुराँस गाउँसभा

गाउँ सभाको १८औं अधिवेशन

बैठक संख्या नं. २ स्थानः गाउँपालिका भवन मिति २०८३/०३/१० गते

<u>प्रस्तावहरुः</u>

१. पूर्व निर्णयहरुको समीक्षा सम्बन्धमा।
२. विधेयक स्वीकृत सम्बन्धमा।
३. आर्थिक वर्ष २०८३।०८४ को बजेटसंग सम्बन्धित कानूनी तथा नीतिगत मस्यौदाहरु स्वीकृत सम्बन्धमा।
४. गाउँपालिकामा आवश्यक अस्थायी तथा करार कर्मचारीको दरबन्दी स्वीकृत सम्बन्धमा।
५. गाउँपालिकामा आवश्यक अस्थायी तथा करार कर्मचारीको तलबमान स्वीकृत सम्बन्धमा।
६. रकमान्तर तथा श्रोतान्तर भएको विवरण अनुमोदन सम्बन्धमा।
७. बालमैत्री स्थानीय शासन घोषणा सम्बन्धमा।
८. कानूनी सल्लाहकार नियुक्ती सम्बन्धमा।
९. धन्यवाद ज्ञापन सम्बन्धमा।

टोप बहादुर बि.सी.
अध्यक्ष

गाउँ कार्यपालिकाको कार्यालय गुराँस गाउँपालिका

**निर्णय नं. १**

यस गुराँस गाउँपालिकाको गाउँ सभाको १८औं अधिवेशनको पहिलो दिन २०८३ असार २ गतेका दिनमा भएका निर्णयहरुको बारेमा समीक्षा गरियो।

**निर्णय नं. २**

गाउँ कार्यपालिकाको ६४औं बैठकले अनुमोदन गरी गाउँ सभाको १८औं अधिवेशनमा पेश गरेको तपसीलका विधेयकमा व्यापक छलफल भई प्राप्त सुझाव सहित स्वीकृत गर्ने निर्णय गरियो।

१. आर्थिक कार्यविधि (नियमित तथा व्यवस्थित) गर्न बनेको विधेयक, २०८३
२. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयक, २०८३
३. आर्थिक विधेयक, २०८३ (राजश्व वा करका दरहरु)
४. विनियोजन विधेयक, २०८३ (संचित कोष, कार्यक्रमगत र शीर्षकगत खर्च)

**निर्णय नं. ३**

यस गाउँपालिकाको आ. व. २०८३/८४ को बजेटसंगै स्वीकृतिका लागि गाउँपालिका उपाध्यक्ष श्री शिवा कुमारी खड्का मार्फत पेश हुन आएका कानूनले निर्दिष्ट गरेका तपसीलका कानूनी तथा नीतिगत मस्यौदाहरु आगामी सभा बैठकबाट सुझावहरु प्राप्त गर्ने गरी बैठकमा पेश गर्ने निर्णय गरियो।

(क) आर्थिक विधेयक, २०८३
(ख) विनियोजन विधेयक, २०८३
(ग) आर्थिक वर्ष २०८३/८४ को बजेट वक्तव्य
(घ) गत वर्षको राजश्व र व्ययको विवरण (२०८१/८२)
(ङ) चालु वर्षको संसोधित अनुमान (२०८२/८३)
(च) आगामी वर्षको कार्यक्रम र बजेट अनुमान (२०८३/८४)

**निर्णय नं. ४**

गुराँस गाउँपालिकालाई आवश्यक कर्मचारीका सम्बन्धमा तपसील अनुसारको करार दरबन्दी स्वीकृत गर्ने निर्णय गरियो।

**गाउँपालिका स्रोतबाट सेवा सुविधा प्राप्त गर्ने कर्मचारीहरु आर्थिक वर्ष २०८३/८४**

| सि नं | पद | पदाधिकार रहेको कार्यालय | | | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | गा पा | वडा | स्वा सं | विद्यालय | | |
| १ | मेडिकल अफिसर | ० | ० | २ | ० | २ | शत प्रतिशत थप सुविधा |
| २ | कानून अधिकृत | १ | ० | ० | ० | १ | |
| ३ | सब-ईन्जिनियर | १ | ० | ० | ० | १ | |
| ४ | हेल्थ असिष्टेण्ट | ० | ० | १ | ० | १ | |
| ५ | स्टाफ नर्स | ० | ० | १ | ० | १ | |
| ६ | कविराज | १ | ० | ० | ० | १ | |
| ७ | फार्मेसी | १ | ० | ० | ० | १ | |
| ८ | मनोसामाजिक परामर्शदाता | १ | ० | ० | ० | १ | |



दीप बहादुर बि.सी.
अध्यक्ष

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९ | इलेक्ट्रिकल असि. सब इन्जीनियर | १ | ० | ० | ० | १ | |
| १० | कृषि प्राविधिक | ० | ५ | ० | ० | ५ | ३ ओबिओटी |
| ११ | पशु सेवा प्राविधिक | ० | ३ | ० | ० | ३ | २ ओबिओटी |
| १२ | ल्याव असिष्टेण्ट | ० | ० | ३ | ० | ३ | अस्पताल सहित |
| १३ | अ.हे.ब. | ० | ० | ४ | ० | ४ | |
| १४ | अ.न.मि. | ० | ० | ८ | ० | ८ | २ जना संघीय अनुदान सहित |
| १५ | अमिन | १ | ० | ० | ० | १ | |
| १६ | विद्युत बिलिङ्ग अपरेटर/मिटर रिडर | १ | ० | ० | ० | १ | |
| १७ | छविकार फोटोग्राफर | १ | ० | ० | ० | १ | |
| १८ | गाउँ अनुदान शिक्षक | ० | ० | ० | ४५ | ४५ | कार्यरत ३० |
| १९ | लेखा सहायक | ० | ० | ० | १३ | १३ | संघीय साझेदारी |
| २० | बाल बिकास शिक्षक | ० | ० | ० | ४२ | ४२ | संघीय साझेदारी |
| २१ | का.स. बिद्यालय | ० | ० | ० | ४९ | ४९ | संघीय साझेदारी |
| २२ | बिधुत टेक्निसियन/लाइनम्यान | १ | ४ | | | ५ | |
| २३ | हलुका सवारी चालक | २ | ० | ० | ० | २ | |
| २४ | एम्बुलेन्स चालक | २ | ० | ० | ० | २ | |
| २५ | जे.सि.बि. अपरेटर | २ | ० | ० | ० | २ | |
| २६ | कार्यालय सहयोगी | ६ | ११ | १० | ० | २७ | |
| २७ | गाउँ प्रहरी | ५ | ० | ० | ० | ५ | |
| २८ | बगैंचे माली | ३ | ० | ० | ० | ३ | |
| २९ | पलम्बर | १ | ० | ० | ० | १ | |
| ३० | शौचालय सरसफाई कर्ता | १ | ० | ० | ० | १ | |
| | जम्मा | ३२ | २३ | २९ | १४९ | २३३ | |

**निर्णय नं. ५**

गाउँपालिकाको आन्तरिक श्रोत तथा राजश्व बाँडफाँडबाट सेवा सुबिधा पाउने गरी गुराँस गाउँपालिकालाई आवश्यक कर्मचारीका लागि तपसील अनुसारको तलबमान तथा अन्य सुबिधा स्वीकृत गर्ने निर्णय गरियो।

| क्र.स. | पद | मासिक तलब | कैफियत |
|---|---|---|---|
| १ | मेडिकल अफिसर | ५३६११/- | १०० प्रतिशत थप |
| २ | कानून अधिकृत | ४८०५८/- | |
| ३ | सब-ईन्जिनियर | ३८२०३/- | |



टोप बहादुर बि.सी.
अध्यक्ष

| | | | |
|---|---|---|---|
| ४ | कविराज | ३००००/- | |
| ५ | हेल्थ असिष्टेण्ट | ३००००/- | |
| ६ | स्टाफ नर्स | ३००००/- | |
| ७ | इलेक्ट्रिकल असि. सब. इन्जीनियर | २८०००/- | |
| ८ | कृषि प्राविधिक | २३०००/- | |
| ९ | पशु सेवा प्राविधिक | २३०००/- | |
| १० | फार्मेसी | ३००००/- | |
| ११ | मनोसामाजिक परामर्शदाता (पालिका) | २५०००/- | |
| १२ | अ.हे.ब. | २३०००/- | |
| १३ | अ.न.मि. | २३०००/- | |
| १४ | ल्याब असिष्टेण्ट | २३०००/- | |
| १५ | अमिन | २३०००/- | |
| १६ | विधुत बिलिङ्ग अपरेटर/मिटर रिडर | २३०००/- | |
| १७ | छविकार | २३०००/- | |
| १८ | सामाजिक परिचालक (गरीबसंग विश्वेश्वर कार्यक्रम) | २५०००/- | संघीय साझेदारी |
| १९ | बालविकास शिक्षक | २०५००/- | |
| २० | गाउँ अनुदान शिक्षक प्रा वि | २१५००/- | |
| २१ | गाउँ अनुदान शिक्षक आधारभूत | २५०००/- | |
| २२ | गाउँ अनुदान शिक्षक मा वि | ३५०००/- | |
| २३ | विद्युत टेक्नेसियन/लाइनम्यान | २७०००/- | |
| २४ | हलुका सवारी चालक | २८०००/- | |
| २५ | एम्बुलेन्स चालक | २८०००/- | |
| २६ | जे.सि.बि. अपरेटर | ३००००/- | |
| २७ | पलम्बर | ४००००/- | वार्षिक |
| २८ | कार्यालय सहयोगी | २५०००/- | |
| २९ | बगैचे माली | १५०००/- | |
| ३० | शौचालय सरसफाईकर्ता | १५०००/- | |

**निर्णय नं. ६**

यस गाउँपालिकाको गाउँ सभाको गाउँ १७औं अधिवेशन पश्चात आयोजना तथा कार्यक्रमको आवश्यकता अनुसार रकमान्तर र श्रोतान्तर गरेका विषय अनुमोदन गर्नुका साथै वर्षान्तको समयमा भुक्तानी गर्न अपुग हुने शीर्षकमा प्रचलित कानूनको अधिनमा रही अन्य शीर्षकबाट रकमान्तर गर्न प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने निर्णय गरियो ।



टोप बहादुर बि.सी.
अध्यक्ष

**निर्णय नं. ७**

बालमैत्री स्थानीय शासन वडा घोषणा हुन बाँकी यस गाउँपालिकाको वार्ड नं १,२,४ र ७ सहित गाउँपालिकालाई नै आगामी आर्थिक वर्ष २०८३/८४ मा बालमैत्री स्थानीय शासन गाउँपालिका घोषणा गर्न आवश्यक प्रक्रिया पुरा गर्न गाउँ कार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ८**

यस गाउँपालिकालाई विपक्षी बनाई समय समयमा अदालत तथा अन्य निकायमा गाउँपालिकाको तर्फबाट बहस, पैरवी, लिखित जवाफ र प्रतिरक्षा गर्न कानूनी सल्लाहकार नियुक्त गर्न कार्यपालिकालाई अख्तियारी दिने निर्णय गरियो ।

**निर्णय नं. ९**

यस गाउँपालिकाको अनुरोधलाई स्वीकार गरी गाउँ सभाको १८औं अधिवेशनलाई विशेष सम्बोधन तथा शुभकामना व्यक्त गर्नु हुने कर्णाली प्रदेश प्रमुख श्री यज्ञराज जोशी र राष्ट्रिय सभा सदस्य माननीय श्री मिना रकाललाई आभार सहित धन्यवाद व्यक्त गर्ने निर्णय गरियो ।

टोप बहादुर बि.सी.
अध्यक्ष

गुराँस गाउँसभा

गाउँ सभाको १८औं अधिवेशन

बैठक संख्या नं. ३ | स्थानः गाउँपालिका भवन | मिति २०८३/०३/३१ गते

<u>प्रस्तावहरु:</u>

१. पूर्व निर्णयहरुको समीक्षा सम्बन्धमा।
२. विधेयक स्वीकृत सम्बन्धमा।
३. आर्थिक वर्ष २०८२।०८३ को आर्थिक ऐन, विनियोजन ऐन, बजेट वक्तव्य तथा वार्षिक विकास कार्यक्रमको स्वीकृत सम्बन्धमा।
४. महालेखा परीक्षकको प्रतिवेदनमा उल्लेख बेरुजुको विषयमा छलफल सम्बन्धमा।
५. करार कर्मचारीको म्याद थप सम्बन्धमा।
६. कार्यपालिकाको बैठकका निर्णयहरु अनुमोदन सम्बन्धमा।
७. भुक्तानी फरफारक सम्बन्धमा।
८. स्काभेटर तथा व्याक ह्वो लोडरले खपत गरेको ईन्धनको भुक्तानी अनुमोदन सम्बन्धमा।
९. पहिचान स्तम्भको निर्माण स्थल स्थानान्तरण सम्बन्धमा।
१०. आभार तथा धन्यवाद सम्बन्धमा।

टोप बहादुर बि.सी.
अध्यक्ष

गुराँस गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रानीमत्ता, कैलाली कर्णाली प्रदेश नेपाल २०७२

**निर्णय नं. १**

यस गुराँस गाउँपालिकाको गाउँ सभाको १८औं अधिवेशनको पहिलो दिन २०८३ असार २ र १० गतेका दिन भएका निर्णयहरुको बारेमा समीक्षा गरियो ।

**निर्णय नं. २**

गाउँ कार्यपालिकाको ६५औं बैठकले अनुमोदन गरी गाउँ सभाको १८औं अधिवेशनमा पेश गरेको तपसीलका विधेयकमा व्यापक छलफल भई प्राप्त सुझाव सहित स्वीकृत गर्ने निर्णय गरियो ।

१. प्रशासकीय कार्यविधि (नियमित गर्ने) विधेयक, २०८३

२. वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०८३

**निर्णय नं. ३**

यस गाउँपालिकाको आ. व. २०८३/८४ को बजेटसंगै स्वीकृतिका लागि गाउँपालिका उपाध्यक्ष श्री शिवा कुमारी खड्का मार्फत पेश हुन आएका कानूनले निर्दिष्ट गरेका तपसीलका कानूनी तथा नीतिगत मस्यौदाहरु सभाबाट प्राप्त सुझावहरु समावेश गरी स्वीकृत गर्ने निर्णय गरियो ।

(क) आर्थिक विधेयक, २०८३

(ख) विनियोजन विधेयक, २०८३

(ग) आर्थिक वर्ष २०८३/८४ को बजेट वक्तव्य

(घ) गत वर्षको राजश्व र व्ययको विवरण (२०८१/८२)

(ङ) चालु वर्षको संसोधित अनुमान (२०८२/८३)

(च) आगामी वर्षको कार्यक्रम र बजेट अनुमान (२०८३/८४)

उपरोक्त विषयहरुलाई सभाको स्वीकृति पश्चात गाउँपालिकाको वेवसाइटमा अपलोड गर्न प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने ।

**निर्णय नं. ४**

अर्थ तथा सार्वजनिक लेखा समितिको मिति २०८३ असार ५ गते बसेको बैठकको निर्णयानुसार **अनुसूची ५** बमोजिम पेश हुन आएको गुराँस गाउँपालिकाको आर्थिक वर्ष २०७४/७५ देखि २०८१/८२ सम्मका वर्षहरुमा महालेखा परीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षणका क्रममा औल्याइएका अनियमित शीर्षकको बेरुजुका सम्बन्धमा दफावार छलफल भई सुधारका लागि प्रतिवद्धता सहित बेरूजु सम्परीक्षणका लागि महालेखा परीक्षकको कार्यालय, बबरमहल, काठमाण्डौंलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

यस गाउँपालिका र अन्तर्गतका वडा तथा स्वास्थ्य सेवा केन्द्रहरुमा कार्यरत करारका कर्मचारीहरुको कार्यसम्पादन मूल्यांकनका आधारमा २०८३ श्रावण १ गते देखि २०८३ पौष मसान्तसम्मका लागि करार सम्झौता गर्न प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने निर्णय गरियो ।

**निर्णय नं. ६**

यस गाउँपालिकाको आ. व. २०८२/८३ मा बसेका गाउँ कार्यपालिकाका बैठक नं. ५१ देखि ६५ सम्मका निर्णयहरु अनुमोदन गर्नुका साथै गाउँपालिकाको हितमा गाउँपालिका अध्यक्षको निर्देशनबाट भए गरेका कामहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

टोप बहादुर बि.सी.
अध्यक्ष

**निर्णय नं. ७**

यस गाउँपालिकाको तपसील अनुसार रहको आर्थिक वर्ष २०८२/८३ को हालसम्मको भुक्तानी फरफारकलाई अनुमोदन गर्ने निर्णय गरियो ।

| सि. नं. | विवरण | विनियोजित रकम | खर्च रकम | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | चालु | ५३,०२,२३,००५।२० | ४४,४०,६४,२३५।०० | ८३.७५ | |
| २ | पूँजीगत | २०,३६,१६,३५०।०० | १३,२२,११,२६७।०० | ६४.९३ | |
| ३ | जम्मा | ७३,३८,३९,३५५।२० | ५७,६२,७५,५०२।०० | ७८.५३ | |

**निर्णय नं. ८**

यस आर्थिक वर्ष २०८२/८३ मा नयाँ सडकको ट्रयाक खोल्ने तथा जीर्ण सडकहरुको मर्मत एवं सरसफाईमा प्रयोग भएका व्याकहो लोडरले प्रयोग गरेको इन्धन वापतको खर्च अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

यस आर्थिक वर्षको वार्षिक स्वीकृत कार्यक्रम अनुसार गुराँसे बजारमा पहिचान स्तम्भ निर्माण कार्यक्रम रहेकोमा बजार क्षेत्रमा सार्वजनिक जग्गाको अभावमा गुराँस गाउँपालिका परिसरमा निर्माण गरेको कार्यलाई अनुमोदन गरियो ।

**निर्णय नं. १०**

यस गाउँपालिकाको अनुरोधलाई स्वीकार गरी गाउँ सभाको १८औं अधिवेशनलाई विशेष सम्बोधन तथा शुभकामना व्यक्त गर्नु हुने कर्णाली प्रदेश सरकारका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री श्री विनोद कुमार शाहलाई आभार सहित धन्यवाद व्यक्त गर्ने निर्णय गरियो । साथै कार्यालय परिसरमा ठेकी मदानी सहित ग्रामीण महिलाको पहिचान स्तम्भका कलाकार श्री केशव आचार्यलाई धन्यवाद दिने निर्णय गरियो ।

टोप बहादुर बि.सी.
अध्यक्ष

गुराँस गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रानीमत्ता, कैलाश
कर्णाली प्रदेश नेपाल
२०७३

## अनुसूची १

## गुराँस गाउँपालिकाको आर्थिक विधेयक, २०८३

गाउँपालिकाको वेवसाइटमा प्रकाशित छ।

## अनुसूची २

## गुराँस गाउँपालिकाको विनियोजन विधेयक, २०८३

गाउँपालिकाको वेवसाइटमा प्रकाशित छ।

## अनुसूची ३

## आर्थिक वर्ष २०८३/८४ को बजेट वक्तव्य

गाउँपालिकाको वेवसाइटमा प्रकाशित छ।

## अनुसूची ४

## आर्थिक वर्ष २०८३/८४ को वार्षिक विकास कार्यक्रम

गाउँपालिकाको वेवसाइटमा प्रकाशित छ।

टोप बहादुर बि.सी.
अध्यक्ष

## अनुसूची ५
## अर्थ तथा सार्वजनकि लेखा समितिको वेरुजुको लगतको विवरण

गाउँ कार्यपालिकाको कार्यालय
रानीमत्ता, दैलेख
कर्णाली प्रदेश नेपाल
२०७३

## आ.व. २०७४/७५ को महालेखापरीक्षकको प्रतिवेदनमा औल्याइएको अनियमित बेरुजु

### बेरुजु दफा नं. ३० बिरुवा माथिको दफावार छलफल

| प्रतिवेदनमा बेरुजुको दफा नं. | बेरुजु शीर्षक | महालेखा परीक्षकद्वारा औल्याइएको व्यहोरा | बेरुजु रकम | सुधारका लागि प्रतिबद्धता |
|---|---|---|---|---|
| ३० | बिरुवा खरिद | गाउँ सभाबाट पारित बजेटमा कर्मचारी पारिश्रमिक तथा सुविधामा शिर्षकमा विनियोजित बजेटलाई मिति २०७५ बैशाख २१ गतेको कार्यपालिकाको निर्णयानुसार कृषकहरुलाई आवश्यक बिरुवा उपलब्ध गराउनको लागि कृषि शाखाले बिरुवा खरिद गर्ने निर्णय भएको आधारमा बिरुवा खरिद गरि कार्यालयले गाउँ सभाबाट पारित कर्मचारी पारिश्रमिक सुविधामा व्यवस्था गरेको बजेट लाई कार्यपालिकाको निर्णयका आधारमा अन्यत्र खर्च गरेकोले कार्यक्रम परिवर्तन गरि गाउँपालिकाले खर्च गर्नु उपयुक्त नदेखिएको । | २८००००० | स्थानीय सरकार संचालन ऐन,२०७४ बमोजिम गाउँसभाबाट स्वीकृत बजेट लाई कार्यपालिकाबाट निर्णय गरी फरक शिर्षकमा खर्च गरिएको सम्बन्धि बेहोरा लाई आगामी दिनहरुमा गाउँसभाबाट स्वीकृत कार्यक्रम तथा बजेट शिर्षक बमोजिम खर्च लेखाङ्कन गरिनेछ । तथा कार्यपालिकाबाट बजेट विनियोजन/संशोधन गरिने छैन । |

### बेरुजु दफा नं. ५८.२ स्वास्थ्य शिविर पेश्की माथिको दफावार छलफल

| प्रतिवेदनमा बेरुजुको दफा नं. | बेरुजु शीर्षक | महालेखा परीक्षकद्वारा औल्याइएको व्यहोरा | बेरुजु रकम | सुधारका लागि प्रतिबद्धता |
|---|---|---|---|---|
| ५८.२. | स्वास्थ्य शिविर पेश्की | कार्यपालिकाबाट स्वास्थ्य शिविरका लागि बजेट छुटयाउनु पूर्व नै सो कार्यक्रमका लागि पेश्की दिएकोमा कार्यपालिकाको मिति २०७५/१/२२ को निर्णय नं. २ अनुसार ३ स्थानमा प्रति स्थान २ लाखका दरले खर्च गरी शिविर संचालन गरी रु. ६,००,०००।- खर्च गर्ने निर्णय भएको तर वास्तविक खर्च रु. १३,००,०००।- गरेकाले कार्यपालिकाको निर्णय भन्दा बढि खर्च गरेकोले अनियमित देखिएको । | ७००००० | कुनै पनि कार्यक्रम संचालन गर्नुपुर्व लागत अनुमान स्वीकृत तथा विनियोजन एकिन गरी कार्यक्रम संचालन-तथा बजेट खर्च गरिनेछ । तथा आगामी दिनहरुमा गाउँसभाबाट स्वीकृत कार्यक्रम तथा बजेट शिर्षक बमोजिम खर्च लेखाङ्कन गरिनेछ । तथा कार्यपालिकाबाट बजेट विनियोजन/संशोधन गरिने छैन । |

टोप बहादुर बिष्ट
अध्यक्ष

# आ.व. २०७५/७६ को महालेखापरीक्षकको प्रतिवेदनमा औंल्याइएको अनियमित बेरुजु

## बेरुजु दफा नं. ४३ कर्मचारी प्रोत्साहन भत्ता माथिको दफावार छलफल

| प्रतिवेदनमा बेरुजुको दफा नं. | बेरुजु शीर्षक | महालेखा परीक्षकद्वारा औंल्याइएको व्यहोरा | बेरुजु रकम | सुधारका लागि प्रतिबद्धता |
|---|---|---|---|---|
| ४३ | कर्मचारी प्रोत्साहन भत्ता :- | स्थानीय सरकार संचालन ऐन, २०७४ ले स्थानीय तहका कर्मचारीहरूको सेवा सुविधा सम्बन्धित स्थानीय तहको आन्तरिक आम्दानीलाई विश्लेषण गरि थप सुविधा दिन सकिने उल्लेख छ । गाउँ कार्यपालिकाको निर्णयले वित्तीय समानीकरण अनुदानबाट प्रमुख प्रशासकीय अधिकृतलाई मासिक रु. १२,०००।–,लेखापाललाई मासिक रु. ७,०००।– र जिन्सी शाखा प्रमुखलाई मासिक रु. ५,०००।– गरी जम्मा रु. २८८०००.०० प्रोत्साहन भत्ता खर्च लेखेको नियम सम्मत नदेखिएको । | २८८००० | स्थानिय सरकार संचालन ऐन,२०७४ र आर्थिक कार्यविधि तथा तथा वित्तिय उत्तरदायित्व ऐन,२०७६ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन,२०७४ को अधिनमा रहि वित्तिय समानिकरण अनुदान लाई चालु प्रकृतिका खर्च शिर्षकमा खर्च गरिने छैन । तथा यस्ता प्रकृतिका प्रोत्साहन भत्ता लगायतका सेवा सुविधा प्रदान गर्दा आन्तरिक आम्दानीलाइ समेत विश्लेषण गरी कानुन बमोजिम मात्र प्रदान गरिनेछ । तथा हाललाई भुक्तानी नगरिएको बेहोरा अनुरोध छ। |

## बेरुजु दफा नं. ४४ फिल्ड भत्ता माथिको दफावार छलफल

| प्रतिवेदनमा बेरुजुको दफा नं. | बेरुजु शीर्षक | महालेखा परीक्षकद्वारा औंल्याइएको व्यहोरा | बेरुजु रकम | सुधारका लागि प्रतिबद्धता |
|---|---|---|---|---|
| ४४ | फिल्ड भत्ता | निजामती कर्मचारीलाई तोकिएको तलब भत्ता र सुविधा बाहेक अन्य भत्ता भुक्तानी गर्न मिल्दैन । तर गाउँ कार्यपालिकाको निर्णयले वित्तीय समानीकरण अनुदानबाट ईन्जिनियरलाई रु. ९,०००।–, सब–ईन्जिनियरलाई रु. ८,०००।– र अ.स.ई. लाई रु. ७,०००।– मासिक दरले ७ जना प्राविधिकलाई वर्ष भर रु. ७,५६,०००।– भुक्तानी खर्च लेखेको नियम सम्मत नदेखिएको । | ७५६००० | कर्णाली प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन,२०८१ र नियमावली, २०८१ मा उल्लेखित सेवा, शर्त तथा सुविधा सम्बन्धी मापदण्ड बमोजिम सेवा सुविधा प्रदान गरिने छ । आर्थिक वर्ष २०८१/८२ देखि नै फिल्ड भत्ता वितरणमा रोक लगाइसकिएको छ । अब उप्रान्त देखि फिल्ड भत्ता भुक्तानी गरिने छैन । |

दीप बहादुर बि.सी.
अध्यक्ष

## आ.व. २०७६/७७ को महालेखापरीक्षकको प्रतिवेदनमा औंल्याइएको अनियमित बेरुजु

### बेरुजु दफा नं. २० स्वकीय सचिव र सल्लाहकार माथिको दफावार छलफल

| प्रतिवेदनमा बेरुजुको दफा नं. | बेरुजु शीर्षक | महालेखा परीक्षकद्वारा औंल्याइएको व्यहोरा | बेरुजु रकम | सुधारका लागि प्रतिबद्धता |
|---|---|---|---|---|
| २० | स्वकीय सचिव र सल्लाहकार | कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उपप्रमुखले स्वकीय सचिव तथा सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ति गर्न नहुने उल्लेख छ । तर गाउँपालिका उपाध्यक्षको कानुनी सल्लाहकारको रुपमा श्री उत्तमकुमार आचार्यलाई नियुक्त गरी वार्षिक एकमुष्ट रु. ९६,०००।– भुक्तानी भएको छ । कानुन विपरीत सल्लाहकार नियुक्त गरी भुक्तानी गरेकोले अनियमित रु. | ९६,००० | कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव तथा सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ति गर्न नहुने उल्लेख छ । सोही व्यवस्था बमोजिम हाल कानुन विपरित हुने गरी कुनै पनि सल्लाहाकार नियुक्ति गरिएको छैन तथा अब उप्रान्त कानूनमा उल्लेख गरे बाहेक नियुक्त गरिने पनि छैन । |

### बेरुजु दफा नं. २२ आर्थिक सहायता माथिको दफावार छलफल

| प्रतिवेदनमा बेरुजुको दफा नं. | बेरुजु शीर्षक | महालेखा परीक्षकद्वारा औंल्याइएको व्यहोरा | बेरुजु रकम | सुधारका लागि प्रतिबद्धता |
|---|---|---|---|---|
| २२ | आर्थिक सहायता | आर्थिक सहायता : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिँदैन । लेखापरीक्षणको क्रममा केही भौचरहरू परीक्षण गर्दा अध्यक्ष खेमराज ओलीको तोक आदेशमा निम्नानुसार मसलन्द तथा कार्यालय सामग्री शीर्षकबाट समेत निम्न व्यक्तिलाई आर्थिक सहायता प्रदान गरेकोले अनियमित भएको रु. | १५००० | गुर्रांस गाउँपालिकाको आर्थिक सहायता कार्यविधि,२०७४ को अधिनमा रही तथा गाउँपालिकाको आन्तरिक आम्दानी समेतका आधारमा कानुन बमोजिम मात्र सहायता वितरण गर्ने गरिएको तथा अब उप्रान्त स्वीकृत बजेट तथा कार्यक्रम बमोजिम कार्यपालिकाले उचित ठानेका निवेदनलाई मात्र कारवाही गरिनेछ। |

| क सं | गो.भौ. / मिति | व्यक्तिको नाम | सहायता रकम |
|---|---|---|---|
| १ | ४/२०७६/०६/१ | मौसम कुमार थापा मगर | १०००० |
| २ | | हस्तराज रेग्मी | ५००० |
| जम्मा | | | १५००० |

टोप बहादुर बि.सी.
अध्यक्ष

सम्पत्ति गाउँपालिकाको कार्यालय
दैलेख
कर्णाली प्रदेश नेपाल
२०७३

## आ.व. २०७७/७८ को महालेखापरीक्षकको प्रतिवेदनमा औंल्याइएको अनियमित बेरुजु

### बेरुजु दफा नं. १० अमानतबाट कार्य माथिको दफावार छलफल

| प्रतिवेदनमा बेरुजुको दफा नं. | बेरुजु शीर्षक | महालेखा परीक्षकद्वारा औंल्याइएको व्यहोरा | बेरुजु रकम | सुधारका लागि प्रतिबद्धता |
|---|---|---|---|---|
| १० | अमानतबाट कार्य | अमानतबाट कार्य : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९४ मा सार्वजनिक निकायले अमानतबाट कार्य गर्न एक तह माथिको अधिकारीको पूर्व स्वीकृति लिनु पर्ने तथा त्यस्तो काम एक लाख रुपैयाँ भन्दा बढी नहुने गरी गराउन सकिने उल्लेख छ । गाउँपालिकाले वडा नं. ७ को वडा कार्यालय मर्मत गर्न नरेन्द्र पाल पापालाई रु. २३९६०० भुक्तानी गरेको देखिन्छ । नियमावलीमा भएको व्यवस्था विपरित अमानतबाट कार्य गराई गरेको भुक्तानीलाई नियम सम्मत मान्न नसकिने रु... | २,३९,६०० | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९४ मा सार्वजनिक निकायले अमानतबाट कार्य गर्न एक तह माथिको अधिकारीको पूर्व स्वीकृति लिनु पर्ने तथा त्यस्तो काम एकलाख रुपैयाँमा नबढाई गराउन सकिने व्यवस्था बमोजिम यस्ता प्रकृतिका अमानत द्वारा गरिने काम अब उप्रान्त उपभोक्ता समिति तथा कामको प्रकृतिको आधारमा खरिद विधि छनोट गरी मात्र कार्य सम्पन्न गरिनेछ । |

### बेरुजु दफा नं. ६७ कानुनी सल्लाहकारको पारिश्रमिक माथिको दफावार छलफल

| प्रतिवेदनमा बेरुजुको दफा नं. | बेरुजु शीर्षक | महालेखा परीक्षकद्वारा औंल्याइएको व्यहोरा | बेरुजु रकम | सुधारका लागि प्रतिबद्धता |
|---|---|---|---|---|
| ६७ | कानुनी सल्लाहकारको पारिश्रमिक | स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ को अनुसूची-१ र २ मा भएको व्यवस्था र पदाधिकारी बाहेक अन्य व्यक्तिलाई शुल्क भुक्तानी गर्न नमिल्ने व्यवस्था छ । पालिकाले अधिवक्ता उत्तम प्रसाद आचार्यलाई मासिक रु. १२,०००/- का दरले ८ महिनाको जम्मा रु. ९६,०००/- (छयानब्बे हजार रुपैयाँ) भुक्तानी गरेको देखिन्छ । कानुनी सल्लाहकार राखी यसरी गरिएको भुक्तानी रकम नियमसम्मत मान्न सकिँदैन । | ९६,००० | कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव तथा सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ति गर्न नहुने उल्लेख छ । सोही व्यवस्था बमोजिम हाल कानुन विपरित हुने गरी कुनै पनि कानुनी सल्लाहाकार नियुक्ति गरिएको छैन तथा अब उप्रान्त नियुक्ति गरिने छैन । |

टोप बहादुर बिष्ट
अध्यक्ष

## आ.व. २०७८/७९ को महालेखापरीक्षकको प्रतिवेदनमा औल्याइएको अनियमित बेरुजु

### बेरुजु दफा नं. ३७ स्वास्थ्य वीमा माथिको दफावार छलफल

| प्रतिवेदनमा बेरुजुको दफा नं. | बेरुजु शीर्षक | महालेखा परीक्षकद्वारा औल्याइएको व्यहोरा | बेरुजु रकम | सुधारका लागि प्रतिबद्धता |
|---|---|---|---|---|
| ३७ | स्वास्थ्य वीमा | कार्यालयको जोखिमपुर्ण कामकाजको सिलसिलामा खटिएको कर्मचारीलाई सामुहिक दुर्घटना वीमा गर्नुपर्दछ । पालिकाले बिभिन्न कार्यदलमा आवद्ध कर्मचारीहरुको पारिवारिक स्वास्थ्य वीमाको लागि रु.३,५००।- दरले वडा सचिवको नाममा पेश्की भुक्तानी गरी कार्यदलका सदस्यको स्वास्थ्य वीमा गरेको नियमसम्मत नदेखिएको । | ५३२००० | कार्यालयको जोखिमपुर्ण कार्य गर्ने कर्मचारी वा कामदारहरुको पारिवारिक स्वास्थ्य वीमा नगरि कार्यदलका सदस्यहरुको स्वास्थ्य वीमाका गर्दा सामुहिक दुर्घटना वीमा गरिने छ। तथा अव उप्रान्त यस्ता प्रकृतिका कार्य संचालन गर्दा निर्णय गर्ने पदाधिकारीलाई समेत जिम्मेवार बनाई यस्ता प्रकृतिका अनियमितता लाई नियन्त्रण गरिनेछ । |

## आ.व. २०७९/८० को महालेखापरीक्षकको प्रतिवेदनमा औल्याइएको अनियमित बेरुजु

### बेरुजु दफा नं. ६९ कार्यदल परिवार वीमा माथिको दफावार छलफल

| प्रतिवेदनमा बेरुजुको दफा नं. | बेरुजु शीर्षक | महालेखा परीक्षकद्वारा औल्याइएको व्यहोरा | बेरुजु रकम | सुधारका लागि प्रतिबद्धता |
|---|---|---|---|---|
| ६९ | कार्यदल परिवार वीमा | कार्यालयको जोखिमपुर्ण कामकाजको सिलसिलामा खटिएको कर्मचारीलाई सामुहिक दुर्घटना वीमा गर्नुपर्दछ । पालिकाले बिभिन्न कार्यदलमा आवद्ध कर्मचारीहरुको पारिवारिक स्वास्थ्य वीमाको लागि रु.३,५००।- दरले वडा सचिवको नाममा पेश्की भुक्तानी गरी कार्यदलका सदस्यको स्वास्थ्य वीमा गरेको नियमसम्मत नदेखिएको । | ४४४५०० | कार्यालयको जोखिमपुर्ण कार्य गर्ने कर्मचारी वा कामदारहरुको पारिवारिक स्वास्थ्य वीमा नगरि कार्यदलका सदस्यहरुको स्वास्थ्य वीमाका गर्दा सामुहिक दुर्घटना वीमा गरिने छ। तथा अव उप्रान्त यस्ता प्रकृतिका कार्य संचालन गर्दा निर्णय गर्ने पदाधिकारीलाई समेत जिम्मेवार बनाई यस्ता प्रकृतिका अनियमितता लाई नियन्त्रण गरिनेछ । |

...प बहादुर बि.सी.
अध्यक्ष

## आ.व. २०८१/८२ को महालेखापरीक्षकको प्रतिवेदनमा औंल्याइएको अनियमित बेरुजु

### बेरुजु दफा नं. ६०.४ न्युन दरमा राजस्व असुली माथिको दफावार छलफल

| प्रतिवेदनमा बेरुजुको दफा नं. | बेरुजु शीर्षक | महालेखा परीक्षकद्वारा औंल्याइएको व्यहोरा | बेरुजु रकम | सुधारका लागि प्रतिबद्धता |
|---|---|---|---|---|
| ६०.४ | न्यून दरमा राजस्व असुली | पालिकाको आर्थिक ऐन, २०८१ बमोजिम नदिजन्य पदार्थको विक्री शुल्क प्रतिघनमिटर रु १०० निर्धारण गरी अमानतबाट यो वर्ष रु.४,६५,४०० असुल गरी बैङ्क दाखिला भएको देखिन्छ। प्रदेश सरकारले निर्धारण गरेको प्रतिघनफीट रु. ५ का दरले प्रतिघनमिटर रु २००(मुअकर समेत) असुल गर्नुपर्नेमा पालिकाले प्रतिटिक्टर रु ५०० दर कायम गरी राजस्व असुल गरेको देखिन्छ । यसरी अमानतबाट असुल गरेको राजस्वमा मुल्य अभिवृद्धि कर थप गरी असुल गर्नुपर्नेमा मुल्य अभिवृद्धि कर रकम थप बेगर राजस्व असुल गरेकोलेले रु६०,५०२ राजस्व न्युन असुल भएको देखिन्छ । यसरी प्रदेश सरकारले तोकेको दर र सोमा मुकर समेत थप गरी राजस्व सङ्कलन गर्नुपर्नेमा न्युन राजस्व कायम गरी न्यून असुल गरेको रु.६०,५०२ नियम सम्मत नदेखिएको रु. | ६०५०२ | पालिकाको आर्थिक ऐन, २०८३ बमोजिम नदीजन्य पदार्थको विक्री शुल्क प्रदेश सरकारले निर्धारण गरेको प्रतिघनफीट रु. ५ का दरले प्रतिघनमिटर रु २०० (मुअकर समेत) निर्धारण गरी राजस्वको दर कायम गरिएको तथा सोही ऐन बमोजिम राजस्व असुली गर्ने गरिएको । |

### बेरुजु दफा नं. ६०.४ डेकोरेसन खर्च माथिको दफावार छलफल

| प्रतिवेदनमा बेरुजुको दफा नं. | बेरुजु शीर्षक | महालेखा परीक्षकद्वारा औंल्याइएको व्यहोरा | बेरुजु रकम | सुधारका लागि प्रतिबद्धता |
|---|---|---|---|---|
| ९२.२ | डेकोरेसन खर्च | एम्बुलेन्स खरिदको लागि महोत्सव संचालन समितिका अध्यक्ष र पालिका बीच २०८१।२।२० मा भएको सम्झौतामा एम्बुलेन्स खरिद पश्चात आवश्यक स्वास्थ्य उपकरण, जि.पि.एस.साइरन लगायतका स्वास्थ्य मन्त्रालयको मापदण्ड बमोजिमका सामाग्रि तथा डेकोरेसनको कुल लागत दुवै पक्षले ५०/५० प्रतिशत व्यहोर्ने उल्लेख छ । तर पालिकाले एम्बुलेन्सको पार्टसन तथा डेकोरेसनको लागि भएको खर्चको विल अनुसार स्टाइल कार सेन्टरलाई रु. ४,०२,०७०।- भुक्तानी गरेको छ । सम्झौता अनुसार दुवै पक्षले ५०/५० प्रतिशत भुक्तानी गर्नुपर्नेमा सबै रकम पालिकाबाट भुक्तानी दिएको देखिन्छ । सम्झौतामा उल्लेख भएबमोजिम पालिकाले कुल खर्च रु. ४,०२,०७०।- मध्ये ५० प्रतिशतले हुने रु.२,०१,०३५।- मात्र व्यहोर्नुपर्नेमा सबै रकम व्यहोरेको रु. २,०१,०३५।- नियमसम्मत नदेखिएको रु. | २०१०३५ | एम्बुलेन्स खरिदका लागि महोत्सव संचालन गरी सहायता रकम उठाई गाउँपालिका र महोत्सव संचालन समिति बीच भएको सम्झौता बमोजिम कुल लागतको ५०/५० प्रतिशत व्यहोर्नें उल्लेख भए बमोजिम साझेदारीको हिस्सा रकम सो महोत्सव सञ्चालन समिति दर्तावाल स्थायी समिति नभई पटके समिति रहेको र आर्थिक आम्दानीको दीगो आधार नदेखिएको एवं सो एम्बुलेन्सको सेवा क्षेत्र यस गाउँपालिका रहेको र अधिकतम रुपमा पालिकावासीले सेवा प्राप्त गरेको देखिदा गाउँपालिकाले नै दायित्व बोध गरी खर्च गरेको साथसाथै गाउँपालिकाको PAMS मा समेत सम्पत्ति जनाइएको बेहोरा निवेदन छ। |

टोप बहादुर बि.सी.
अध्यक्ष

## बेरुजु दफा नं. ६१ क्याम्पसलाई अनुदान माथिको दफावार छलफल

| प्रतिवेदनमा बेरुजुको दफा नं. | बेरुजु शीर्षक | महालेखा परीक्षकद्वारा औल्याइएको व्यहोरा | बेरुजु रकम | सुधारका लागि प्रतिबद्धता |
|---|---|---|---|---|
| ६१ | क्याम्पसलाई अनुदान | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११(ज) मा आधारभुत तथा माध्यमिक शिक्षा स्थानीय तहको अधिकार हुने उल्लेख छ। साथै नेपालको संविधान २०७२ को अनुसूची ६ मा उच्च शिक्षा सम्बन्धि अधिकार प्रदेश सरकारको हुने उल्लेख छ । पालिकाले कार्यपालिकाको निर्णय बमोजिम पालिका तथा गुँरास बहुमुखी क्याम्पस संचालन तथा व्यवस्थापनका लागि वित्तिय समानीकरण अनुदान शिर्षकबाट सम्झौता गरी रु.१५,००,००० अनुदान भुक्तानी गरेको देखियो। यसरी सम्झौमा पालिकाले उपलब्ध गराएको अनुदान अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २८ र २९ को प्रतिवन्धात्मक वाक्यांस उल्लघंन नहुने गरी खर्च गर्ने, अनुदानको लेखा र लेखापरिक्षण लगायतका कार्य गरी सोको विवरण पालिकामा पेश गर्नुपर्ने लगायतका शर्तहरु उल्लेख गरेको देखिन्छ। यसरी पालिकाले राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले जारी गरेको मार्गदर्शनमा संघीय विभाज्य कोषबाट स्थानीय तहमा प्राप्त हुने वित्तीय समानीकरण रकमको उपयोग गर्दा सो रकमबाट बजेट विनियोजन गरी अन्य प्रशासनिक एवं सञ्चालन आदिमा खर्च गर्न नपाईने व्यवस्था विपरीत तथा सवैधानिक अधिकार क्षेत्र भन्दा फरक क्षेत्रमा पालिकालाई विकास निर्माणकार्यका लागि प्राप्त भएको बजेट पुन अन्य निकायलाई अनुदान प्रदान गरेको रु.१५,००,००० नियम सम्मत नदेखिएको रु. | १५००००० | अब उप्रान्त पालिकाले राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले जारी गरेको मार्गदर्शनमा संघीय विभाज्य कोषबाट स्थानीय तहमा प्राप्त हुने वित्तीय समानीकरण रकमको उपयोग गर्दा सो रकमबाट बजेट विनियोजन गरी अन्य प्रशासनिक एवं सञ्चालन आदिमा खर्च गर्न नपाईने व्यवस्था विपरीत तथा सवैधानिक अधिकार क्षेत्र भन्दा फरक क्षेत्रमा पालिकालाई विकास निर्माणकार्यका लागि प्राप्त भएको बजेट पुन अन्य निकायलाई अनुदान वितरण प्रदान गरिने छैन । |

टोप बहादुर बि.सी.
अध्यक्ष

## बेरुजु दफा नं. ६३.५ पन्ध्र शैय्या अस्पताल निर्माण माथिको दफावार छलफल

| प्रतिवेदनमा बेरुजुको दफा नं. | बेरुजु शीर्षक | महालेखा परीक्षकद्वारा औंल्याइएको व्यहोरा | बेरुजु रकम | सुधारका लागि प्रतिबद्धता |
|---|---|---|---|---|
| ६३.५ | पन्ध्र शैय्या अस्पताल निर्माण | भेरिएसनमा थप व्ययभार : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई भेरिएसन आदेश जारी गर्नसक्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा भेरिएसन जारी गर्दा प्राविधिक पुष्ट्याइ समेत पेस गर्नुपर्ने व्यवस्था छ। पालिकाले अस्पताल भवन निर्माण गर्ने कार्यका लागि सम्झौता गरे पश्चात विगत वर्षमा निर्माणाधीन अस्पताल स्थलमा पहिरो गई निर्माण स्थललाई सुरक्षित गर्न स्टोन रिटेनिङ वालको थप कार्य गर्न नमूना छनौटका आधारमा परीक्षण गर्दा बिओक्युमा समावेश नभएको नयाँ आइटममा मात्र रु.१,४०,४२,८२५।७५ (मुअकर बाहेक) थप भएको देखिन्छ। पालिकाले उक्त भेरिएसन गर्दा पूर्वानुमान गर्न सकिने आइटम शुरु बिओक्युमा समावेश नगरेको, बिस्तृत परियोजना प्रतिवेदन समेत स्थलगत अवस्थाको विश्लेषण बेगर तयार गरी ठेक्का व्यवस्थापन गर्दा हाल निर्माण कार्यको स्ट्रक्चरनै घटाई रिटेनिङ वाल लगायतका आइटम थप गरेको तथा निर्माण कार्यको पार्टिसन वालमा ब्रिक मेशीनरी वाल रहेको देखिएको र हाल आएर निर्माण व्यवसायीले न्युन कबोल गरेको आइटम घट गरी आलुमिनियम पार्टिसनको कार्य थप गरेको मनासिव मनासिव देखिंदैन ।निर्माण स्थको स्थलगत अवलोकन गर्दा हाल उक्त भवनको पछाडि लगाएको वालले समेत उक्त स्थानको दिर्घकालिन संरक्षण गर्न सक्ने अवस्था समेत देखिंदैन। पालिकाले निर्माण कार्यको पूर्वतयारी; पर्याप्त अध्ययन विश्लेषण नगरेको कारण लागत वृद्धि भएको देखिएकाले बिस्तृत परियोजना प्रतिवेदन तयार गर्ने परामर्शदातालाई समेत थप जिम्मेवार बनाउनुपर्ने देखिन्छ। पालिकाले यो वर्ष अस्पताल भवन निर्माण कार्यको दोस्रो भेरिएसन स्विकृत गरेकोमा उक्त भेरिएसन गरेको आइटमको नमुना आइटम परीक्षण गर्दा अस्पताल भवनका लागि आवश्यक रहेको र निर्माण व्यवसायीले समेत न्यून कबोल गरेका देहाय बमोजिमका आइटमहरु घटाएको देखिन्छ। उल्लेखित ४ आइटममा मात्र पालिकालाई लागत अनुमान भन्दा रु. ८२,९१,३४६ थप व्ययभार पर्न जाने देखिन्छ। पालिकाले भेरिएसन स्विकृत गर्दा बोलपत्रदाताले न्युन दर कायम गरेका र अत्यावश्यक आइटम घटाई भेरिएसन गर्दा सोको प्राविधिक पुष्ट्याँई समेत पेश गरेको छैन। उल्लेखित भेरिएसनबाट पालिकालाई थप व्ययभार पर्न गएको रु.८२,९१,३४६।- नियमसम्मत नदेखिएको रु. | ८२९१३४६ | अब उप्रान्त यस्ता प्रकृतिका निर्माण कार्यमा भेरियसन आदेश जारी गर्दा सार्वजानिक खरिद ऐन र नियमावलीको अधिनमा रहि सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई प्राविधिक पुष्ट्याई समेतका आधारमा पुर्वानुमान गर्न सकिने आइटम शूरु बिओक्युमा समावेश गरी विस्तृत परियोजना प्रतिवेदन समेत स्थलगत अवस्थाको विश्लेषणका आधारमा मात्र भेरिएसन आदेश जारी गरी कार्यान्वयन गरिनेछ । |

टोप बहादुर बि.सी.
अध्यक्ष

## बेरुजु दफा नं. ८३ मू.अ.कर भुक्तानी माथिको दफावार छलफल

| प्रतिवेदनमा बेरुजुको दफा नं. | बेरुजु शीर्षक | महालेखा परीक्षकद्वारा औंल्याइएको व्यहोरा | बेरुजु रकम | सुधारका लागि प्रतिबद्धता |
|---|---|---|---|---|
| ८३ | मू.अ.कर भुक्तानी | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च लेख्न वा भुक्तानी दिन आवश्यक बिल भरपाइ र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। पालिकाले प्रशासकीय भवन निर्माण कार्यका निर्माण व्यवसायी जेसिका एण्ड अभियान कन्स्ट्रक्सन (६०६६४७४९६) लाई गो.भौ.नं. ३-०८०।६।१८ मा भुक्तानी दिदा कट्टा गरेको मूल्य अभिवृद्धि करको ३० प्रतिशत रकम रु. १,०८,७९२।- भुक्तानी दिदा कट्टा गरेता पनि कर कार्यालयको खातामा दाखिला नगरेको कारण निर्माण व्यवसायीले उक्त बिलको मू.अ.कर रकम समायोजन गरेको प्रमाण पेश गरी उक्त रकम भुक्तानी गरि दिन निवेदन दिएको आधारमा पालिकाबाट उक्त रकम भुक्तानी भएको छ । पालिकाले भुक्तानी दिदा कट्टा गरेको मु.अ.कर रकम खर्च लेखेता पनि कर कार्यालयमा दाखिला नगरेको भनि रु. १,०८,७९२।- भुक्तानी दिएकोमा उक्त कर रकम दाखिला नभई भुक्तानी दिन बाँकी दायित्वमा नदेखिएकोले उक्त भुक्तानी रकम नियमसम्मत नदेखिएको रु. | १०८७९२ | अब उप्रान्त पालिकाले मु.अ.कर रकम समयमै दाखिला गरिनेछ र भुक्तानी दिन बाँकी दायित्वलाई म.ले.प.फा.नं. २२१ प्रमाणित गरी भुक्तानी दिइनेछ तथा यस्ता प्रकृतिका मु.अ. कर भुक्तानी गरिने छैन । |

## बेरुजु दफा नं. १०५ सोधभर्ना माथिको दफावार छलफल

| प्रतिवेदनमा बेरुजुको दफा नं. | बेरुजु शीर्षक | महालेखा परीक्षकद्वारा औंल्याइएको व्यहोरा | बेरुजु रकम | सुधारका लागि प्रतिबद्धता |
|---|---|---|---|---|
| १०५ | सोधभर्ना | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा कुनै रकम भुक्तानी गर्दा रित पुगे नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । पालिकाले खर्चका बिल भरपाइ बमोजिम सम्बन्धित आपुर्तिकलाई भुक्तानी दिनु पर्नेमा कर्मचारीलाई सोधभर्ना भुक्तानी गरेको छ । यसरी सम्बन्धित आपुर्तिकर्तालाई भुक्तानी गर्नुपर्ने रकम कर्मचारीलाई सोधभर्ना दिएको नियमसम्मत नदेखिएको | ३८६४६७ | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा कुनै रकम भुक्तानी गर्दा संलग्न आवश्यक पर्ने बिल भरपाइ राखी सम्बन्धित आपूर्तिकर्ता वा व्यक्तिलाई मात्र भुक्तानी दिने गरिएको छ । अब उप्रान्त यस्ता प्रकृतिका सोधभर्ना भुक्तानी गरिने छैन । |

| गो.भौ.नं.।मिति | खर्च विवरण | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| ७३५।०८२।३।२१ | कार्यालय सामाग्री, ईन्धन, मर्मत र खाजा खर्च | वडा सचिव पुजा रिजाल | १६०००० |
| ९४०।०८२।३।२१ | कार्यालय सामाग्री, ईन्धन, मर्मत र खाजा खर्च | वडा सचिव झम्पन कुमार आचार्य | ९३०३० |
| ९८६।०८२।३।२३ | कार्यालय सामाग्री, ईन्धन, मर्मत र खाजा खर्च | वडा सचिव कर्ण बहादुर थापा | १३३४३७ |
| जम्मा | | | ३८६४६७ |

टोप बहादुर बि.सी.
अध्यक्ष

गाउँ कार्यपालिकाको कार्यालय (stamp)

## बेरुजु दफा नं. ९० अमानतबाट कार्य माथिको दफावार छलफल

| प्रतिवेदनमा बेरुजुको दफा नं. | बेरुजु शीर्षक | महालेखा परीक्षकद्वारा औंल्याइएको व्यहोरा | बेरुजु रकम | सुधारका लागि प्रतिबद्धता |
|---|---|---|---|---|
| ९० | अमानतबाट कार्य | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९४ मा सार्वजनिक निकायले अमानतबाट कार्य गर्न एक तह माथिको अधिकारीको पूर्व स्वीकृति लिनु पर्ने तथा त्यस्तो काम एकलाख रुपैयामा नबढाई गराउन सकिने उल्लेख छ । गाउँपालिकाले निम्नानुसारको कार्य अमानतबाट गराई रु ४,४१,३७५।– भुक्तानी गरेको छ । उपभोक्ताको योगदान सहित उपभोक्ता समितिबाट गरिने कार्यलाई सोझै व्यक्तिसँग सम्झौता गरी भुक्तानी गरेको रु ४४१३७५ नियम सम्मत मान्न नसकिने । | ४४१३७५ | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९४ मा सार्वजनिक निकायले अमानतबाट कार्य गर्न एक तह माथिको अधिकारीको पूर्व स्वीकृति लिनु पर्ने तथा त्यस्तो काम एकलाख रुपैयामा नबढाई गराउन सकिने व्यवस्था बमोजिम यस्ता प्रकृतिका अमानत द्वारा गरिने काम अब उप्रान्त उपभोक्ता समिति तथा कामको प्रकृतिको आधारमा खरिद विधि छनोट गरी कार्य सम्पन्न गरिनेछ । |

| क सं | गो.भौ.नं. | योजनाको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| १ | ३-२०७५/११/१ | दोबाटो ऐरी चिसापानी सडक | १४६२५० |
| २ | ६५-२०७५/११/५ | भिचुंला कगौरा सडक मर्मत | १४६२५० |
| ३ | ०-२०७५/११/० | वडा नं. ८ विपद सडक | १४८८७५ |
| जम्मा | | | ४४१३७५ |

## बेरुजु दफा नं. ९१ स्वास्थ्य स्वयं सेविका भत्ता माथिको दफावार छलफल

| प्रतिवेदनमा बेरुजुको दफा नं. | बेरुजु शीर्षक | महालेखा परीक्षकद्वारा औंल्याइएको व्यहोरा | बेरुजु रकम | सुधारका लागि प्रतिबद्धता |
|---|---|---|---|---|
| ९१ | स्वास्थ्य स्वयं सेविका भत्ता | गाउँपालिकाबाट विनियोजन गरिएको वित्तीय समानीकरण तर्फबाट महिला स्वास्थ्य स्वयं सेविकाहरूलाई रु. ३,७५,०००.०० भुक्तानी खर्च लेखेको देखिन्छ । वित्तीय समानीकरण पूँजीगतबाट महिला स्वास्थ्य सेविकालाई प्रोत्साहन भत्ता वापत खर्च लेख्न नमिल्ने देखिएको । | ३७५००० | स्थानीय सरकार संचालन ऐन,२०७४ र आर्थिक कार्यविधि तथा तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन,२०७४ को अधिनमा रही वित्तीय समानीकरण अनुदान लाई चालु प्रकृतिका खर्च शीर्षकमा खर्च गरिने छैन । |

टीप बहादुर बि.सी.
अध्यक्ष

## बेरुजु दफा नं. ९१ मूल्य अभिबृद्धि कर दर्ता माथिको दफावार छलफल

| प्रतिवेदनमा बेरुजुको दफा नं. | बेरुजु शीर्षक | महालेखा परीक्षकद्वारा औंल्याइएको व्यहोरा | बेरुजु रकम | सुधारका लागि प्रतिबद्धता |
|---|---|---|---|---|
| ९१ | मूल्य अभिबृद्धि कर दर्ता | सार्वजनिक खरिद नियमावलि, २०६४ को नियम १९ मा सार्वजनिक निकायले रु. २० हजार भन्दा बढीको खरिद गर्दा मूल्य अभिबृद्धि करमा दर्ता भएको व्यक्ति, फर्म वा कम्पनीबाट खरिद गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष गाउँपालिका परिसर भित्र बगैंचा निर्माण कार्यको लागि एग्रो बुट अर्गानिक फर्म एण्ड नर्सरीसंग कोटसनमार्फत सम्झौता गरी रु. ५,७६,३९९।- को कार्य सम्पन्न गराएको छ । बगैंचा निर्माण कार्य अन्तर्गत दुबो र बालुवा लगायतको सामाग्री खरिद गर्ने र पालिका परिसर भित्र उक्त दुबो रोपण तथा संभार गर्ने कार्य हुए रहेका छन। पालिकाले बगैंचा निर्माण कार्य मूल्य अभिबृद्धि करमा दर्ता भएको फर्मबाट गराउनुपर्नेमा मुल्य अभिबृद्धि करमा दर्ता नभएको फर्मसंग खरिद कार्य गरी भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु. | ५७६३९९ | सार्वजनिक खरिद नियमावलि, २०६४ को नियम १९ मा सार्वजनिक निकायले रु. २० हजार भन्दा बढीको खरिद गर्दा मूल्य अभिबृद्धि करमा दर्ता भएको व्यक्ति, फर्म वा कम्पनीबाट खरिद गर्दा अनिवार्य रुपमा मु.अ.कर मा दर्ता भएको फर्म/कम्पनी बाट कानुन बमोजिम खरिद कार्य सम्पन्न गरिनेछ । |

## बेरुजु दफा नं. ६२ प्रदेश विशेष अनुदान माथिको दफावार छलफल

| प्रतिवेदनमा बेरुजुको दफा नं. | बेरुजु शीर्षक | महालेखा परीक्षकद्वारा औंल्याइएको व्यहोरा | बेरुजु रकम | सुधारका लागि प्रतिबद्धता |
|---|---|---|---|---|
| ६२ | प्रदेश विशेष अनुदान | कर्णाली प्रदेश विशेष अनुदान कार्यविधि, २०८१ को दफा ११ मा स्थानीय तहले विशेष अनुदान रकम खर्च गर्दा जुन आयोजना वा कार्यक्रमको लागि अनुदान प्राप्त भएको हो सोही आयोजना वा कार्यक्रममा मात्र खर्च गर्नु पर्ने र विशेष अनुदान बापत प्राप्त रकम उपभोक्ता समिति मार्फत् खर्च गर्न नपाइने उल्लेख छ। पालिकाले यो वर्ष गुँराँस गाँउपालिका खानेपानी योजना(तल्लो डुङ्गेश्वर खानेपानी योजना, बेहुगाँउ लिफ्टीङ खानेपानी योजना, काढा मर्खे खानेपानी योजना) को लागि एकमुष्ठ रु ५० लाख बजेट विनियोजन भएकोमा कार्यविधिमा भएको व्यवस्था बमोजिम प्रतिस्पर्धात्मक ठेक्का प्रकृयाद्वारा बेहुगाँउ लिफ्टिङ खानेपानी योजनाको लागि रु.३२,८२,२१९ को लागत अनुमान गरी उपभोक्ता समिति मार्फत योजना कार्यान्वयन गरी निर्माण कार्यको कुल प्राविधिक मुल्याङ्कन रु.३१,३१,३०० गरी रु. २७,४६,६३८ भुक्तानी गरेको देखियो। कार्यविधिमा भएको व्यवस्था विपरीत उपभोक्ता समिति मार्फत योजना कार्यान्वयन गरी भुक्तानी गरेको नियम सम्मत नदेखिएको। | २७४६६३८ | कर्णाली प्रदेश विशेष अनुदान कार्यविधि, २०८१ को दफा ११ मा स्थानीय तहले विशेष अनुदान रकम खर्च गर्दा जुन आयोजना वा कार्यक्रमको लागि अनुदान प्राप्त भएको हो सोही आयोजना वा कार्यक्रममा मात्र खर्च गर्नु पर्ने र विशेष अनुदान बापत प्राप्त रकम खर्दा अब उप्रान्त कार्यविधिमा भएको व्यवस्था बमोजिम प्रतिस्पर्धात्मक ठेक्का प्रकृयाद्वारा मात्र कार्यक्रम कार्यान्वयन गरिनेछ । |

टोप बहादुर बि.सी.
अध्यक्ष

## बेरुजु दफा नं. ९२ आर्थिक सहायता माथिको दफावार छलफल

| प्रतिवेदनमा बेरुजुको दफा नं. | बेरुजु शीर्षक | महालेखा परीक्षकद्वारा औंल्याइएको व्यहोरा | बेरुजु रकम | सुधारका लागि प्रतिबद्धता |
|---|---|---|---|---|
| ९२ | आर्थिक सहायता | महालेखा नियन्त्रकको कार्यालयले जारी गरेको एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या निर्देशिका, २०६९ अनुसार आर्थिक सहायता बिग नपाउने व्यवस्था छ । गाउँपालिकाले यस वर्ष वित्तीय समानीकरण अनुदान पूँजीगतबाट निम्नानुसारको रु. १३,००,०००।– बराबरको रकम आर्थिक सहायता बापत खर्च गरेको नियमसम्मत देखिएन । यस्तो प्रकारको वितरणमुखी खर्चमा नियन्त्रण हुनुपर्ने देखिएको, रु. | १३००००० | एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या,२०७४, आर्थिक कार्यविधि तथा तथा वित्तिय उत्तरदायित्व ऐन,२०७६ को अधिनमा रहि वित्तिय समानिकरण अनुदान लाई चालु प्रकृतिका खर्च शिर्षकमा खर्च गरिने छैन ।तथा आर्थिक सहायता जस्ता वितरणमुखी कार्यक्रममा पालिकाबाट जारी कार्यविधि बमोजिम मात्र खर्च गर्ने गरिएको छ । |

## बेरुजु दफा नं. ९४ सवारी साधन खरिद माथिको दफावार छलफल

| प्रतिवेदनमा बेरुजुको दफा नं. | बेरुजु शीर्षक | महालेखा परीक्षकद्वारा औंल्याइएको व्यहोरा | बेरुजु रकम | सुधारका लागि प्रतिबद्धता |
|---|---|---|---|---|
| ९४ | सवारी साधन खरिद | अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पत्ती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाइने व्यवस्था छ । यस वर्ष कार्यालयले अर्थमन्त्रालयको स्वीकृति बेगर वितीय समानीकरण अनुदानको रकमबाट शिलबन्दी बोलपत्रको माध्यमबाट निम्नानुसारको सवारी साधन खरिद गरी रु. ५५,६५,०००।– भुक्तानी गरेको नियमसम्मत नदेखिएको, रु.<br>गो.भौ नं र मिति: ३३-२०७५/०८/१८; सवारी साधनको नाम: महेन्द्र स्कार्पियो; फर्मको नाम: अग्नि इन्करपोरेटेड काठमाडौं; भुक्तानी रकम: ५५६५००० | ५५६५००० | गाउँपालिकाले खरिद गरेको सवारी साधन स्कार्पियो वित्तिय समानिकरण अनुदानबाट शिलबन्दी बोलपत्रको माध्यमबाट खरिद गरिएको हो । अब उप्रान्त यस्ता प्रकृतिका सवारी साधन खरिद गर्दा संघीय मन्त्रालयको कानून र नीति बमोजिम स्वीकृति लिएर मात्र खरिद गरिनेछ । |

टोप बहादुर बि.सी.
अध्यक्ष

## आ.व. २०८०/८१ को महालेखापरीक्षकको प्रतिवेदनमा औंल्याइएको अनियमित बेरुजु

### बेरुजु दफा नं. ९२ फिल्ड भत्ता माथिको दफावार छलफल

| प्रतिवेदनमा बेरुजुको दफा नं. | बेरुजु शीर्षक | महालेखा परीक्षकद्वारा औंल्याइएको व्यहोरा | बेरुजु रकम | सुधारका लागि प्रतिबद्धता |
|---|---|---|---|---|
| ९२ | फिल्ड भत्ता | स्थानीय तहमा स्थानीय सेवाको गठन, संचालन, सेवा, शर्त तथा सुविधा सम्बन्धी मापदण्ड संघीय कानुन वा प्रदेश कानून बमोजिम हुने व्यवस्था छ । पालिकालेले प्राविधिक कर्मचारीको फिल्डभत्ता सम्बन्धी कार्यविधि तयार नगरी यस वर्ष रु. १२,१२,०००।० भुक्तानी गरेको अनियमित देखिएको । | १२१२६०० | कर्णाली प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन,२०८१ र नियमावली, २०८१ मा उल्लेखित सेवा, शर्त तथा सुविधा सम्बन्धी मापदण्ड बमोजिम सेवा सुविधा प्रदान गरिने छ । आर्थिक वर्ष २०८१/८२ देखि नै फिल्ड भत्ता वितरणमा रोक लगाइसकिएको छ । अब उप्रान्त देखि फिल्ड भत्ता भुक्तानी गरिने छैन । |

### बेरुजु दफा नं. ९६ सहभागी भत्ता माथिको दफावार छलफल

| प्रतिवेदनमा बेरुजुको दफा नं. | बेरुजु शीर्षक | महालेखा परीक्षकद्वारा औंल्याइएको व्यहोरा | बेरुजु रकम | सुधारका लागि प्रतिबद्धता |
|---|---|---|---|---|
| ९६ | सहभागी भत्ता | भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ मा पन्ध्र किलोमिटर भित्र भ्रमण वा काजमा रहँदा दैनिक भत्ता नपाउने व्यवस्था छ भने आफ्नै कार्यालयमा सञ्चालन भएको तालिम कार्यक्रममा सोही कार्यालयका पदाधिकारी/कर्मचारीलाई यातायात खर्च एवं सहभागी भत्ता दिन मिल्ने कानुनी आधार छैन । तर सिता कुमारी मल्ललाई विभिन्न समीक्षा कार्यक्रम संचालन गरेवापत भुक्तानी दिएकोमा आफ्नै कार्यालयमा कार्यक्रम सञ्चालन भएको अवस्थामासमेत पदाधिकारी/कर्मचारीलाई यातायात खर्च एवं सहभागी भत्ता रु.१४९५०० भुक्तानी गरेको अनियमित भएको । | १४९५०० | भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ मा पन्ध्र किलोमिटर भित्र भ्रमण वा काजमा रहँदा दैनिक भत्ता नपाउने व्यवस्था र अन्य प्रचलित कानून बमोजिम मात्रै दैनिक भत्ता रकम भुक्तानी गरिने छ। |

[signature]
?ष बहादुर बि.सी.
अध्यक्ष

## बेरुजु दफा नं. ९४ फरक शिर्षकबाट खर्च माथिको दफावार छलफल

| प्रतिवेदनमा बेरुजुको दफा नं. | बेरुजु शीर्षक | महालेखा परीक्षकद्वारा औंल्याइएको व्यहोरा | बेरुजु रकम | सुधारका लागि प्रतिबद्धता |
|---|---|---|---|---|
| ९४ | फरक शिर्षकबाट खर्च | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८(२)(क) मा स्वीकृत बजेट तथा कार्यक्रम र सम्बन्धित खर्च शिर्षकमा परेको र खर्च गर्न बाँकी रहेको छ भने त्यस्तो खर्च गर्न सकिने व्यवस्था रहेको छ।पालिकाले यो वर्ष निम्न शिर्षकबाट खर्च लेख्नुपर्ने रकम फरक शिर्षक तथा कार्यकमबाट खर्च लेखेको देखिएकोले उक्त खर्च नियमसम्मत नदेखिएको रु. | ८४८०५९ | स्वीकृत बजेट तथा कार्यक्रम र सम्बन्धित खर्च शिर्षकमा परे वा नपरेको एकिन गरी मात्र खर्च लेखाङ्कन गर्ने तथा अब उप्रान्त एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ बमोजिम बजेट तथा कार्यक्रम छुटयाई सोही बजेट शीर्षकबाट खर्च गरिने छ । |

| गो.भौ.नं.र मिति | भुक्तानी पाउने | खर्च हुनुपर्ने शिर्षक | खर्च भएको शिर्षक | रकम |
|---|---|---|---|---|
| ६७३।०८२।२।८ | गाडीधनी दिपेन्द्र कार्की | गाडी भाडा | गुरास लगानी सम्मेलन | ८३५०० |
| ६८०।०८२।२।८ | उमा आयल स्टोर | ईन्धन खर्च | विविध खर्च | ५६९९२ |
| ८४६।०८२।३।१७ | चक्र बहादुर शाही (पुनेस गुरौस गेष्ट हाउस) | विविध खर्च | प्रकोप व्यवस्थापन | ५००७७ |
| ८५४।०८२।३।१८ | सिद्धार्थ अटो पार्टस सप्लायर्स | सवारी मर्मत | पशुपन्छी विकास कार्यक्रम | १४४९० |
| १०२२।०८२।३।२४ | एम्फासिस टेक फाउण्डेन प्रा.लि. | सफ्टवेयर खरिद | कर्मचारी क्षमता विकास तालिम | २६४००० |
| १०२४।०८२।३।२४ | एम्फासिस टेक फाउण्डेन प्रा.लि. | सफ्टवेयर खरिद | गुरौंस ईन्टरनेट सेवा | १३१००० |
| १०५९।०८२।३।२५ | सदाबहार कृषि तथा पशपंछी फर्म | कृषि अनुदान | गुरौंस शैक्षिक कार्यक्रम | ४८००० |
| ० | बागेश्वरी असल शासन | तालिम तथा कार्यक्रम | कर्मचारीको नियमित बैठक | ६३००० |
| १०९४।०८२।३।२५ | स्टार ईनोभेसन | तालिम तथा कार्यक्रम | कर्मचारीको नियमित बैठक | १३७००० |
| जम्मा | | | | ८४८०५९ |

टोप बहादुर बि.सी.
अध्यक्ष

## बेरुजु दफा नं. ९६ डोर हाजरी कर्मचारी माथिको [illegible] छलफल

| प्रतिवेदनमा बेरुजुको दफा नं. | बेरुजु शीर्षक | महालेखा परीक्षकद्वारा औल्याइएको व्यहोरा | बेरुजु रकम | सुधारका लागि प्रतिबद्धता |
|---|---|---|---|---|
| ९६ | डोर हाजरी कर्मचारी | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको चलानी नं ३०७९, पत्र संख्या २०७५।०७६, मिति २०७५।१०।०९ को परिपत्र अनुसार मासिक डोर र ज्यालादारीका कर्मचारीहरुलाई नियुक्ति गर्न नमिल्ने गरी परिपत्र गरिएको छ।साथै, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ को उपदफा ६ मा सेवा संचालनको लागि अस्थायी दरबन्दी सिर्जना गर्न सकिने छैन भन्ने उल्लेख छ।सोही दफाको उपदफा ८ मा गाउँपालिका तथा नगरपालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी ,प्लम्बर, ईलेक्ट्रिसियन, चौकीदार, माली, बगैंचे र सम्बन्धित पदमा स्थायी पदपूर्ति नगरी प्रतिस्पर्धाको सेवा करारबाट मात्र लिनुपर्ने व्यवस्था छ।त्यस्तै, अर्थमन्त्रालयको कार्य संचालन निर्देशिका,२०८१ अनुसार कार्यक्रम खर्च संकेतबाट खर्च गर्ने गरी करार वा ज्यालादारीमा कर्मचारी राख्न नपाउने व्यवस्था छ।पालिकाले देहायबमोजिमका ज्यादारी कर्मचारीलाई डोर हाजिरमा राखी वार्षिक रु.६४५४००।०० भुक्तानी गरेको छ।यसरी डोर हाजिरीमा कर्मचारी नियुक्त गरी भुक्तानी गरेकाले गाउँपालिकालाई थप भार पर्ने हुने भएकोले नियमसम्मत नदेखिएकोले. | ६४५४००, | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको चलानी नं ३०७९, पत्र संख्या २०७५।०७६, मिति २०७५।१०।०९ को परिपत्र अनुसार मासिक डोर र ज्यालादारीका कर्मचारीहरुलाई नियुक्ति गर्न नमिल्ने गरी परिपत्र गरिएको छ। तथा अर्थमन्त्रालयको कार्य संचालन निर्देशिका,२०८१ अनुसार कार्यक्रम खर्च संकेतबाट खर्च गर्ने गरी करार वा ज्यालादारीमा कर्मचारी राख्न नपाउने व्यवस्था बमोजिम यसरी डोर हाजिरमा ज्यालादारी कर्मचारी नियुक्ति गरिने छैन । |

| गो.भौ.नं।मिति | योजना/कार्यक्रम | विवरण | रकम |
|---|---|---|---|
| १२।०८१।६।१५ | यहा कार्यालयले कार्यालय सहयोगी नियुक्ति गरी ज्याला भुक्तानी। | करार संझौता बेगर ३ जना का.स.लाई ८ महिना र १ जनालाई १२ महिनाको मासिक रु.१५०००।००दरले डोरहाजिरीको ज्याला। | ५४०००० |
| २६५।०८१।११।५ | लोकेन्द्र जंग शाहीको संझौता बेगर | मंसिर देखि माघसम्म डोर हाजरी पेश गरी ज्याला | ५५२५० |
| ८३३।०८२।३।१६ | रण बहादुर रावलको संझौता बेगर | वैशाख देखि असारसम्मको डोर हाजिरी पेश गरी ज्याला | ५०१५० |
| जम्मा | | | ६४५४०० |

टोप बहादुर बि.सी.
अध्यक्ष

## बेरुजु दफा नं. ९९ इन्धन खर्च माथिको दफावार छलफल

| प्रतिवेदनमा बेरुजुको दफा नं. | बेरुजु शीर्षक | महालेखा परीक्षकद्वारा औंल्याइएको व्यहोरा | बेरुजु रकम | सुधारका लागि प्रतिबद्धता |
|---|---|---|---|---|
| ९९ | इन्धन खर्च | आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६-(३) मा खर्च गर्दा सोको बिल भरपाई तथा त्यसलाई पुष्टि गर्ने कागजातहरू संलग्न गरेर मात्र खर्च गर्नु पर्ने व्यवस्था छ । कार्यालयले नारायण आयल स्टोर्सबाट इन्धन खरिद गरी रु. २,९५,०००।— भुक्तानी गरेकोमा इन्धन खर्चको लगबुक पेश गरेको देखिँदैन । लगबुक पेश नगरी गरेको इन्धन खर्चलाई नियम सम्मत मान्न नसकिने । | २९५००० | आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६-(३) मा खर्च गर्दा सोको बिल भरपाई तथा त्यसलाई पुष्टि गर्ने कागजातहरू संलग्न गरेर मात्र खर्च गर्नु पर्दा अनिवार्य रुपमा बिल भरपाई, इन्धन खर्चको PAMS मार्फत लगबुक राखि भुक्तानी दिने गरिएको छ । र उप्रान्त इन्धन खर्च गर्दा अनिवार्य रुपमा इन्धन खर्चको पुष्टि हुने लगबुक संलग्न राखी मात्र भुक्तानी दिइनेछ । |

## बेरुजु दफा नं. १०१ अनुत्पादक खर्च माथिको दफावार छलफल

| प्रतिवेदनमा बेरुजुको दफा नं. | बेरुजु शीर्षक | महालेखा परीक्षकद्वारा औंल्याइएको व्यहोरा | बेरुजु रकम | सुधारका लागि प्रतिबद्धता |
|---|---|---|---|---|
| १०१ | अनुत्पादक खर्च | आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६-(४) मा कुनै रकमको भुक्तानी दिँदा रीत पुगे नपुगेको जाँच गर्नुपर्ने तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७८ बमोजिम मितव्ययिता पूर्वक खर्च गर्नुपर्ने उल्लेख छ । कार्यालयले देहाय बमोजिम अनुत्पादक र प्रतिफल नआउने शुभकामना विज्ञापनमा रु. १,७६,८५०।— खर्च गरेको देखिएकाले उक्त खर्च नियमसम्मत मान्न नसकिने । (तालिका तल) | १,७६,८५० | आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा कुनै रकमको भुक्तानी दिँदा रीत पुगे नपुगेको जाँच गर्नुपर्ने तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७८ बमोजिम मितव्ययितापूर्वक खर्च गर्नुपर्ने व्यवस्था बमोजिम खर्च गर्ने गरिएको तथा यस्ता प्रकृतिका अनुत्पादक तथा प्रतिफल नआउने शुभकामना विज्ञापन खर्चमा नियन्त्रण गरी सुधार गरिएको। |

| क सं | गो.भौ.नं. | व्यक्ति/ संस्थाको नाम | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| १ | ७–२०७५.०८.० | कर्णाली मिडिया सेन्टर नेपाल प्रा.लि. सुर्खेत | १०००० | शुभकामना |
| २ | ९–२०७५.०८.१ | प्रदेश पोष्ट साप्ताहिक | ५००० | दशैं शुभकामना |
| ३ | ९–२०७५.०८.१ | दुल्लु खबर डटकम | १५००० | दशैं, तिहार शुभकामना |
| ४ | २–२०७५.०८.१ | देव कुमारी बि.सिं. | २०००० | शुभकामना |
| ५ | ५–२०७५.०९.१ | वर्ण दृष्टि साप्ताहिक | ५०००० | शुभकामना |
| ६ | ६–२०७५.०९.१ | AV News Network प्रा.लि. त्रिपुरेश्वर | ९८५० | शुभकामना |
| ७ | ७–२०७५.०९.१ | रक्तिम यात्रा प्रधान कार्यालय, दैलेख | ५००० | शुभकामना |
| ८ | २–२०७५.०९.२ | रेडियो ध्रुवतारा सामुदायिक एफ.एन. दैलेख | ६२००० | दशैं, तिहार शुभकामना |
| जम्मा | | | १७६८५० | |

टोप बहादुर बि.सी.
अध्यक्ष

## बेरुजु दफा नं. १०१ नाफामूलक तथा अन्य संस्थालाई अनुदान माथिको दफावार छलफल

<table>
<tr><th>प्रतिवेदनमा बेरुजुको दफा नं.</th><th>बेरुजु शीर्षक</th><th>महालेखा परीक्षकद्वारा औंल्याइएको व्यहोरा</th><th>बेरुजु रकम</th><th>सुधारका लागि प्रतिबद्धता</th></tr>
<tr><td>१०१</td><td>नाफामूलक तथा अन्य संस्थालाई अनुदान</td><td>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालिन पूँजि निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ। उल्लेखित व्यवस्था अनुसार पालिकाले नाफा कमाउने तथा अन्य संस्थालाई अनुदान उपलब्ध गराउन मिल्ने देखिदैन। यो वर्ष देहायअनुसार का नाफामूलक तथा अन्य संस्थालाई कार्यालय व्यवस्थापन सहायतमा अनुदान दिएको नियमसम्मत नदेखिएको छ।
<table>
<tr><th>गो.भौ नं/मिति</th><th>भुक्तानी पाउने</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>१०१।०८१।७।२६</td><td>नवयुग कृषि सहकारी संस्था लि.</td><td>सुपथ मूल्य पसलको लागि सामान ढुवानी अनुदान</td><td>२३३९७९</td></tr>
<tr><td>१०१४।०८२।३।२४</td><td>नवयुग कृषि सहकारी संस्था लि.</td><td>सुपथ मूल्य पसलको लागि सामान ढुवानी अनुदान</td><td>२५१०००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>४८४९७९</td></tr>
</table></td><td>४८४९७९</td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पूँजी निर्माण हुने कार्यमा खर्च गरिने तथा नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराईने छैन।</td></tr>
</table>

## बेरुजु दफा नं. ९८.२ व्यवसायमुलक सामाग्री वितरण र तालिम माथिको दफावार छलफल

<table>
<tr><th>प्रतिवेदनमा बेरुजुको दफा नं.</th><th>बेरुजु शीर्षक</th><th>महालेखा परीक्षकद्वारा औंल्याइएको व्यहोरा</th><th>बेरुजु रकम</th><th>सुधारका लागि प्रतिबद्धता</th></tr>
<tr><td>९८.२</td><td>व्यवसायमुलक सामाग्री वितरण र तालिम</td><td>बाख्रा वितरणःआर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई र प्रमाण कागजात राखि लेखा राख्नु पर्ने व्यवस्था रहेको छ। पालिकाले बाख्रा खरिद बापत अधिवेशन् बहुउपदेश्यीय कृषि तथा पशुपंक्षी फर्मलाई रु.१४३९२५।०० भुक्तानी गरेको छ। पालिकाले १५ वटा बाख्रा गरी वितरणको भरपाई पेश गरेपनि बाख्रा खरिदको लागत अनुमान तयार नगरेको, ट्याकोट नलगाएको, छनौट प्रक्रिया नखुलेको,बाख्रा प्रजातिको उल्लेख नगरेको, बिमा नगराएको, स्वास्थ्य जाँचको प्रतिवेदन संलग्न नगरेको तथा वितरण गरिएको बाख्राको हेरचाह तथा नियमित अनुगमन समेत नदेखिएकोले कार्यक्रमको सान्दर्भिकता तथा यथार्थता सम्बन्धमा एकिन हुन नसकेकोले अनियमित देखिएको छ।</td><td>२५१०००</td><td>अब उप्रान्त यस्ता प्रकृतिका वितरकारी कार्यक्रम संचालन गर्दा कार्यक्रमको सान्दर्भिकता र यथार्तता एकिन गरी मात्र गर्ने तथा कार्यक्रम कार्यान्वयन गर्दा कानुन बमोजिम पुर्याउनु पर्ने रीत/प्रक्रिया पुर्याई अनुगमन समेत गरी सम्बन्धित शाखालाई जिम्मेवार बनाई कार्यक्रम सञ्चालन गरिनेछ।</td></tr>
</table>

टोप बहादुर बि.सी.
अध्यक्ष

## बेरुजु दफा नं. १०५ रीत पूर्वक खर्च माथिको दफावार छलफल

| प्रतिवेदनमा बेरुजुको दफा नं. | बेरुजु शीर्षक | महालेखा परीक्षकद्वारा औंल्याइएको व्यहोरा | बेरुजु रकम | सुधारका लागि प्रतिबद्धता |
|---|---|---|---|---|
| १०५ | रीत पूर्वक खर्च | आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६-(४) मा खर्च लेख्दा रीत पुगे नपुगेको जाँचिर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । गाउँपालिका र अन्तर्गतका योजना तथा कार्यक्रममा नपरेको सामुदायिक रेडियो प्रसारक संघको अधिवेशनको सिलसिलामा स्टे होटल भ्याली भ्यू प्रा.लि. सुर्खेतलाई मार्सी राइस डिनर २४० जनालाई प्रति व्यक्ति रु. ५००।– का दरले रु. १,३५,६००।– खर्च लेखेको अनियमित देखिएकाले रु. | १,३५,६०० | आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा कुनै रकमको भुक्तानी दिँदा रीत पुगे नपुगेको जाँच गर्नुपर्ने तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्वीकृत कार्यक्रम र विनियोजित बजेट परिधिमा रही कार्यक्रम कार्यान्वयन गरिनेछ । तथा अन्य उप्रान्त योजना तथा कार्यक्रममा नपरेका असम्बन्धित फर्म/पार्टीलाइ कुनै किसिमको भुक्तानी दिइने छैन । |

## बेरुजु दफा नं. १०६ अवलोकन प्रतिवेदन माथिको दफावार छलफल

| प्रतिवेदनमा बेरुजुको दफा नं. | बेरुजु शीर्षक | महालेखा परीक्षकद्वारा औंल्याइएको व्यहोरा | बेरुजु रकम | सुधारका लागि प्रतिबद्धता |
|---|---|---|---|---|
| १०६ | अवलोकन प्रतिवेदन | १०६. अवलोकन प्रतिवेदनः- ९७–२०७५.११.१९ वडा नं. २, ३, ५ र ७ का वडा अध्यक्ष तथा सदस्यहरू २०७५.११.२ देखि ९ गतेसम्म शैक्षिक अवलोकनका लागि कैलाली भ्रमण गरी रु. ८०,५००।– खर्च लेखेकोमा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम भ्रमणबाट फर्के पछि बिल भरपाई साथ अवलोकन प्रतिवेदन पेश नभएको साथै शिक्षक र विद्यार्थीबाट हुने अवलोकन कार्यक्रम पालिकाका पदाधिकारीबाट शैक्षिक अवलोकन भ्रमण गर्नु औचित्यपूर्ण नदेखिएकाले स्पष्ट पार्नुपर्ने । | ८०,५०० | भ्रमण खर्च नियमावली,२०६४ बमोजिम भ्रमण गर्दा भ्रमण अनुमति स्वीकृत गराई सम्बन्धितले मात्र भ्रमण गर्नुपर्ने तथा भ्रमण अवलोकन पश्चात भ्रमण प्रतिवेदन आवश्यक बिल भरपाइ र औचित्यता पुष्ट्याईका कागजात संलग्न राखी मात्र भ्रमण खर्च भुक्तानी गरिने छ । |

टोप बहादुर बि.सी.
अध्यक्ष

## बेरुजु दफा नं. ११२ वैदेशिक भ्रमण माथिको दफावार छलफल

| प्रतिवेदनमा बेरुजुको दफा नं. | बेरुजु शीर्षक | महालेखा परीक्षकद्वारा औल्याइएको व्यहोरा | बेरुजु रकम | सुधारका लागि प्रतिबद्धता |
|---|---|---|---|---|
| ११२ | वैदेशिक भ्रमण | संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय बाट जारी भएको स्थानीय तहका पदाधिकारी हरुको विदेश भ्रमण सम्बन्धि निर्देशिका २०७५ बमोजिम महानगर प्रमुख र जिल्ला समन्वय समिति प्रमुखको मनोनयन नेपाल सरकार तथा अन्य पदाधिकारीको हकमा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय बाट मनोनयन गरेर मात्र वैदेशिक भ्रमण गर्नुपर्ने उल्लेख छ। त्यस्तै,कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धि ऐन,२०७७ बमोजिम नेपाल सरकारको स्वीकृति बिना वैदेशिक भ्रमण गर्ने पदाधिकारीको हकमा यस अनुसूची बमोजिमको विदेश भ्रमण वापतको दैनिक भ्रमण भत्ता उपलब्ध हुने छैन। यो वर्ष जापानको नागासकी शहरमा २०२४ अगस्ट ३ देखी अगस्ट ९ सम्म आयोजना भएको ए र ११ बम विरुद्ध २०२४ को विश्व सम्मेलनमा सहभागि हुन अध्यक्ष श्री टोप बहादुर बि सी तथा उपाध्यक्ष सिवा कुमारी खड्का सहभागि भै हवाइ भाडा वापत कुल रु. ३,६२,००० एरिना ट्राभल्स एण्ड टुर्सलाई भुक्तानी गरेको देखिन्छ। स्थानीय तहका पदाधिकारीले वैदेशिक भ्रमण गर्दा मन्त्रालयबाट मनोनयन गरेको देखिएन। निर्देशिकामा भएको व्यवस्था विपरीत स्विकृत नलिई वैदेशिक भ्रमणमा गरेको खर्च निमय सम्मत नदेखिएको रु. | ३६२००० | संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जारी भएको स्थानीय तहका पदाधिकारी हरुको विदेश भ्रमण सम्बन्धि निर्देशिका, २०७५ मा भएको व्यवस्था बमोजिम स्थानीय तहका पदाधिकारीले वैदेशिक भ्रमण गर्दा मन्त्रालयबाट मनोनयन स्वीकृत गरी मात्र भ्रमण गरिनेछ। यस्ता प्रकारका भ्रमणलाई कार्यपालिकाबाट स्वीकृत गराई प्रकिया अगाडी बढाईनेछ। |

## बेरुजु दफा नं. १०० प्राविधिक कर्मचारी फिल्ड भत्ता माथिको दफावार छलफल

| प्रतिवेदनमा बेरुजुको दफा नं. | बेरुजु शीर्षक | महालेखा परीक्षकद्वारा औल्याइएको व्यहोरा | बेरुजु रकम | सुधारका लागि प्रतिबद्धता |
|---|---|---|---|---|
| १०० | प्राविधिक कर्मचारी फिल्ड भत्ता | स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ। बडागत दरबन्दीमा प्राविधिक कर्मचारी भएको, फिल्डको र कार्यालयको दुवै जिम्मेवारी भएको कर्मचारीलाई कार्य क्षेत्रमा खटिएवापत फिल्ड भत्ता दिन नमिल्ने देखिन्छ। गाँउपालिकाले यो वर्ष पालिकामा कार्यरत १० जना प्राविधिक कर्मचारीहरुलाई ३ महिना बराबरको फिल्ड भत्ता बापत रु.२४१०००।०० भुक्तानी गरेको देखिन्छ। पालिकाले प्राविधिक कर्मचारीको फिल्ड भत्ता सम्बन्धि कुनै पनि कार्यविधि तयार गरेको छैन। पालिका कार्यविधि तयार नगरी ईन्जिनियरलाई मासिक रु.१३०००।००, सब ईन्जिनियरलाई रु.१००००।०० र अ. सब ईन्जिनियरलाई रु.८०००।०० दरले फिल्ड भत्ता बितरण गरेको छ। फिल्ड भत्ता सम्बन्धित कानूनी आधार नरहेकोले पालिका थप व्ययभार रु.२४१०००।०० पारेकोले नियमसम्मत नदेखिएको रु. | २४१००० | कर्णाली प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन,२०८१ र नियमावली, २०८१ मा उल्लेखित सेवा, शर्त तथा सुविधा सम्बन्धी मापदण्ड बमोजिम सेवा सुविधा प्रदान गरिने छ । आर्थिक वर्ष २०८१/८२ को कार्तिक महिना देखि नै फिल्ड भत्ता वितरणमा रोक लगाइसकिएको छ । अब उप्रान्त देखि फिल्ड भत्ता भुक्तानी गरिने छैन । |

टोप बहादुर बि.सी.
अध्यक्ष